# जगदीश घिमिरेको उपन्यासकारिता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी

**निर्मला काफ्ले**

त्रिभुवन विश्वविद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

२०७०

जगदीश घिमिरेको उपन्यासकारिता निर्मला काफ्ले २०७०

## शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, एम.ए. दोस्रो वर्षकी छात्रा निर्मला काफ्लेले **जगदीश घिमिरेको उपन्यासकारिता** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँले निकै परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको समुचित मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०७०/०४/

.....................................
**उपप्रा.डा. दुर्गाबहादुर घर्ती**
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं
२०७०

त्रिभुवन विश्वविद्यालय
**नेपाली केन्द्रीय विभाग**
कीर्तिपुर, काठमाडौँ

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा निर्मला काफ्लेले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **जगदीश घिमिरेको उपन्यासकारिता** नामक शोध पत्र स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

**हस्ताक्षर**

१. **प्रा.डा. देवीप्रसाद गौतम** ..........................
विभागीय प्रमुख

२. **उपप्रा.डा. दुर्गाबहादुर घर्ती** ..........................
शोध निर्देशक

३. ...................... ..........................
बाह्य परिक्षक

मिति : २०७०/०४/

# कृतज्ञताज्ञापन

**जगदीश घिमिरेको उपन्यसकारिता** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो बर्षको दसौं पत्रको प्रयोजनका निम्ति आदरणीय गुरु उप.प्रा.डा. दुर्गाबहादुर घर्तीज्यूको निर्देशनमा तयार पारेकी हुँ । आफ्नो व्यस्त समयका बीचमा पनि शोधपत्र तयारीका सन्दर्भमा स्नेहपूर्ण निर्देशन एवम् ज्ञानबर्द्धक सल्लाह र सुझाव दिएर सहयोग गर्नु हुने श्रद्धेय गुरुप्रति म कृतज्ञ छु । प्रस्तुत शोध शीर्षकमा अध्ययन गर्न स्वीकृति प्रदान गरी शोध लेख्ने अवसर प्रदान गर्नु हुने विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम तथा नेपाली केन्द्रीय विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधपत्र तयारीका क्रममा सामग्री सङ्कलनमा सहयोग गर्ने त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय तथा कर्मचारी वर्गहरूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा आफ्नो प्रतिकुल स्वास्थ्यका बावजुद पनि अमूल्य समय, आवश्यक सल्लाह, सुझाव तथा आवश्यक सामग्री उपलब्ध गराएर महत्वपूर्ण सहयोग गर्नु हुने आदरणीय शोध नायक जगदीश घिमिरेज्यूप्रति कृतज्ञ छु ।

मेरो अध्ययनको यो क्षणसम्म सदैव प्रेम, प्रेरणा र हौसला तथा आर्थिक सेवा पुऱ्याउनु हुने मेरा बाबा आमाप्रति ऋणी छु । त्यसैगरी प्रस्तुत शोधपत्र तयार गर्न महत्वपूर्ण सहयोग गर्ने संदीप काफ्ले, पुनम पराजुली, मेनुका दाहाल, सम्झना भट्टराई र देवी आचार्यलाई विशेष धन्यवाद दिन्छु । यसै गरी अध्ययनका क्रममा प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्नु हुने सम्पूर्ण गुरुवर्ग र साथीहरूलाई धन्यवाद दिन्छु । यस शोध कार्यलाई छिटो, छरितो, शुद्ध एवम् स्पष्टताका साथ टङ्कण गरी सहयोग गर्नु हुने जनकबहादुर सामरीप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर समक्ष पेश गर्दछु ।

शैक्षिक सत्र : २०६७/०६९
मिति : २०७०

शोधार्थी

**निर्मला काफ्ले**
स्नातकोत्तर तह दोस्रो वर्ष
क्रमाङ्क : १७६
नेपाली केन्द्री विभाग
कीर्तिपुर, काठमाडौं ।

# विषय सूची


**परिच्छेद एक : शोध परिचय** **१-८**

१.१ विषय परिचय १

१.२ समस्या कथन २

१.३ शोधपत्रको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधको औचित्य र महत्त्व ७

१.६ शोधकार्यको सीमाङ्कन ७

१.७ शोधविधि ७

१.७.१ सामग्री सङ्कलन विधि ८

१.७.२ सामग्री विश्लेषण विधि ८

१.८ शोधको रूपरेखा ८

**परिच्छेद दुई : जगदीश घिमिरेको उपन्यासयात्रा** **९-२८**

२.१ विषय परिचय ९

२.२ जगदीश घिमिरेको सङ्क्षिप्त जीवनी ९

२.३ जगदीश घिमिरेका व्यक्तित्वका विविध पक्षहरू १२

२.३.१ साहित्येतर व्यक्तित्व १३

क) लेखक व्यक्तित्व १३

ख) राजनीतिक व्यक्तित्व १३

ग) पत्रकार व्यक्तित्व १४

घ) सामाजिक व्यक्तित्व १४

२.३.२ साहित्यिक व्यक्तित्व १६

क) कथाकार व्यक्तित्व १६

ख) कवि व्यक्तित्व १७

ग) उपन्यासकार व्यक्तित्व १८

घ) नाटककार व्यक्तित्व १९

ङ) निबन्धकार व्यक्तित्व १९
अ) संस्मरणकार व्यक्तित्व २०
आ) नियात्राकार व्यक्तित्व २०
च) अनुवादक व्यक्तित्व २१
२.४ जगदीश घिमिरेको उपन्यासको सिर्जन परम्परा २१
२.४.१ जगदीश घिमिरेको उपन्यास लेखनको चरण विभाजन २२
क) पूर्वार्ध चरण (२०२७–२०६८ सम्म) २३
ख) उर्त्तरार्ध चरण (वि.सं. २०६९–हालसम्म) २५
२.४.२ निष्कर्ष २७
**तेस्रो परिच्छेद : जगदीश घिमिरेका उपन्यासहरूको संरचनागत वैशिष्ट्य (२९-७२)**
३.१ विषय परिचय २९
३.२ कथानकको सैद्धान्तिक परिचय २९
३.२.१ लिलाम उपन्यासको कथानक ३२
३.२.२ साबिती उपन्यासमा कथानक ३६
३.२.३ सकस उपन्यासमा कथानक ४१
३.३ चरित्रचित्रणको सैद्धान्तिक परिचय ४८
३.३.१ लिलाम उपन्यासमा चरित्रचित्रण ५०
३.३.२ साबिती उपन्यासमा चरित्रचित्रण ५४
३.३.३ सकस उपन्यासमा चरित्र चित्रण ५७
३.४ परिवेशको सैद्धान्तिक परिचय ६२
३.४.१ लिलाम उपन्यासमा परिवेश ६४
३.४.२ साबिती उपन्यासमा परिवेश ६५
३.४.३ सकस उपन्यासमा परिवेश ६६
३.५ उद्देश्यको सैद्धान्तिक परिचय ६९
३.५.१ लिलाम उपन्यासमा उद्देश्य ७०
३.५.२ साबिती उपन्यासमा उद्देश्य ७०
३.५.३ सकस उपन्यासमा उद्देश्य ७१
३.६ निर्ष्कष ७२

**चौथो परिच्छेद : जगदीश घिमिरेका उपन्यासहरूको भाषाशैलीगत वैशिष्ट्य (७३-८३)**
४.१ विषय परिचय ७३
४.२ भाषाको सैद्धान्तिक परिचय ७३
४.२.१ लिलाम उपन्यासमा भाषा ७४
४.२.२ साबिती उपन्यासमा भाषा ७५
४.२.३ सकस उपन्यासमा भाषा ७६
४.३ शैलीको सैद्धान्तिक परिचय ७७
४.३.१ लिलाम उपन्यासमा शैली ७८
४.३.२ साबिती उपन्यासमा शैली ७९
४.३.३ सकस उपन्यासमा शैली ७९
४.४ दृष्टिबिन्दुको सैद्धान्तिक परिचय ८०
४.४.१ लिलाम उपन्यासमा दृष्टिबिन्दु ८१
४.४.२ साबिती उपन्यासमा दृष्टिबिन्दु ८२
४.४.३ सकस उपन्यासमा दृष्टिबिन्दु ८२
४.५ निर्ष्कष ८३
**पाँचौं परिच्छेद : प्रवृत्तिगत आधारमा जगदीश घिमिरेका उपन्यासको विश्लेषण ८४-९४**
५.१ विषय परिचय ८४
५.१.१ सामाजिक यथार्थवाद ८४
५.१.२ आलोचनात्मक यथार्थवाद ८५
५.१.३ विसङ्गतिवादी ८६
५.१.४ प्रयोगवैचित्र्यता ८७
५.१.५ ऐतिहासिकता ८८
५.१.६ राजनीतिक विकृतिको उद्घाटन ८८
५.१.७ यौनविकृतिको चित्रण ८९
५.१.८ कारुणिकताको चित्रण ९०
५.१.९ मानवतावादी प्रवृत्ति ९०
५.१.१० भाषिक विशिष्टता ९१
५.१.११ भय र त्रासको प्रस्तुति ९१
५.१.१२ व्यङ्ग्यात्मक शैलीको प्रस्तुति ९२

५.२ निष्कर्ष ९३
**छैटौँ परिच्छेद : शोधको निष्कर्ष** **९४-९८**
**सन्दर्भ सामग्री सूची** **९९-१०१**

परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

प्रस्तुत शोधको शोध विषय जगदीश घिमिरेको उपन्यासकारिता रहेको छ । यस शोध कार्यमा जगदीश घिमिरेको उपन्यासकारिताको परिचय दिन आवश्यक रहेको छ । जगदीश घिमिरे (वि.सं. २००२) नेपाली साहित्यका विविध विधामा कलम चलाउन सफल साहित्यकार हुन् । समसामयिक राजनीतिक घटनासँग सम्बद्ध घत लाग्दा लेखहरू पनि बेलाबेलामा प्रकाशनमा ल्याउने घिमिरे मूलतः उपन्यासकार हुन् ।

घिमिरेको साहित्यिक यात्रामा प्रवेश गरेको पहिलो रचना यही हो भनेर भन्न नसक्ने अवस्था रहे पनि यसका बारेमा घिमिरे स्वयम् २०२०/०२१ तिरको **आकाङ्क्षा** पत्रिकामा आफ्नो पहिलो रचना छापिएको तर त्यो कुन हो भन्ने बारेमा भने यकिन साथ भन्न सक्दिन भन्ने कुरा बताउँछन् । साहित्य यात्रामा लागेका घिमिरे कथा, उपन्यास, कविता, नाटक, समालोचना, यात्रा-निबन्ध वा संस्मरण र आत्मकथाका सर्जकका रूपमा देखिन्छन् । उनका **लिलाम** (उपन्यास-२०२७), **जगदीशका कथाहरू** (कथा संग्रह-२०२९), **साबिती** (उपन्यास-२०३२), **केही कथा, कविता र संस्मरण** (संयुक्त संग्रह-२०३४), **सन्तान** (नाटक-२०३४) **अन्तर्मनको यात्रा** (आत्मालाप-२०६४), **बर्दी** (रोज्जा कथाहरूको संग्रह-२०६६), **अग्निसूत्र** (रोज्जा कविताहरूको संग्रह-२०६६), **सकस** (उपन्यास-२०६९) प्रकाशित पुस्तककार कृतिहरू हुन् । विभिन्न पत्रपत्रिकामा पनि घिमिरेका फुटकर लेख रचनाहरू प्रकाशित देखिन्छन् ।

आफ्ना उपन्यासका माध्यमबाट घिमिरेले नेपाली समाजको कुरूप स्वरूपलाई नै पेचिलो ढङ्गबाट व्यङ्ग्य प्रहार गरेका छन् । विशेष गरेर यिनका उपन्यासमा सामाजिक शोषण र त्यसको विद्रोह, सामाजिक शोषणप्रतिको रुखो आक्रोश र समाजको राजनीतिक यथार्थ अनि त्यसले भित्र्याएको डर लाग्दो भयावहता कथानकका रूपमा आएको पाइन्छ ।

जगदीश घिमिरेका विभिन्न उपन्यासहरूको कृतिगत अध्ययन र चर्चा भए पनि समग्र उपन्यासकारिताको अध्ययन हुन बाँकी भएकाले यस शोध कार्यमा उनको समग्र उपन्यासकारिताको अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

प्रस्तुत शोधको समाधेय विषय नै जगदीश घिमिरेको उपन्यासकारिता रहेकाले उनको उपन्यासकारितालाई प्रकाशमा ल्याउन निम्न लिखित समस्याहरू निर्धारण गरिएको छ :

(क) जगदीश घिमिरेका उपन्यासहरूको संरचनागत वैशिष्टय के कस्तो छ ?

(ख) जगदीश घिमिरेका उपन्यासहरूको भाषाशैलीगत वैशिष्टय के कस्तो छ ?

(ग) प्रवृत्तिगत आधारमा जगदीश घिमिरेको उपन्यासकारिता के-कस्तो रहेको छन् ?

यिनै समस्याका आधारमा घिमिरेको समग्र उपन्यासकारिताको अध्ययन गरी निष्कर्षमा पुग्नु नै यस शोधको मूल समस्या रहेको छ ।

## १.३ शोधपत्रको उद्देश्य

घिमिरेको उपन्यासकारितालाई मूल समस्या मानि अध्ययन गरिने प्रस्तुत शोध कार्यमा उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) जगदीश घिमिरेका संरचनागत वैशिष्टयको अध्ययन गर्नु,

(ख) जगदीश घिमिरेका भाषाशैलीगत वैशिष्टयको अध्ययन गर्नु,

(ग) प्रवृत्तिगत आधारमा जगदीश घिमिरेको उपन्यासकारिताको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

जगदीश घिमिरेको उपन्याकारिता सम्बन्धी शोध कार्य नभएको भएपनि यसबारे विभिन्न विद्वानहरूले विभिन्न ढंगमा अध्ययन गरेको पाइन्छ । ती अध्ययनहरूको कालक्रमिक रूपमा संक्षेपमा समीक्षा तल प्रस्तत गरिएको छ :

आनन्ददेव भट्ट (२०६५) ले *साबिती* नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा साबिती उपन्यास चेतनाको प्रवाह शैलीमा लेखिएको रचना हो । यसमा गद्यदेखि पद्यसम्मको समिश्रण रहेको छ भनेर साबिती उपन्यासका वारेमा सामान्य परिचय दिएका छन् ।

इन्द्रबहादुर राई (२०६५) ले प्रस्तुत **लिलाम** उपन्यासका सन्दर्भमा घिमिरेले यथार्थको तिर्यक् आलोचना पर्याप्तताः हुँदाहुँदै पनि उपन्यासमा प्रधानतया ताटस्थिक यथार्थवाद नै ल्याएका छन् भनेर लिलामका बारेमा परिचयात्मक टिप्पणी गरेका छन् ।

खेम कोइराला (२०६५) ले *लिलाम* नामक लेखमा घिमिरेले **लिलाम** उपन्यासका माध्यमबाट हाम्रा ग्रामीण जनजीवनका सानातिना कुरा पनि बढी रोचक ढङ्गमा, बढी रोचक भाषामा भनेका छन् । जीवनका विविध पक्ष देखाइदिएका छन् । केही नारावादीले मन नपराउन वा तथाकथित अमूर्तवादी वा शैलीवादीहरूले मन नपराउन तर नेपालका एक करोड एक्काईस लाख जनसंख्याको चित्रण गर्दछ भनेका छन् । उनको यो लिलाम उपन्यासका बारेमा गरेको सर्वेक्षणात्मक टिप्पणीबाट **लिलाम** उपन्यासले कस्तो परिवेश समेटेको छ भन्ने कुरा बुझ्न सकिन्छ ।

गिरीराज आचार्य (२०६५) ले *केही पत्र लेखकलाई केहीपत्र सम्पादकलाई* नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा साबितीलाई आँखा, कान, नाक, मुख भएको मान्छे हो, जसले आजका विक्षुब्ध मानिसहरूको यथार्थ सत्य ओकल्छ भन्दै साबितीको संक्षिप्त परिचय दिएका छन् ।

गोविन्दराज भट्टराई (२०६५) *विषाक्त भोगाईको मूर्तरूप साबिती* नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा साबितीको नायक केवल आफ्नो अतीतलाई पृष्ठभूमिमा राखी वर्तमानलाई उदाङ्गो रूप दिन्छ । यसको निरन्तरको बर्बराहटमा अवचेतनको पीडा र कुण्ठा समेत निस्की आत्म स्वीकृति भएको छ । विश्वको न्यायालय समक्ष आफू शब्द शचयामा पल्टी आफ्नो पीडा र मर्मलाई नङ्ग्याएर न्यायको भिक्षा याचना गर्छ भन्ने आफ्नो वर्णनात्मक टिप्पणी व्यक्त गर्छन् ।

गोविन्द भट्टराई (२०६५) ले *अहिले मात्र थाहा भयो साबितीमा यस्तो दादावादी छाँया परेको थियो* नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा **साबिती** उपन्यासलाई यो एक गम्भीर दायित्वपूर्ण साँच्चै उत्कृष्ट नयाँ प्रयोग हो, जुन स्वागत योग्य छ । यसमा भएको कुण्ठा र निराशा आयातीत होइन वातावरणजन्य छ भन्दै साबितीका बारेमा परिचयात्मक टिप्पणी गरेका छन् ।

जगदीश घिमिरे (२०६५) ले *मेरो कुरा* नामक **लिलाम** उपन्यासमा प्रस्तुत टिप्पणीमा **लिलाम**मा नेपालको शोषण र ढोंगको बान्की दिन खोजेको हुँ भनेर तत्कालीन नेपालको यथास्थितिको चित्रण गरेका छन् ।

जगदीश घिमिरे (२०६५) ले *अराज्यवादको राज्य हुँदैन* नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा **साबिती** मेरो वैचारिक भद्र अवज्ञा, सत्याग्रह र शान्तिवादी अराज्यवाद हो भन्दै **साबिती** लेखनको उद्देश्य प्रस्तुत गरेका छन् ।

टी. आर. विश्वकर्मा (२०६५) ले **लिलाम** उपन्यास नामक लेखमा **लिलाम** उपन्यासमा एकातिर अन्याय, अत्याचार यथावत् छ र अर्कोतिर शोषित पीडित जनतामा आक्रोश पनि जाग्दै छ भन्ने तथ्यलाई लिएर सिर्जित छ भनेर लिलाम उपन्यासको सामान्य परिचय दिएका छन् ।

दौलतविक्रम विष्ट (२०६५) ले *साबिती* नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा उपन्यासले यो साबित गर्दछ कि मान्छे एउटा यस्तो शैतान हो, जसले कुनै ईश्वर फेला पार्न सक्दैन भनेर साबितीका बारेमा सामान्य परिचय दिएका छन् ।

धीरेश्वर (२०६५) ले *साबिती* नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा साबितीका बारेमा टिप्पणी गर्दा जगदीशको लेखनमा नेपाली माटोको सुरभिको साथै विश्वव्यापी मानवीय संवेदनाको पनि दर्शन हुन्छ भन्दै साबितीका बारेमा एकपक्षीय अध्ययन गरेका छन् ।

नारायण ढकाल (२०६५) ले *लिलाम इतिहास बोधको जीवन्त दस्तावेज* नामक लेखमा **लिलाम**ले मूलतः नेपाली समाजको जिउँदो अन्तर्विरोध र तस्बिरलाई विश्वसनीय ढङ्गले उतारेको छ उपन्यासकार जगदीशले नेपाली समाजको गतिशील यथार्थलाई युगबोधको अन्तदृष्टिले टिप्नु भएको छ भनेर लिलामका बारेमा सामान्य परिचय दिएका छन् ।

प्रमोद प्रधान (२०६५) ले **केही पत्र लेखकलाई केही पत्र सम्पादकलाई** नामक साबित्री उपन्यासमा प्रस्तुत लेखमा घिमिरे ज्यूले यस उपन्यासद्वारा सामाजिकताको बिम्ब मात्र उतारेको होइन, अरू पनि केही गर्न खोज्नु भएको छ । त्यो हो- कविता, अंश,

संवादहरू तथा कथाशं समावेश गरेर नौलो परिपाटीको सिर्जना । यसरी जगदीश घिमिरे ज्यूले पुराना परम्परामा सीमित हुने र रहन खोज्ने साहित्यकारलाई **साबिती**का माध्यमबाट गतिलो झापट प्रहार गर्दै नेपाली उपन्यासलाई आधुनिकतातिर ढकेल्नु भएको छ भनेर साबिती उपन्यासका बारेमा सर्वेक्षणात्मक अध्ययन गरेका छन् ।

पारिजात (२०६५) ले आवरण लेखमा **लिलाम** उपन्यासलाई जनताको सुख, दुःख बोध गराउने । भावुकता र रोमाञ्चले होइन गरीबीको बोधले ठाउँठाउँमा पाठकलाई पगालिदिने काम गरेको छ र आधुनिकताको वर्तमान परिभाषालाई अँगालेको छ भनेका छन् । उनको यो टिप्पणीले उपन्यासकार घिमिरे आधुनिक युगका समसामयिक उपन्यासकार हुन भन्न सहयोग पुग्छ ।

भवानी घिमिरे (२०६५) ले *साबिती र युगबोध* नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा **साबिती** उपन्यासमा शोषण, दोहन र दरिद्रता अनि चाकरी र चकचकीको अति सुन्दर प्रस्तुतिकरण भएको छ भनेर साबितीका बारेमा वर्णनात्मक अध्ययन प्रस्तुत गरेका छन् ।

भैरव अर्याल (२०६५) ले *साबिती* नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा साबितीलाई विसङ्गत जीवनको व्यङ्ग्यात्मक उद्घाटन हो, जुन एउटा नौलो रचनाकारिता जस्तो छ र त्यसमा कडा विद्रोह पनि छ भन्दै साबितीका बारेमा सामान्य परिचय दिएका छन् ।

मदनमणि दीक्षित (२०६५) ले *साबिती र युगबोधः एक परिचर्चा* नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा साबितीको शैलीलाई नेपाली साहित्यको पूर्ण नौलो प्रयोग भन्दै साबिती नेपाली साहित्यको **शिरीषको फूल** भन्दा पनि केही मानेमा माथिल्लो स्तरको रचना हो भनेर साबितीलाई प्रयोगवादी उपन्यासको स्तरमा राखेका छन् ।

यादव खरेल (२०६५) ले **साबिती** उपन्यासमा प्रस्तुत लेखमा साबितीबारे देखिएको आर्कषण र विकर्षण नै उपन्यासको सशक्तताको पहिलो प्रमाण हो भनेर साबितीको सामान्य परिचय दिएका छन् ।

रोचक घिमिरे (२०६५) ले *साबिती प्रकाशनको अनुद्घाटित कथा* नामक **साबिती** उपन्यासमा प्रस्तुत लेखमा जनताका नैसर्गिक अधिकार कुल्चदै निरङ्कुश सत्ता चलाइरहेको पञ्चायती क्रूरताको त्यस्तो कठिन परिवेशमा विद्रोहको मुस्लो ओकल्ने, नेपालको वास्तविक धरातल चिनेको, नेपालका दीनहीन सन्तानको मर्म बुझेको, अभिजात्य सामन्ती समाजको आडम्बर र सत्ताजनित विकृति विरूद्ध सशक्त शब्दवाण प्रहार गर्ने सामर्थ्य बोकेको घिमिरेको सशक्त कृति साबिती अत्याधिक चर्चित हुनु र बौद्धिक क्षेत्रमा हलचल ल्याउनुलाई नेपालको साहित्यिक इतिहासको उल्लेख्य ऐतिहासिक घटना नै मान्नु पर्छ भनेका छन् । उनको यो विचारले साबिती उपन्यासले नेपालको कुन परिवेशलाई समेटेको छ भन्ने कुरा सजिलैसँग बुझ्न सकिन्छ ।

विष्णुप्रसाद पौडेल (२०६८) ले **जगदीश घिमिरेका साहित्यिक रचनाहरूको अनुशीलन** नामक पुस्तकमा घिमिरेका उपन्यासहरू मूलतः नेपाली सामन्ती समाजको खराब संस्कार, शोषण र त्यसप्रतिको विद्रोहको चेष्टामा केन्द्रित रहेका छन् भनेका छन् । उनको यो टिप्पणीबाट पनि घिमिरे आलोचनात्मक यथार्थवादी, प्रयोगवादी, विसंगतिवादी उपन्यासकार हुन् भन्न सकिन्छ ।

नयनराज पाण्डे (२०६९) ले **सकस** को आवरण पृष्ठमा **सकस**मा कहालीलाग्दो इतिहास र मूल्यक्षय हुँदै गएको आजको राजनीतिक यथार्थ अनि त्यसले भि□याएको डरलाग्दो भयावहता जीवन्त कथानकमा रूपान्तरित भएको छ । फराकिलो कालखण्डको क्यानभासमा लेखिएको अध्ययन, आँट र सीपले खारिएको यो आख्यान अत्यन्त शक्तिशाली छ भन्दै **सकस** उपन्यासको यथार्थ चित्रण गरेका छन् ।

नारायण ढकाल (२०६९) ले **सकस** को आवरण पृष्ठमा सकसमा आख्यानलाई इतिहास, दर्शन र विचारधाराले सम्पुष्ट पारिएको छ । छरितो भाषा, पुराण सम्मत शैली र ललित व्यङ्ग्यका दृष्टिले समेत यहाँ स्रष्टा घिमिरे हाम्रो समयका एक मूर्धन्य प्रजापति बन्न पुगेका छन् भन्ने कुरा उल्लेख गरेका छन् ।

ज्ञानमणि नेपाल (२०६९) ले **सकस** को आवरण पृष्ठमा **सकस** व्यक्ति-व्यक्तिको मात्र होइन, गाउँ-गाउँको, जिल्ला-जिल्लाको, क्षेत्र-क्षेत्र मात्रको पनि होइन, यो देश भरिकै सर्वाङ्गीण सकस हो । बिना अपराध निर्वासित, विस्थापित जनताबीच आइपरेको सकस हो ।

अनगिन्ती निर्दोष निहत्था जनता बिनासित्ती मारिदाको सकस हो देशको सङ्कटको, सङ्क्रमणको सकस हो यो ।

सकसै सकसको यस आख्यानले पाठकको मनलाई नछोई छाड्दैन । विशेषतः यसको रौद्रताले उद्देलित बनाउँछ, बिभत्सताको पीडा, घृणा पैदा गर्छ र करूण्यले भित्री मन पगाल्छ भनेका छन् । उनको यो टिप्पणीले नै **सकस** उपन्यासमा उपन्यासकार घिमिरेले कस्ता-कस्ता सकसलाई आफ्नो उपन्यासको विषयवस्तु बनाएकाछन् भन्ने कुरा बुझ्न सकिन्छ ।

उपुर्यक्त पूर्वकार्यको समीक्षाबाट जगदीश घिमिरेको उपन्यासकारिता सम्बन्धी अध्ययन गर्न सजिलो भएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

जगदीश घिमिरेको समग्र उपन्यासकारिताको अध्ययन व्यक्तिपूर्ण ढङ्गमा हालसम्म नभएकाले उनको उपन्यासकारितातर्फ बढी जोड दिई तयार पारिने यो शोधपत्र प्रस्तावित शोध कार्यका लागि स्वभाविक रूपमा औचित्यपूर्ण र महत्त्वपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

जगदीश घिमिरेले साहित्यका विविध विधामा कलम चलाएका भए पनि प्रस्तुत शोध कार्यमा समग्र रूपमा उनको लेखन विधिको अध्ययन नगरी हालसम्म प्रकाशित उनका उपन्यासहरूलाई आधार बनाएर उनको उपन्यासकारिताको मात्र अध्ययन गरिएको छ । शोध कार्य अध्ययन, भाषाशैलीगत वैशिष्ट्यको अध्ययन र प्रवृत्तिगत अध्ययनमा सीमित छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा प्रयोग गरिने सामग्री सङ्कलन विधि र विश्लेषण विधिको निर्धारण निम्नानुसार गरिएको छः

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध कार्यका लागि अपेक्षित सामग्रीहरू सङ्कलन मुख्य रूपमा पुस्तकालयीय अध्ययन पद्धतिबाट गरिएको छ भने कतिपय सामग्रीहरूको सङ्कलन गर्दा शोध नायक, शोध निर्देशक, प्राध्यापक, विषय विशेषज्ञ तथा समीक्षकहरूबाट पनि मौखिक जानकारी लिई प्राथमिक र द्वितीयक सामग्री सङ्कलन गरिएको छ ।

**क. प्राथमिक सामग्री-** घिमिरेका उपन्यास कृतिहरू

**ख. द्वितीयक सामग्री-** उनका कृतिका बारेमा विभिन्न पुस्तक र पत्रपत्रिकामा भएका समीक्षात्मक टिप्पणी, विभिन्न विषय विशेषज्ञहरूबाट प्राप्त मौखिक जानकारी र शोध नायकबाट प्राप्त जानकारी ।

### १.७.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोधमा कृति विश्लेषणका लागि वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## १.८ शोधको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोध परिचय |
| दोस्रो परिच्छेद | : | जगदीश घिमिरेका उपन्यास यात्रा |
| तेस्रो परिच्छेद | : | जगदीश घिमिरेका उपन्यासहरूको संरचनागत वैशिष्ट्य |
| चौथो परिच्छेद | : | जगदीश घिमिरेका उपन्यासहरूको भाषाशैलीगत वैशिष्ट्य |
| पाँचौ परिच्छेद | : | प्रवृत्तिगत आधारमा जगदीश घिमिरेको उपन्यासकारिता |
| छैटौँ परिच्छेद | : | शोधको निष्कर्ष |

सन्दर्भ सामग्राी सूची

परिच्छेद दुई

# जगदीश घिमिरेको उपन्यासयात्रा

## २.१ विषय परिचय

जगदीश घिमिरे नेपाली साहित्यका विभिन्न विधाहरूमा कलम चलाउँदै प्रतिभा हुन् । उनले आधुनिक नेपाली साहित्यका कथा, कविता, उपन्यास, नाटक, निबन्ध, संस्मरण, आत्मालाप लगायत राजनीतिक लेख र समालोचनाका क्षेत्रमा समेत योगदान पुऱ्याएका छन् । यी विविध क्षेत्रमा कलम चलाउने घिमिरेको विशिष्टता भने नेपाली उपन्यासका क्षेत्रमा रहेको छ । उनको उपन्यासकारिताको अध्ययन गर्ने सन्दर्भमा उनको उपन्यासयात्राको अध्ययन पनि सान्दर्भिक देखिन्छ । यसबाट उनको औपन्यासिक रचनाधर्मिताको विकासक्रम बुझ्न सजिलो पर्दछ । त्यसैले यस परिच्छेदमा जगदीश घिमिरेको सङ्क्षिप्त परिचय प्रस्तुत गर्दै उनको उपन्यासयात्राको अध्ययन गरिएको छ ।

## २.२ जगदीश घिमिरेको सङ्क्षिप्त जीवनी

जगदीश घिमिरेको जन्म पिता इन्द्रप्रसाद घिमिरे तथा माता पद्मकुमारी घिमिरेका छैटौं पुत्रका रूपमा वि.सं. २००२, चैत्र २८ गते रामेछाप जिल्लाको मन्थलीमा भएको हो । उच्च-मध्यम वर्गीय ब्राम्हण परिवारमा जन्मेका घिमिरेले बाल्यकालमा कुनै पनि आर्थिक सङ्कट र बाधा व्यवधान भोल्नु परेन । उनका पिता जलेश्वर अपिलका न्यायाधीश पदमा जागिरे थिए । पिताको जागिरको सिलसिलामै उनी लगायत उनका भाइबहिनी पनि जलेश्वर गए । उनलाई १२ वर्षको उमेरमा एकपटक 'टाइफाइट ज्वरो' बाहेक अन्य कुनै पनि गम्भीर रोग नलागे पनि हाल आएर उनी वि.सं. २०६३ वैशाखदेखि 'मल्टिपल माइलोमा' नामक अत्यन्त घातक रक्तक्यान्सर रोगबाट पीडित छन् (पौडेल, २०६८ : १-३) । उच्चमध्यम वर्गीय जागिरे परिवारमा जन्मेका घिमिरेको बाल्यकाल सुखद नै रहेको देखिन्छ ।

जगदीश घिमिरेको प्रारम्भिक शिक्षा आफ्नै घरबाट आरम्भ भएको हो । उनका पिताले आफ्ना सन्तानहरूका लागि राम्रो पढ्ने व्यवस्था घरमै मिलाएका थिए (पौडेल, २०५६ : १०) । उनका पिता न्यायाधीश भएकाले उनी पनि पिताको कर्म क्षेत्र जलेश्वर गए र त्यहीको ल.च.मु.मा.वि.बाट शिक्षा आर्जन गरे (घिमिरे, २०६५ : १०) । त्यसपछि उनले

वि.सं. २०१० मा सल्यान जिल्लामा र वि.सं. २०१२ मा नेपालगञ्जमा अध्ययन गरे । उनले विभिन्न स्थानमा स्थानान्तरण हुँदै वि.सं. २०१७ मा काठमाण्डौको पद्‌मोदय हाइस्कूलबाट प्रवेशिका परीक्षा उर्तीण गरेका हुन् (गौतम, २०६२ : ६) । त्यसपछि घिमिरेको उच्च शिक्षा वि.सं. २०१८ सालमा पब्लिक साइन्स कलेजबाट सुरू भए पनि विज्ञान विषयलाई बीचैमा छाडेर सन् १९६९ मा जयनगरको डी.बी. कलेजमा भर्ना भए । उनले यसै कलेजबाट सन् १९६९ मा कला विषयमा स्नातक पूरा गरे । उनले कोलम्बो प्लान अन्तर्गत भारतको पटना विश्वविद्यालयबाट सन् १९७२ मा समाजशास्त्रमा स्नातकोत्तरसम्मको शिक्षा हासिल गरेका हुन् (पौडेल, २०५६ : १०) । औपचारिक अध्ययन बाहेक पनि यिनले प्रशस्त स्वाध्ययन गरेका छन् ।

जगदीश घिमिरे उच्च-मध्यम वर्गीय परिवारका व्यक्ति हुन् । यस्तो परिवारमा हुर्किएका घिमिरे विभिन्न संघ-संस्थामा जागिरे थिए । उनी प्रमुख रूपमा नेपाल परिवार नियोजन संघका कार्यक्रम अधिकृत, इन्टरनेसनल प्लान्ड प्यारेन्टहुड फेडेरेसन लगायत विभिन्न एन.जी.ओ. हरूमा संलग्न थिए । यस्तै सी. आर. एस. प्रोजेक्टर, वर्ल्ड नेर्सबाट दक्षिण एसिया प्रतिनिधि, जाँचबुँझ केन्द्र जस्ता संघ-संस्थामा संलग्न रहेकाले उनको आर्थिक अवस्था मजबुत देखिन्छ । उनको विवाह वि.सं. २०३१ वैशाख २६ गते विराटनगर निवासी दुर्गा आचार्यका साथ सु-सम्पन्न भएको थियो । उनीहरूका हिमाल र जून दुई सन्तान छन् । उनले पारिवारिक जीवनमा कुनै आर्थिक सङ्कट भोल्नु परेको छैन (भेटवाल, २०६६ : ७) । उनी हाल कीर्तिपुर नगरपालिका वा.नं. १३, आदिनाथ उपवन, भाजंगल स्थित आफ्नै निजी निवासमा रहँदै आएका छन् ।

जगदीश घिमिरेले नेपालका धेरैजसो जिल्लाहरूको भ्रमण गर्नुका साथै अन्तर्राष्टिय भ्रमण पनि धेरै गरेका छन् । अध्ययनका क्रममा भारतका विभिन्न ठाउँको भ्रमण गर्नुका साथै नेपाल परिवार नियोजन संघका जागिरे हुँदा त्यहींबाट छात्रवृत्ति पाएर बेलायतमा समेत अध्ययन गर्न पुगेका छन् (पौडेल, २०५६ : १०) । अध्ययन बाहेक जागिरका सिलसिलामा पनि घिमिरेले बेलायत, लण्डन, अमेरिका, क्यानडा, फ्रान्स, फिलिपिन्स, चीन, थाइलैण्ड आदि विश्वका प्रमुख राष्ट्रहरूको भ्रमण गरेका छन् (पौडेल, २०५६ : १६) । उनी केही समयसम्म बेलायतमा पनि बसेका थिए ।

आधुनिक नेपाली कथाका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएर उत्कृष्ट कथाहरूको सिर्जना गरे बापत वि.सं. २०४४ मा 'गुरूप्रसाद मैनाली कथा पुरस्कार' प्राप्त गरेका छन् । समाजिक क्षेत्रमा उत्कृष्ट कार्य गरेकाले 'सामाजिक सेवा राष्टिय समन्वय परिषद्' बाट २०४५ सालको 'रनिङ्ग शिल्ड' प्राप्त गर्नुका साथै सामुदायिक सेवा समन्वय समिति अन्तर्गत तामाकोशी सेवा समितिलाई उक्त शिल्ड प्रदान गरेका छन् । वि.सं. २०६३ मा अन्तर्राष्ट्रिय सम्मान तथा पुरस्कार ता.से.स. लाई दिलाउन सफल भएका छन् । उनको **अन्तर्मनको यात्रा** ले 'उत्तम शान्ति पुरस्कार' र 'मदन पुरस्कार' (२०६४) प्राप्त गरेको छ । यसैगरी 'राष्ट्रिय कला श्री सम्मान' (२०६५) र 'रामेछाप जिल्ला उत्कृष्ट पुरस्कार' (२०६५) प्राप्त गरेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

कुनै पनि साहित्यकारको सिर्जनधर्मिताका पछाडि विशिष्ट कारकतत्त्वको भूमिका रहेको हुन्छ । साहित्यकारले साहित्य रचना गर्दा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा विभिन्न किसिमले प्रेरणा र प्रभाव ग्रहण गरेको हुन्छ । जगदीश घिमिरे पनि साहित्य लेखनमा विभिन्न व्यक्तिहरूबाट प्रेरित र प्रभावित भएको देखिन्छ । उनी आफ्नो विद्यार्थी जीवनदेखि नै साहित्य लेखनमा प्रवेश गरेका हुन् । वि.सं. २०२२ मा चितवन जिल्लाको रामपुरमा सम्पन्न भएको प्रथम देशव्यापी साहित्य सेमिनारमा धनुषा जिल्लाको प्रतिनिधि भएर उनले भाग लिने अवसर पाएका हुन् । त्यस अवसरमा उनले नयाँ पुराना साहित्यकर्मीहरूसँग परिचित हुने मौका पाए । देश विदेशका विभिन्न साहित्यकारहरूसँगको प्रत्यक्ष सम्पर्कले उनको साहित्य सिर्जनामा थप प्रेरणा प्रदान गऱ्यो । यसरी भवानी घिमिरे, मदनमणि दीक्षित, नरेन्द्रराज शर्मा, हरिभक्त कटुवाल, नारायण बहादुर सिंह जस्ता व्यक्तिको प्रेरणा र हौसला पाएका थिए (घिमिरे, २०६५ : ३६) ।

जगदीश घिमिरेले नेपाली साहित्यमा मात्र होइन मैथिली साहित्यमा पनि कलम चलाएका छन् । मैथिली भाषाका साहित्यकार, भारतीय मैथिलीका डा. धीरेन्द्रबाट पनि प्रेरणा प्राप्त गरेका छन् । डा. धीरेन्द्रकै सहयोग मार्फत उनले फ्रान्सेली, रूसी, अङ्ग्रेजी, अमेरिकी, भारतीय आदि विद्वान्हरूका पुस्तकहरू पढ्ने अवसर पाए (घिमिरे, २०६५ : ३९) । यसरी विभिन्न देशका उच्च स्तरका साहित्यकारहरूको प्रभावबाट नै उनका रचनाहरूमा तार्किकता र बौद्धिकताले प्रवेश पाएको हो । उनका अधिकांश कथाहरू, लिलाम र सकस जस्ता उपन्यास आफ्नै जन्मथलो रामेछाप मन्थलीको मनोरम, सुन्दर वातावरण र त्यहाँको

तत्कालीन परिवेश, देशको बिँग्रदो राजनीतिक अवस्था र ऐतिहासिक घटनाहरूको सिर्जना गरेको हो । आफ्ना जीवनको भोगाइहरूसँगै साहित्य र जीवनको अध्ययन मनन र लेखन मार्फत जीवन र जगतबारे चासो बढ्न थाल्यो । आफ्ना पूर्ववर्ती र समकलीनहरूको जीवनयात्राको अवलोकन, अध्ययन मनन र उनीहरूको विचार विमर्शबाट मानव जीवनका भोगाइसँगै प्रत्यक्ष रूपमा साहित्य सिर्जनाले निरन्तरता पायो (घिमिरे, २०६५ : ३१) । यसरी नेपाली साहित्यमा प्रवेश गरेका घिमिरे अहिले पनि साहित्य सिर्जना र प्रकाशनमा निरन्तर लागिरहेका छन् ।

सरदर नेपालीको भन्दा अग्लो उचाइ (पाँच फिट साढे आठ इन्च) र सोही अनुरूपको आकर्षक जिउडालका घिमिरे शारीरिक रूपमा निकै चुस्तदुरुस्त व्यक्तित्वका धनी छन् । यस्ता शारीरिक व्यक्तित्वका धनी भए पनि घिमिरे २०६३ वैशाखदेखि 'मल्टिपल माइलोमा' नामक अत्यन्त घातक रक्तक्यान्सर रोगबाट पीडित छन् । नेपालीको पहुँचभन्दा धेरै टाढाको अत्यन्त खर्चिलो उपचार भए पनि संयोगले यिनी अन्तर्राष्ट्रिय संस्थामा जागिरे हुँदा सो संस्थाले जीवन बिमा गरिदिएको थियो (घिमिरे,२०६५ : ८१-८२) । त्यसैका सहाराले संसारकै राम्रा अस्पतालबाट उपचार गराएर एकदमै नजिकिएको काललाई पर सारिरहेका छन् । यो पीडाले भरिएको जीवन कथा उनको 'अन्तर्मनको यात्रा'मा निकै मार्मिक ढङ्गले खुलाइएको छ । फेरि पनि सो रोगले बेला बेलामा सताउने भएकाले उपचारका लागि विदेश गएको खबर पत्रपत्रिकामा आइरहेका छन् र पनि चिकित्सा विज्ञानले घिमिरेको निकट रहेको काललाई सन्निकट हुन दिइरहेको छैन ।

## २.३ जगदीश घिमिरेका व्यक्तित्वका विविध पक्षहरू

जगदीश घिमिरे नेपाली साहित्यका बहुआयामिक प्रतिभा हुन् । साहित्य र समाजका विविध क्षेत्रमा प्रत्यक्ष सहभागी भएर कार्य गरेका घिमिरेको व्यक्तित्वलाई अध्ययन गर्ने विविध पक्षहरू छन् । नेपाली साहित्यमा लामो समयदेखि निरन्तर सेवा गर्दै आएका घिमिरेको व्यक्तित्वलाई साहित्येतर व्यक्तित्व र साहित्यिक व्यक्तित्वका रूपमा अध्ययन गर्न सकिन्छ ।

### २.३.१ साहित्येतर व्यक्तित्व

आधुनिक नेपाली साहित्यका बहुविध व्यक्तित्वका धनी जगदीश घिमिरे साहित्यिक व्यक्तित्वका अतिरिक्त साहित्येतर व्यक्तित्व पनि हुन् । उनले लेखनका क्षेत्रमा होस् अथवा राजनीतिमा, पत्रकारितामा होस् अथवा सामाजिक क्षेत्रमा होस् सबैतिर बहुमूल्य योगदान पुऱ्याएका छन् ।

#### क) लेखक व्यक्तित्व

जगदीश घिमिरेले नेपाली साहित्यका साहित्यिक लेख रचनाहरू भन्दा पृथक लेख रचनाहरू पनि लेखेका छन् । उनलाई लेखक व्यक्तित्वका रूपमा चिनाउने उनका लेखहरूमा 'नेपालको गैह्रसरकारी संस्था नीति' मा नरहरि आचार्यसँगको सहलेख रहेको छ । यसै गरी 'दार्जेलिङ्गको नेपाली परिवार' समाजशास्त्र एम.ए. शोध इ.सं. १९७२ मा लेखेका छन् । यी बाहेक पनि घिमिरेका फुटकर लेखहरू 'एउटै हरिभक्त कटुवाल पर्याप्त हुन्छ' (अभिव्यक्ति, वर्ष ११, अङ्क ५, २०३६ : २२) लगायत विभिन्न संघसंस्थाका कार्यपत्रहरू पनि लेखेका छन् । यिनै शोधपत्र, कार्यपत्र तथा फुटकर रचनाहरूबाट उनको लेखक व्यक्तित्वलाई अध्ययन गर्न सकिन्छ ।

जगदीश घिमिरेमा साहित्येतर लेख रचनाहरूमा सूक्ष्म अवलोकन गर्ने पद्धति ज्यादा पाइन्छ । उनी जुन विषयमा लेख्छन्, त्यस विषयमा गहिराइसम्म पुगेका हुन्छन् । उनका लेख रचनाहरूमा तार्किक क्षमता प्रबल रहेको पाइन्छ ।

#### ख) राजनीतिक व्यक्तित्व

जगदीश घिमिरे राजनीतिका क्षेत्रमा पनि सक्रिय व्यक्तित्व हुन् । उनको राजनीतिक व्यक्तित्वलाई अध्ययन गर्दा वि.सं. २०१५ मा वनारस यात्राका क्रममा नेपाली काङ्ग्रेसका नेता सुरेशराज शर्माद्वारा नेपाली पार्टीमा आबद्ध रहेर आफ्नो १२/१३ वर्षको उमेरदेखि नै नेपाली काङ्ग्रेसको पार्टीमा सक्रिय भएर कार्य गरेको देखिन्छ (भेटुवाल, २०६६ : १३) । युवावस्थामा कम्युनिष्ट समाज को स्थापना गरी छापामार युद्धमा केही समय संलग्न रहेका घिमिरे आफ्नो बाल्यकाल र युवाकालमा राजनीतिक सङ्गठनमा आबद्ध भए पनि उनी अहिले प्रजातान्त्रिक धारको पक्षमा रहेको बताउँछन् (शोध नायकबाट प्राप्त जानकारी) ।

विभिन्न पत्रपत्रिकाहरू मार्फत राजनीतिक लेखहरू लेखिरहने घिमिरेले वि.सं. २०५८ देखि नियमित रूपमा **नेपाल पाक्षिक** पत्रिका **चेतनाभया** शीर्षकमा स्तम्भ लेखहरू प्रकाशित गराएका छन् । मूलतः राजनीतिक विषयवस्तुमा आधारित यी लेखहरूमा राजनीतिक घटनाहरू र सामाजिक महत्त्वका विषयलाई समावेश गरिएका छन् । जसमा सामाजिक विकृति र विसङ्गति, सामाजिक उतारचढाव आदिका विषयवस्तुले महत्त्व पाएका छन् । उनका राजनीतिक टिप्पणीहरूले भरिएको लेख रचनाहरूको पुस्तककार कृति **चेतनाभया** प्रकाशित भइसकेको छ ।

## ग) पत्रकार व्यक्तित्व

जगदीश घिमिरेले आफ्नो साहित्येतर व्यक्तित्वलाई पत्रकारिताका माध्यमबाट पनि अगाडि बढाएका छन् । उनको पत्रकारिताको थालनी समीक्षाबाट भएको देखिन्छ । उनले वि.सं. २०१९ मा जनकपुरबाट प्रकाशित हुने **उषा** पत्रिकामा पनि पत्रकारको काम गरे । यसरी नै वि.सं. २०२१ मा जनकपुर अञ्चलको **गोरखापत्र**का सम्वाददाता बनेर समेत काम गरे । वि.सं. २०२३ मा काठमाडौँबाट प्रकाशित हुने **बान्की** पत्रिकामा समीक्षकका रूपमा काम गरे । वि.सं. २०२६/२०२७ तिर काठमाडौँबाट प्रकाशित हुने **अभिव्यक्ति** पत्रिकाको सम्पादक बने । वि.सं. २०४४ मा **देशान्तर साप्ताहिक** २०५१/५२ सालतिर **साप्ताहिक विमर्श** मा स्तम्भ लेखनका साथै २०५७ सालदेखि २०६२ को अन्त्यसम्म **नेपाल साप्ताहिकमा चेतनाभया** शीर्षकमा स्तम्भ लेखन कार्य गरेका छन् (शोध नायकबाट प्राप्त जानकारी) ।

जगदीश घिमिरेका सूचनामूलक समाचार लेखहरू समसामयिक समस्यामा केन्द्रित रहेका पाइन्छन् । उनी खोज समाचारदाता र राजनैतिक टिप्पणीकारका रूपमा पनि परिचित छन् । सरकारका नराम्रा नीति तथा कार्यको तीव्र आलोचना गर्ने एक स्वाभिमानी र निर्भिक पत्रकारका रूपमा उनलाई लिन सकिन्छ ।

## घ) सामाजिक व्यक्तित्व

जगदीश घिमिरेको समाजसेवी व्यक्तित्व अन्य साहित्येतर व्यक्तित्वका दाँजोमा निकै अघि बढेको छ । उनले समाजका विभिन्न संघसंस्थामा आबद्ध भएर सामाजिक क्षेत्रका महत्त्वपूर्ण कार्यहरू गरेका छन् । वि.सं. २०३१ मा नेपाल परिवार नियोजन संघमा

अधिकृतमा जागिरे भए (शोध नायकबाट प्राप्त जानकारी) । यो नै उनको पहिलो संस्थागत संलग्नता हो ।

जगदीश घिमिरेको सामाजिक व्यक्तित्व अन्तर्गत तामाकोसी सेवा समितिमा रही गरेको कार्य महत्त्वपूर्ण छ । वि.सं. २०३९ मा जगदीश घिमिरे, श्रीमती दुर्गा घिमिरे र स्थानीय व्यक्तित्वहरूको संलग्नतामा यस तामाकोसी सेवा समितिको स्थापना भएको हो । उक्त संस्थाले रामेछाप जिल्लाका अति विपन्न जनसमुदायलाई खानेपानी, स्वास्थ्य, शिक्षा, पशुपालन, कृषिवन, सिाचाइ, खेतीपाती लगायत विभिन्न आयमूलक कार्यक्रमहरू सञ्चालन गरी गरीबी निवारण महत्त्वपूर्ण भूमिका खेलेको छ । यसैगरी २०६३ साल चैत्र १७ गते जगदीश घिमिरे प्रतिष्ठान स्थापना भयो (शोध नायकबाट प्राप्त जानकारी) । यस प्रतिष्ठानले प्रकाशन गरेका साहित्यकार जगदीश घिमिरेका पुस्तकाकार कृतिहरू **लिलाम, साबिती, सकस, अन्तर्मनको यात्रा, बर्दी** लगायतका पुस्तकको बिक्रीबाट जम्मा गरेको रकम प्रतिष्ठानको अक्षयकोषमा जम्मा हुने व्यवस्था मिलाइएको छ । यसरी जम्मा भएको उक्त रकम रामेछाप जिल्लाका अति विपन्न वर्गका जनताको उपचारमा खर्च गरिने प्रावधानबाट यसको महत्त्व अझ बढी देखिएको छ । आफू सम्पन्न परिवारको व्यक्ति भएर पनि विभिन्न संघसंस्थामा संलग्न भएर दीन दुःखीको सेवा गर्नु उनको मुख्य ध्येय रहेको छ । यसैबाट सामाजिक व्यक्तित्वका रूपमा घिमिरेको स्थान कुन रूपमा रहेको छ भन्ने कुरा थाहा पाउँन सकिन्छ । उनको सामाजिक व्यक्तित्वलाई अध्ययन गर्न सकिने प्रमुख तथा महत्त्वपूर्ण सामाजिक संघ संस्थाहरू निम्न रहेका छन् ।

१) फाउन्डर, तामाकोसी सेवा समिति, मन्थली, रामेछाप

२) फाउन्डर, नेपाल कृषिवन प्रतिष्ठान

३) फाउन्डर एण्ड चेयरपर्सन, नेपाल आई, प्रोगाम तिलगङ्गा आँखा अस्पताल (गौशाला, काठमाडौँ)

४) फाउन्डर, चेयरपर्सन, एन.जी.ओ. फेडेरेसन अफ नेपाल ।

५) एड्भाइजर, एन.जी.ओ. फेडेरेसन अफ

६) फाउन्डर एण्ड चेयरपर्सन, एग्रो फोरेस्ट्री फाउन्डेसन ।

७) एड्भाइजर, नेपाल एग्रोफोरेस्ट्री फाउन्डेसन ।

८) एसिस्टेन्ट रिजनल डाइरेक्टर साउथ एसिया सिजन इन्टरनेसनल प्लान्ट प्यारेन्टहुड फेडेरेसन लन्डन ।

९) प्रोग्राम अफिसर इन्टरनेसनल प्लान्ट प्यारेन्टहुड फेडेरेसन ।

१०) फिल्ड अफिसर, फेमिली प्लानिङ एसोसिएसन अफ नेपाल ।

११) सिनियर ट्रेनिङ अफिसर, फेमिली प्लानिङ एसोसिएसन अफ नेपाल ।

यी महत्त्वपूर्ण संघ संस्था बाहेकका अन्य संघ संस्थामा पनि उनको संस्थागत संलग्नता सबल रहेको पाइन्छ ।

## २.३.२ साहित्यिक व्यक्तित्व

आधुनिक नेपाली साहित्यको इतिहासमा वि.सं. २०२० को दशकदेखि साहित्य यात्रामा लागेका जगदीश घिमिरेले नेपाली साहित्यका कथा, कविता, उपन्यास, नाटक, निबन्ध, संस्मरण आदि विधाहरूमा कलम चलाएका छन् । थुप्रै पुस्तकाकार कृति र फुटकर रचनाहरू प्रकाशित गराइसकेका घिमिरेको साहित्यिक व्यक्तित्वलाई अध्ययन गर्ने निम्नलिखित आधारहरू रहेका छन् ।

### क) कथाकार व्यक्तित्व

जगदीश घिमिरेले वि.सं. २०२३ को *गोरखापत्र*मा **आमाको धोको** कथा प्रकाशित गरी आधुनिक नेपाली कथाका क्षेत्रमा प्रवेश गरेका हुन् । उनी नवयुगीन कथाकारका रूपमा परिचित रहेका छन् (भेटवाल, २०६६ : ९) । विशेष गरेर यिनका कथाहरू लघु आकारकै देखिन्छन् । प्रायः सबै जसो कथाले नेपाली समाजका विविध असङ्गतिप्रति प्रतिद्वन्द्वी भाव व्यक्त गरेका छन् । राज्य व्यवस्थाका आडमा विपन्न वर्गप्रति हुने शोषण वा राजनीतिक असङ्गतिप्रति यस्तो प्रतिद्वन्द्वी भाव वा आलोचनात्मक यथार्थवाद बढी प्रकट भएको छ । सबै जसो कथाले समाजमा खस्किँदो मानवीय नैतिकताप्रति कुनै न कुनै रूपमा दुःख वा रोष व्यक्त गरेका छन् । त्यसभित्र सुधारको आकाङ्क्षा पनि लुकेको छ । वि.सं. २०२१/२२ देखि हालसम्म निरन्तर रूपमा नेपाली साहित्यमा सक्रिय भएर लागेका घिमिरेका केही कथासंग्रहरू र फुटकर कथाहरू प्रकाशित छन् ।

१. जगदीशका कथाहरू (२०२७)

२. केही कथा, कविता र संस्मरण (२०३४)

३. बर्दी (२०६६)

शैली र प्रस्तुतिमा नवीनता पाइनु घिमिरेको कथागत प्रवृत्ति हो । कथामा विविध क्षेत्रप्रतिको आग्रह र प्रवृत्तिगत बहुलताको अपेक्षा राख्ने घिमिरे प्रयोगवादी कथाकार हुन् (भेटवाल, २०६६ : ९) । यिनका कथामा ह्रासोन्मुख मानवीय नैतिकता, बिग्रदो वातावरणीय समस्या, सीमान्तकृत वर्गको छटपटी, पुरुषको ज्यादतीले आक्रान्त नारी समस्या, कला साहित्यकर्मीहरूको पीडा, शुभचिन्तक वा संरक्षक भनाउदादाहरूको कुटिलता वा हिंस्रक मनोवृत्ति जस्ता विषयहरूले प्रधानता पाएका छन् (पौडेल, २०६८:९७) । समाज र जीवनका गम्भीर असङ्गतिहरूलाई नङ्ग्याउन सक्नु वा व्यङ्ग्यका अनेक भाव व्यक्त गर्न सक्नु यिनको कथा लेखनको खुबी हो । परिमाणात्मक र गुणात्मक दृष्टिले घिमिरेको कथा विधा निकै उर्वर रहेको पाइन्छ ।

## ख) कवि व्यक्तित्व

जगदीश घिमिरेले नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको कविताको अध्ययन गरेर र छन्दोहार पढेर छन्दोबद्ध कविता लेखेका छन् । २०२२ सालमा चितवनको रामपुरमा भएको देशव्यापी साहित्य सेमिनारमा सुनाएको **हो**? शीर्षकको कविता उनको पहिलो र अन्तिम छन्दको कविता हो (पौडेल, २०६८ : २२) । यो कविता बाहेक उनका अन्य कविताहरू गद्यमा लेखिएका छन् । तत्कालीन नेपाली जनजीवनमा मानवीय समस्या, जटिलता, विशृङ्खलित मानव जीवनको ह्रास जस्ता समस्यामा केन्द्रित उनका कविताले गरिब निमुखाको चरम शोषण गरेर भोग विलासितामा मग्न वर्गप्रति तीव्र आक्रोश व्यक्त गरेका छन् (पौडेल, २०६८ : २८) । उनका प्रकाशित कविता संग्रहहरू **केही कथा, कविता, संस्मरण** (२०३४) र **अग्निसूत्र** (२०६६) हुन् ।

वि.सं. २०३४ मा साझा प्रकाशनबाट प्रकाशित **केही कथा, कविता, संस्मरण** नामक कृतिमा **युद्ध उन्मुलन युद्ध, आमा, पुनसको साहू, नयाँ नेपालको नयाँ भूगोल, दुर्घटना, मृत्यु, जनकपुरको व्यङ्ग्य चित्र, घाँडो** गरी जम्मा आठ वटा कविताहरू सङ्कलित छन् । वि.सं. २०६५ मा जगदीश घिमिरे प्रतिष्ठानद्वारा प्रकाशित **अग्निसूत्र** कविता संग्रहमा उक्त **केही**

**कथा, कविता**, **संस्मरण**मा सङ्कलित पुनसको साहू, नयाँ नेपालको नयाँ भूगोल, जनकपुरको व्यङ्ग्य चित्र बाहेकका अरू पाँचवटा कविताहरूका साथै **गोरखापत्र, अभिव्यक्ति, भानु** आदि पत्रिकाहरूमा प्रकाशित र अप्रकाशित कविताहरूको सङ्कलन गरिएको छ (भेटवाल, २०६६ : १०) । यी कविताहरूमा जीवन चिन्तन वा वैचारिकता, सामाजिक असङ्गतिको आलोचना, राजनीतिक विकृतिप्रति व्यङ्ग्य, विपन्न वा सीमान्तकृत वर्गप्रतिको सहानुभूतिशीलता, युवा जागरण तथा विद्रोही चेतना, शृङ्गारिकता, अनास्था र अराजकता, व्यक्तिमहिमा, विसङ्गतिवादी वा निराशावादी स्वर, बर्बर युद्धप्रतिको अनास्था, प्रकृति चित्रण र देशप्रेमका विषयहरू प्रस्तुत गरिएको छ (पौडेल, २०६८ : ९६) । जम्मा ४२ वटा कविताहरूको सङ्कलन गरिएको **अग्निसूत्र** कविता संग्रह नै घिमिरेको कवि व्यक्तित्वलाई परिचित गराउने उल्लेख्य कृति बनेको छ । समग्रमा भन्नु पर्दा यिनका कविताहरूमा सामाजिक असङ्गतिप्रतिको अनास्था, आलोचना र आक्रोश, राजनीतिक विकृतिप्रतिको व्यङ्ग्य र विद्रोहको आकाङ्क्षा अनि जागरणको सन्देश छ ।

### ग) उपन्यासकार व्यक्तित्व

जगदीश घिमिरेको साहित्यिक यात्रालाई नियाल्दा उनी उपन्यासकार व्यक्तित्वका रूपमा पनि चिनिन्छन् । उनको पहिलो पुस्तकाकार कृतिका रूपमा प्रकाशित उपन्यास **लिलाम** (२०२७) हो । यो उपन्यास २०२४ सालतिरै लेखिएको भए पनि रत्न पुस्तक भण्डारबाट वि.सं. २०२७ मा मात्र प्रकाशित भएको हो (शोध नायकबाट प्राप्त जानकारी) । उनका अन्य प्रकाशित उपन्यास **साबिती** (२०३२) र **सकस** (२०६९) हुन् ।

सङ्ख्यात्मक रूपमा उनका उपन्यास तीनवटा रहेका छन् । उनका यी उपन्यासहरूको अध्ययन गर्दा उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको सामाजिक, आर्थिकनैतिक ऐतिहासिक, राजनीतिक र मनोवैज्ञानिक पक्षको उद्घाटन गरेका छन् । घिमिरेले आफ्ना उपन्यासमा समाजमा सुनेका, देखेका र भोगेका यथार्थ वस्तुहरूको आलोचनात्मक वर्णन गरेका छन् (गौतम, २०६२ : २०) । त्यस्तै उनका उपन्यासमा नयाँ नेपाली शब्दको प्रयोग, नवीन शिल्पशैली, आत्मालापीय वर्णन, आदर्शोनमुखता, यथार्थवादिता, प्रयोगशीलता, चेतनप्रवाह जस्ता औपन्यासिक प्रवृत्तिहरू देखा पर्दछन् । जगदीश घिमिरेले जीवन जगत्मा आफूले अनुभव, अध्ययन र अवलोकन गरेका सामाजिक, सांस्कृतिक, आर्थिक तथा मनोवैज्ञानिक विसङ्गतिलाई विषयवस्तु बनाएर तद्नुकूल पात्र

एवम् तिनीहरूको क्रिया प्रतिक्रिया र त्यसलाई नाटकीयता दिने कथोपकथन र विश्वसनीयता बढाउन देशकाल र परिवेशका साथै तिनीहरूलाई मूर्तता दिन स्वाभाविक भाषाको प्रयोग गरेका छन् (पौडेल, २०५६ : २३) । यिनका उपन्यासमा रक्तरञ्जित नेपाली इतिहास, शोषण र उत्पीडनका साथसाथै द्वन्द्वका भोगाइहरू छन् । सर्वसाधारणका पीडाका गाथा छन् । दोहोरो चेपुवामा पर्दाको उकुसमुकुस र सास्ती छ ।

### घ) नाटककार व्यक्तित्व

साहित्यकार जगदीश घिमिरे नेपाली साहित्यमा नाटककार व्यक्तित्वका रूपमा पनि परिचित छन् । वि.सं. २०३४ मा **सन्तान** नाटक प्रकाशित भए पछि नाटककार व्यक्तित्वका रूपमा चिनिन पुगेका घिमिरेले हरिभक्त कटुवालको प्रेरणाबाट उक्त नाटक सिर्जना गरेका हुन् (भेटवाल २०६६ : ९) । **सन्तान** नाटकमा अङ्कको प्रयोग नगरी जम्मा तीन दृश्यमा विषय व्यवस्थापन गरिएको छ । उक्त नाटक देशभक्तिमा आधारित छ भने सहीदका परिवारले भोग्नु परेका दुःख, कष्टलाई यसले उद्घाटन गरेको छ । वि.सं. २०१७-२०३४ सम्मको नेपालको सामाजिक, राजनीतिक, विकृति र विसङ्गतिलाई देखाउन उक्त नाटक सफल भएको छ ।

**सन्तान** नाटकले एकातिर राजनीतिमा लागेर सहीद भएका मानिसका सन्तानले हातमुख जोर्न वेश्यावृत्ति गर्नु परेको, त्यसैका लागि पति नै पत्नीको ग्राहक खोज्दै हिडेको, पार्टीका मानिसहरूले समेत उनीहरूलाई लुटेको विद्रूपता देखाएको छ भने अर्कातिर समाजमा भित्रभित्रै मक्किँदै गएको परम्परित यौन आदर्शलाई पनि सङ्केत गरेको छ (पौडेल, २०६८ : १४) । पुस्तकाकार कृतिका रूपमा एकमात्र नाट्य कृति **सन्तान** (२०३४) प्रकाशित गरेका घिमिरेको वि.सं. २०४१ मा **हाइ ! हाइ ! बेलायत** नाटक बी.बी.सी. बाट प्रसारित भएको थियो (शोध नायकबाट प्राप्त जानकारी) । यी नाट्यकृति र रेडियो नाटक बाहेक उनका अन्य नाट्य कृति हालसम्म प्रकाशित भएका छैनन् ।

### ङ) निबन्धकार व्यक्तित्व

जगदीश घिमिरे निबन्धकार व्यक्तित्वका रूपमा पनि परिचित छन् । निबन्ध स्वतन्त्र अभिव्यक्तिबाट जन्मिने विधा विशेष हो । निबन्धले समाजमा स्वतन्त्रताको अपेक्षा गर्दछ र स्वतन्त्र अभिव्यक्ति भएका समाजमा मात्र पूर्णता प्राप्त गर्दछ (सुवेदी, २०६३ : १०) ।

प्रस्तुतिगत शिल्पका दृष्टिले निबन्ध विविध प्रकारका हुन्छन् । जसमा संस्मरण र नियात्रा पनि पर्दछन् ।

### अ) संस्मरणकार व्यक्तित्व

वि.सं. २०३४ मा साझा प्रकाशनबाट प्रकाशित केही **कथा, कविता, संस्मरण** पुस्तकाकार कृति प्रकाशित भए पछि जगदीश घिमिरे नेपाली साहित्यका क्षेत्रमा संस्मरणकार व्यक्तित्वका रूपमा पनि देखा परे (भेटवाल, २०६६ : ११) । यस कृतिमा कथा, कविता र संस्मरण संयुक्त रूपमा सङ्कलन गरिएका छन् ।

संस्मरणकार व्यक्तित्वका रूपमा परिचित घिमिरेको वि.सं. २०६४ मा **अन्तर्मनको यात्रा** आत्मसंस्मरण प्रकाशित भयो । यो कृति हालसम्म आत्मसंस्मरणहरूमा पृथक रहेको छ (घिमिरे, २०६५ : भूमिका) । बाल्यकाल र किशोरावस्थामा स्वास्थ्यस्थिति सामान्य रहेका घिमिरे २०६३ वैशाखदेखि मल्टिपल माइलोमा नामक रक्तक्यान्सरबाट पीडित छन् । वि.सं. २०२० देखि साहित्य सेवामा निरन्तर लागि परेका जगदीश घिमिरेले कमजोर शारीरिक अवस्थामा पनि दृढ आत्मबल र आत्मा विश्वासका कारण उपचारार्थ अवस्थामा नै सिर्जना गरेको यो कृतिमा जीवनका मार्मिक कथाहरूका साथै गहन अध्ययन, अनुभव र चिन्तनले खारिएको र दार्शनिक व्याख्या गरिएको पाइन्छ (घिमिरे, २०६५ : भूमिका) । **अन्तर्मनको यात्रा** घिमिरेको जीवनका सम्पूर्ण भोगाइको संस्मरणात्मक कृति हो ।

### आ) नियात्राकार व्यक्तित्व

साहित्यका बहुविध व्यक्तित्वका धनी जगदीश घिमिरे नियात्राकार व्यक्तित्व पनि हुन् । उनको वि.सं. २०२५ मा **मधुपर्क** पत्रिकामा प्रकाशित **झरीन् अर्थात् झरना**ले उनलाई नियात्राकार व्यक्तित्वका रूपमा परिचित गराएको छ । आफूले विभिन्न समयमा गरेका यात्रा अनुभवलाई प्रस्तुत गर्दै पाठकलाई पनि सँगसँगै यात्रा गराउन उनका नियात्राहरू सफल छन् । यी बाहेक रहर लाग्दा र डर लाग्दा प्राकृतिक परिदृश्य, हिमाली जीवन र भूगोलका कुराहरूलाई पनि यिनले आफ्ना नियात्रामा रोचक ढङ्गले बयान गरेका छन् । उनलाई नियात्राकारका रूपमा चिनाउने निबन्धहरू फुटकर रूपमै प्रकाशित छन् ।

१) को बौद्धिक–    रूपरेखा (२०३४)

२) झरीन् अर्थात् झरना – मधुपर्क (२०२५)

३) फरियाद सवाक र अवाक – रूपरेखा (२०२७)

४) खोजी रमाइलोको –  रूपरेखा (२०२७) ।

उनको फरियाद सवाक र अवाक नियात्रा हिन्दी भाषामा लेखिएको छ ।

### च) अनुवादक व्यक्तित्व

नेपाली भाषामा मात्र होइन हिन्दी र नेवारी भाषामा समेत राम्रो दख्खल भएका जगदीश घिमिरे एक अनुवादक व्यक्तित्वका रूपमा पनि चिनिन्छन् । उनले विभिन्न पत्रपत्रिका मार्फत् विश्व प्रसिद्ध साहित्यकारका कृतिहरू नेपालीमा अनुवाद गरेका छन् । उनले अनुवाद गरेका कृतिहरू जस्ताको त्यस्तै अनुवाद नगरी मुख्य भागमा मौलिकता थपेर नेपाली परिवेश र वातावरण अनुसार सिर्जना गरेका छन् । उनले अङ्ग्रेजी भाषाबाट नेपाली भाषामा अनुवाद गरेका रचनाहरू निम्नालिखित छन् :

१) आधा र सिङ्गो –  अभिव्यक्ति (वर्ष १, अङ्क १, पृ. २०, २०२७)

२) मेरो मृत्यु –  अभिव्यक्ति ( वर्ष १, अङ्क १, पृ. २२, २०२७)

३) धर्म –  अभिव्यक्ति ( वर्ष १, अङ्क १, पृ. ३२, २०२७)

४) स्वीकारोक्तिहरू – अभिव्यक्ति ( वर्ष १, अङ्क १, पृ. ५९, २०२७)

५) दाहिने हात – अभिव्यक्ति (वर्ष १, अङ्क १, पृ. ७३, २०२७)

६) कायाकल्प – अभिव्यक्ति (वर्ष १, अङ्क १, पृ. २४१, २०२७) ।

समग्रमा भन्नु पर्दा जगदीश घिमिरे बहुमुखी व्यक्तित्व भएका मानिस हुन् । यिनले साहित्येतर र साहित्यिक दुवै क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएका छन् ।

## २.४ जगदीश घिमिरेको उपन्यासको सिर्जन परम्परा

विभिन्न साहित्यकर्मीहरूसँगको भेटघाट प्रत्यक्ष सम्पर्क तथा विभिन्न देशव्यापी साहित्य सेमिनारमा भाग लिने अवसर पाई साहित्य क्षेत्रमा प्रवेश गरेका जगदीश घिमिरे अहिले पनि प्रतिकूल स्वास्थ्यका बाबजुद पनि निरन्तर साहित्य सेवामा तल्लीन रहेका छन् ।

वि.सं. २०२०/०२१ देखि साहित्य क्षेत्रमा प्रवेश गरेका घिमिरेले उपन्यास भने २०२४ सालतिर मात्र लेखेको देखिन्छ । वि.सं. २०२४ तिर लेखेर २०२७ सालमा मात्र पुस्तकाकार कृतिका रूपमा छापिन पुगेको घिमिरेको पहिलो औपन्यासिक कृति **लिलाम** हो । साहित्य क्षेत्रमा निरन्तर रूपमा संलग्न उनका हालसम्म प्रकाशित अन्य उपन्यासहरूमा **साबिती** र **सकस** पनि रहेका छन् । यी तीनवटै उपन्यासमा राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशको सामाजिक, आर्थिक, नैतिक, राजनीतिक र मनोवैज्ञानिक पक्षको उद्घाटन भएको पाइन्छ । मानवीय विकृति र विसङ्गतिलाई केलाएर त्यसप्रतिको आलोचनात्मक व्यङ्ग्य यिनका उपन्यासले गरेका छन् । यिनले आफ्ना उपन्यासमा समाजमा देखे, भोगेका यथार्थ वस्तु तथा घटनाहरूलाई समेटेका छन् ।

जगदीश घिमिरेको उपन्यास सिर्जनाको प्रेरणा स्रोत उनको आफ्नै जन्मथलो रामेछाप जिल्लाको मन्थलीको मनोरम सुन्दरता, त्यहाँको तत्कालीन परिवेश र मानवीय जीवनका भोगाइ नै हुन् भन्न सकिन्छ । उनको पहिलो उपन्यास **लिलाम**मा मन्थलीकै नेपाली ग्रामीण समाजलाई उतारिएको छ भने **सकस** पनि त्यो समाजबाट टाढा रहेको छैन । आफूले देखे, सुने र भोगेका कुरालाई कलात्मक रूप दिँदै आफ्ना औपन्यासिक कृतिका माध्यमद्वारा अघि सार्ने घिमिरेका उपन्यासले मानवीय विकृति, विसङ्गतिका साथै ऐतिहासिक पक्षलाई पनि समेटेका छन् । उनको **साबिती** उपन्यासमा मानिसको विसङ्गत जीवन भोगाइ छ भने **सकस** उपन्यासले नेपालको इतिहास र वर्तमान कालखण्डलाई प्रस्तुत गरेको छ ।

जगदीश घिमिरेका उपन्यासमा समाजमा देखेका, भोगेका, सुनेका यथार्थ वस्तु तथा घटनाका साथै सामाजिक अव्यवस्था, राजनीतिक शासन व्यवस्थाको लापरवाहीपन, विकृति र विसङ्गतिप्रति कडा आलोचना पाइन्छ । सामाजिक शोषणप्रतिको रुखो आक्रोश, आलोचनात्मक यथार्थवादी शैली, प्रयोगवादी, अस्तित्ववादी, विसङ्गतिवादी, जीवनदर्शन, चेतनाप्रवाह शैली, मनोविज्ञान जस्ता प्रवृत्ति घिमिरेका उपन्यासमा पाइन्छन् (पौडेल, २०६८ : ४४) । उनका उपन्यासले नेपालको ऐतिहासिक पक्षलाई पनि समेटेका छन् ।

## २.४.१ जगदीश घिमिरेको उपन्यास लेखनको चरण विभाजन

नेपाली साहित्यका क्षेत्रमा वि.सं. २०२०/०२१ तिर फुटकर लेख रचना प्रकाशित गराएर प्रवेश गरेका जगदीश घिमिरे वर्तमान समयसम्म निरन्तर रूपमा साहित्य यात्रामा

क्रियाशील भएर नेपाली साहित्य भण्डारलाई पूर्ण बनाउने कार्यमा लागिरहेका छन् । साााहित्यका विविध विधामा कलम चलाएका घिमिरेले उपन्यास लेखनको थालनी भने वि.सं. २०२४ बाट गरेको देखिन्छ । हालसम्म उनका तीनवटा उपन्यासहरू पुस्तकाकार कृतिका रूपमा प्रकाशित भइसकेका छन् । तिनै उपन्यासलाई आधार मानेर उनको उपन्यास यात्रालाई चरणगत रूपमा दुई चरणमा बाँडेर अध्ययन गर्न सकिन्छ ।

क) पूर्वार्ध चरण – वि.सं. २०२७ – २०६८

ख) उर्त्तरार्ध चरण – वि.सं. २०६९ – हालसम्म

यिनै दुई चरणका आधारमा घिमिरेका औपन्यासिक चरणगत प्रवृत्तिको अध्ययन गर्न सकिन्छ ।

## क) पूर्वार्ध चरण (२०२७ – २०६८ सम्म)

जगदीश घिमिरेले वि.सं. २०२४ भन्दा अघि देखि नै आधुनिक नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरे पनि उपन्यास लेखनको थालनी भने २०२४ साल देखि मात्र गरेका हुन् । उनले आफ्नो उपन्यास लेखनको पूर्वार्ध चरणमा **लिलाम** (२०२७) र **साबिती** (२०३२) गरी दुईवटा उपन्यास लेखेका छन् । संख्यात्मक रूपमा न्यून रहेका उनका उपन्यासहरू उपन्यासको भाव, भाषा र विषयवस्तुका दृष्टिले महत्त्वपूर्ण रहेका छन् । उनका यस चरणका उपन्यासमा सामाजिक अव्यवस्था, राजनीतिक शासन व्यवस्थाको लापरवाही, विकृति र विसङ्गतिप्रति कडा आलोचना गरेको पाइन्छ । सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, राजनीतिक विसङ्गतिको उद्घाटन, यौन विकृतिको चित्रण, भय र त्रासको प्रस्तुति आदि उनका यस चरणका औपन्यासिक प्रवृत्ति हुन् ।

समाजमा घट्ने यथार्थ घटनालाई विषयवस्तु बनाएर आफ्ना उपन्यासमा प्रस्तुत गर्ने उपन्यासकार घिमिरेले **लिलाम** र **साबिती** उपन्यासमा पनि नेपाली ग्रामीण समाजमा बसोबास गर्ने निम्न वर्गका मानिसहरूका दुःख, पीर, व्यथालाई प्रस्तुत गरेका छन् । समाजमा हुने ढिलासुस्ती, विकृति र विसङ्गतिको यथार्थ प्रस्तुति उनका उपन्यासमा पाइन्छ । शोषक सामन्तीहरूबाट शोषित, पीडित भए पनि विद्रोह गर्न नसक्ने समस्याले उनका उपन्यासका पात्रहरूलाई गाँजेको छ । घिमिरेले यस चरणका उपन्यासमा समाजका रुढीगत मान्यता, वर्गीय संघर्ष, विसङ्गतिका पक्ष, शोषण, दमन र उत्पीडनलाई कटु

आलोचना तथा टिप्पणी गरेका छन् । उनले **लिलाम** उपन्यासमा समाजमा भएका उतारचढावलाई यथार्थ ढङ्गले प्रस्तुत गरेका छन् । समाजमा देखा पर्ने विकृति र विसङ्गतिलाई खोतल्दै समाजमा बसोबास गर्ने व्यक्तिहरूको सामाजिक, सांस्कृतिक र आर्थिक स्थितिलाई प्रस्तुत गरेका छन् । **लिलाम** उपन्यासले मन्थलीको सेरोफेरोको ग्रामीण समाज र त्यहाँका केही हुने खाने र धेरै जसो हुदाँ खाने वर्गको क्रियाकलापलाई निरूपण गरेको छ । विशेषतः त्यस क्षेत्रका सीमान्तकृत वर्गको रहनसहन, रीतिरिवाज, बाँच्ने तरिका, सोचाइको स्तर, आनीबानी, भेषभूषा, खानपानको यथार्थ रूपलाई प्रष्ट्याएको छ (पौडेल, २०६८ : ४८) । **लिलाम** उपन्यासको माध्यमद्वारा घिमिरेले ग्रामीण नेपाली समाजका विभिन्न रूपहरूलाई आलोचनात्मक ढङ्गबाट प्रस्तुत गर्दै शोषित चरित्रमा उग्र विद्रोहको भावना पनि जागरित गराउन खोजेका छन् । यस उपन्यासले विपन्न वर्गको अशिक्षा र विपन्नताले विद्रूप बनेको जीवन अनि शोषक वर्गका शोषणका अनेक रूपहरूलाई छर्लङ्ग पारेको छ । सीमान्तकृत वर्गको बोलीचाली, रीतिरिवाज, भेषभूषा, चिन्तनको स्तर, महत्त्वकाङ्क्षा, जीवनका विद्रूपता जस्ता पक्षलाई **लिलाम** उपन्यासले धेरै हदसम्म दुरुस्त उतार्ने काम गरेको छ ।

समाजमा देखा परेका शोषण, दमन, अन्याय र अत्याचारको वर्णन गरिएको घिमिरेको यसै चरणको दोस्रो उपन्यास **साबिती**मा ग्रामीण समाजमा बसोबास गर्ने ठूला जाति भनाउँदा र गरिब बीचको भिन्नताका साथै दीनहीन गरिब समाजको यथार्थ चित्रण गरिएको छ (गौतम, २०६२ : ४६) । समाजमा घट्ने यथार्थ घटनाहरूलाई नै आफ्नो उपन्यासको विषयवस्तु बनाउने घिमिरेले आफ्ना उपन्यासका माध्यमद्वारा नेपालीहरूको दयनीय अवस्थाको चित्रण गरेका छन् । नागरिकहरूले बाँच्नका लागि गाँस, बास र कपास पाउनुपर्छ र उनीहरूले गरेको श्रमको उचित मूल्याङ्कन हुनुपर्छ भन्ने क्रान्तिकारी स्वर **साबिती** उपन्यासमा अभिव्यक्त भएको पाइन्छ । नेपाली वर्गीय समाजको चित्रण, पेशागत विकृति, शैक्षिक बेरोजगारी, चाकरी, चाप्लुसी, राजनीतिक शोषण र दमन, लेखक तथा पेशाकर्मीहरूको दुर्नियति आदि विषयलाई समेटिएको **साबिती** उपन्यास प्रयोगधर्मी उपन्यास हो (भेटवाल, २०६६ : ३७) । घिमिरेले यस चरणका उपन्यासमा समाजका सबै क्षेत्रमा भ्याङ्गिएर रहेका रुढी र वर्गीय विसङ्गतिका पक्षहरू र शोषण, दमन र उत्पीडनका अवस्थालाई देखाएका छन् । मानिसका विभीषिका, सन्त्रास, अभाव, आक्रमण, पलायन, लुछाचुडी र सहअस्तित्व, असंलग्न, निरस्त्रीकरण आदिबाट जन्मेको विसङ्गति र मान्छेले

भोग्दै आएको घटनालाई आफ्ना उपन्यासमा प्रस्तुत गर्ने घिमिरेले समाजमा रहेका र देखा परेका विसङ्गति र विशेष अवस्थालाई समावेश गरेका छन् ।

पञ्चायती व्यवस्थाको आडमा सर्वसाधारण जनताहरू शोषित हुनु परेको अवस्थालाई देखाइएको प्रस्तुत **लिलाम** उपन्यासमा पञ्चायती व्यवस्थामा विद्यमान राजनीतिक अस्तव्यस्तता, ढिलासुस्तीलाई देखाइएको छ भने **साबिती** उपन्यासमा राजनीतिक द्वन्द्वले पुऱ्याएको मानसिक द्वन्द्वलाई प्रस्तुत गरिएको छ । विभिन्न वर्गीय पात्रहरूको प्रयोग गर्ने घिमिरेका उपन्यासमा समाजमा विद्यमान यौनजन्य विकृति र विसङ्गतिको चित्रण गरिएको पाइन्छ । समाजका तल्लो वर्गका नारीहरूमाथि समाजकै ठूलाबडाले गरेको यौन शोषण परपीडनका समस्यालाई प्रस्तुत गरिएको छ । समाजमा रहेका अनेकौँ विकृति, विसङ्गतिलाई आफ्ना उपन्यासका माध्यमबाट देखाउँने घिमिरेका उपन्यासमा प्रगतिशीलताको सङ्केत पनि पाइन्छ । ठूलाबडाको हैकममा निम्न वर्गले विद्रोह गर्न नसकेर भय र त्रासको वातावरणमा पिल्सिनु परेको अवस्थालाई पनि घिमिरेका यस चरणका उपन्यासले समेटेका छन् ।

उपन्यासमा पात्रको परिवेश र स्थान सुहाउँदो भाषाको प्रयोग गर्न खप्पिस घिमिरेका यस चरणका उपन्यासमा संस्कृत तत्सम् तथा तद्भव शब्दहरूको प्रयोगका साथै नेपालीले ग्रामीण भेकमा बोल्ने स्थानीय भाषाहरूको पनि प्रयोग भएको पाइन्छ । उपन्यासमा सरल, सहज भाषाशैलीका साथै झर्रा नेपाली शब्दहरूको प्रयोगले रोचकता भर्ने काम गरेको छ । भाषालाई जीवन्त बनाउन विभिन्न ठाउँमा व्यङ्ग्यका साथै बिम्ब र प्रतीकको समेत प्रयोग भएको छ । कवितात्मक मधुरताका साथमा व्यङ्ग्यले समेत प्रहार गर्ने उनको भाषिक प्रस्तुतिले पाठकको मानसिकतामा स्पर्श गर्न सक्षम देखिन्छ । समाजमा भए घटेका घटनालाई प्रस्तुत गरी त्यसको समाधानतर्फ सचेत गर्न समेत घिमिरेका यस चरणका उपन्यासहरू सफल भएका छन् ।

### ख) उत्तरार्ध चरण (वि.सं. २०६९ – हालसम्म)

जगदीश घिमिरेको उपन्यास लेखनको उत्तरार्ध चरणका रूपमा वि.सं. २०६९ देखि हालसम्मको समयलाई लिन सकिन्छ । यस चरणमा प्रकाशित उनको हालसम्मको एउटै मात्र उपन्यास **सकस** (२०६९) हो । यो उपन्यासले आयाम र संरचनाका दृष्टिले पूर्वार्ध

चरणका उपन्यास भन्दा ठूलो र व्यापक विषयवस्तुलाई समेटेको छ । त्यसैले **सकस**मा विषयवस्तुगत बहुलता पाइन्छ । यसले दुई सय पचास वर्ष अघि देखिको नेपालको इतिहास र वर्तमान कालखण्डका राजनीतिक परिवेश अनि त्यसले निम्त्याएको अस्तव्यस्ततालाई विषयवस्तुको रूपमा समेटेको छ । प्रताप मल्ल, नरभूपाल शाहहरूदेखि पृथ्वीनारायण शाह, उनका सन्तान, राणाशासन, प्रजातन्त्र स्थापना, पञ्चायत, बहुदल, गणतन्त्र र नयाँ नेपाल समेतको इतिहासलाई समेटेको छ । सकसभित्र अनेक सकसहरू आएका छन् । यस उपन्यासले जिल्ला–जिल्लाको, क्षेत्र–क्षेत्रको मात्र नभएर देशभरिकै सर्वाङ्गीण सकसलाई सङ्केत गरेको छ ।

**सकस** बिना अपराध निर्वासित, विस्थापित जनताका बीचमा आइपरेको **सकस** हो । अनगिन्ती निर्दोष, निहत्था जनता बिनासित्ति मारिदाको **सकस** हो । देशको सङ्कटको, राजनीतिक सङ्क्रमणको **सकस** हो (नेपाल, २०६९ : आवरण पृष्ठ) । अन्य उपन्यासकारका उपन्यासको दाँजोमा यो उपन्यास पृथक रहेको छ । यसमा इतिहास, दर्शन र विचारधाराले व्यापकता पाएको छ । यसले पुराणको समुन्द्रबाट केही, इतिहासको यथार्थबाट केही, वर्तमानको आधीँबेहरीबाट केही, भविष्यको भिजनबाट केही र कल्पनाको आकाशबाट केही महत्त्वपूर्ण पात्रहरूलाई समेटेको छ । मूल रूपमा काल्पनिक पात्रहरूले नै यसलाई समसामयिक स्वरूप दिएका छन् (घिमिरे, २०६९ : भूमिका) । अढाई सय वर्षे इतिहासमा होस् अथवा वर्तमान परिवेशमा नेपाली जनता कसरी कुन हदसम्म शोषित पीडित हुनु परेको छ भन्ने कुरालाई घिमिरेले **सकस** उपन्यासका माध्यमबाट छर्लङ्ग पारेका छन् । विशेषतः यो उपन्यासमा पीडा छ , घृणा छ , कारुणिकता छ , जसले पाठको मनलाई नछोई छाड्दैन । यसमा मानवीय मूल्य र मान्यताको ह्रास देखाउँदै एकांकीमा बाँचेको कुण्ठित, थकित र निराश व्यक्तिको चित्रण गरिएको छ । नेपाली आख्यान साहित्यमा एक अनुपम प्राप्तिका रूपमा आएको **सकस** छरितो भाषा, पुराण सम्मत शैली र ललित व्यङ्ग्यका दृष्टिलेसमेत उच्च रहेको छ (ढकाल, २०६९ : आवरण पृष्ठ) । सामाजिक यथार्थवाद, मनोवैज्ञानिक यथार्थवाद, राजनैतिक यथार्थवाद, मानवतावाद, नारीवाद, कारूणिकता, मर्क्सवादी दृष्टिकोण, व्याङ्ग्यात्मकता, आञ्चलिकता, ऐतिहासिकता आदि घिमिरेका यस चरणका औपन्यासिक प्रवृत्ति हुन् ।

नेपाली आख्यानमा सर्वथा नवीन बान्की बोकेको **सकस** नेपाली साहित्यकै मूल्यवान् धरोहर हो । यसमा कहालीलाग्दो इतिहास छ । मूल्य क्षय हुादै गएको वर्तमान राजनीतिक यथार्थ छ अनि त्यसले भित्र्याएको डर लाग्दो भयावहता जीवन्त कथानकका रूपमा रूपान्तरित भएर आएको छ (पाण्डे, २०६९: आवरण पृष्ठ) । घिमिरेका पूर्वार्ध चरणका उपन्यासले सामाजिक परिवेश र त्यसमा आएको विकृति र विसङ्गतिलाई प्रस्तुत गरेको छ भने यस चरणको उपन्यासले समाजभित्रका सबै पक्षलाई समेटेको छ । एकातिर स–साना बालिकाहरू बलात्कारको सिकार बन्नु परेको कथा छ भने अर्कातिर २०६२/०६३ सालको मधेश आन्दोलनले जाति/जाति बिचमा ल्याएको आपसी वैमनस्यताको व्यथा छ । राणाशासनका विरुद्ध नेपालका वीर योद्धाहरूले गरेको संघर्ष छ । तत्कालीन परिवेशमा सती प्रथाको दर्दनीय अवस्थाको चित्रण छ । विभिन्न समयमा देखा परेका राजनीतिक पार्टी र त्यसले निर्दोष जनतामाथि गरेको अन्याय, अत्याचार, शोषण, दमनको कथा, व्यथा र पीडा छ । एउटा सामान्य व्यक्तिले समेत आफ्नो स्वतन्त्र जीवन बाँच्न नपाउने र बिना अपराध अपराधीको बिल्ला धारण गरेर यातना भोग्नु पर्ने विवशता छ । सिन्धुलीगढीमा फिरङ्गीसँग भिड्दाका कथादेखि दरबारमा तन्त्र साधना र गेरुवस्त्रका आडमा गरिने बकबासहरू छन् । राजदरबार हत्याकाण्डदेखि काङ्ग्रेसको मुक्ति युद्ध आन्दोलनका पीडा छन् । भैरवनाथ गणका यातनादेखि दोरम्बा र जनसरकारका उर्दीहरू छन् । मधेश आन्दोलनका पीडादेखि एकल महिला र बुढेसकालका तिरस्कार छन् । समग्रमा भन्दा उपन्यासकार घिमिरेले सकस उपन्यासका माध्यमबाट देशले बोकेको युगौंदेखिको सकसलाई उतार्ने काम गरेका छन् ।

## २.४.२ निष्कर्ष

वि.सं. २०२१/२१ मा फुटकर लेख रचना प्रकाशन गराएर नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका घिमिरे हालसम्म पनि साहित्यिक रचना र प्रकाशन गर्ने कार्यमा संलग्न रहेका छन् । नेपाली साहित्यका क्षेत्रमा बहुविध व्यक्तित्वका धनी घिमिरेका लगभग एक दर्जन साहित्यिक पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेका छन् । उनले नेपाली साहित्यका क्षेत्रमा विविध विधामा कलम चलाए पनि उपन्यास लेखनमा भने उनको विशिष्टता रहेको देखिन्छ । २०२४ सालदेखि उपन्यास लेखनमा लागेका घिमिरेका हालसम्म तीनवटा उपन्यासहरू प्रकाशित छन् । संख्यात्मक रूपमा न्यून रहे पनि घिमिरेका उपन्यास गुणात्मक रूपमा उच्च रहेका छन् । उनको समग्र उपन्यासयात्रालाई दुई चरणमा विभाजन गरेर अध्ययन गर्न

सकिन्छ । प्रथम चरणमा उनका **लिलाम** र **साबिती** उपन्यास पर्दछन् भने दोस्रो चरणको उनको उपन्यास **सकस** हो । उनका प्रथम चरणको उपन्यासमा मूलतः सामाजिक शोषण, त्यसप्रतिको विद्रोह र रुखो आक्रोश प्रशस्त पाइन्छ भने दोस्रो चरणको उपन्यासमा इतिहासको कालखण्ड समाजमा हुने गरेका यथार्थ घटना र वर्तमान राजनैतिक परिवेशको उदाङ्गो चित्रण छ । सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, प्रयोगवाद जस्ता प्रवृत्ति प्रबल रूपमा रहने यिनका उपन्यासमा अस्तित्ववादी तथा विसङ्गतिवादी प्रवृत्ति पनि पाइन्छन् । उपन्यास लेखनमा अनेकौं शिल्पद्वारा समाज र जीवनको जटिल स्वरूपलाई खँदिलो रूपमा देखाउन खोज्नु यिनको उपन्यास लेखनको खास विशेषता हो ।

तेस्रो परिच्छेद

# जगदीश घिमिरेका उपन्यासहरूको संरचनागत वैशिष्ट्य

## ३.१ विषय परिचय

नेपाली साहित्यका विभिन्न विधाहरूमध्ये उपन्यास विधा एक महत्त्वपूर्ण विधा हो । जगदीश घिमिरेको उपन्यासको अध्ययन-विश्लेषण गर्न र घिमिरेको उपन्यासकारिताको वैशिष्ट्य निरूपणका निम्ति उपन्यास सिद्धान्त स्थापना गरिएको छ । यस परिच्छेदमा यहाा उपन्यास विधाको विधा तत्त्वको सैद्धान्तिक परिचय दिदै औपन्यासिक कृतिहरूको विधातात्त्विक आधारमा विश्लेषण गरिएको छ ।

## ३.२ कथानकको सैद्धान्तिक परिचय

कथानक उपन्यासको आधारभूत तत्त्व हो । यसको निमार्ण सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ । कथानक उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् । कथानक कथावस्तुको प्रस्तुतिको क्रममा देखा पर्ने घटनाहरूको व्यवस्थापन हो । यसको आरम्भ र अन्त्य हुन्छ । यस क्रममा कथानकभित्र द्वन्द्व र उत्कर्षका स्थिति देखा पर्दछन् । पाठकलाई सर्वप्रथम आकर्षित गर्ने तत्त्व कथानक भएकाले यसलाई उपन्यासको आधारभूत पक्ष मानिन्छ (फाास्टर, १९८५ : ४०) । कथानकले कुनै उपन्यासको मूलढााचा निमार्ण गर्ने प्राथमिक तत्त्वको काम गर्दछ । कथावस्तु उपन्यासको कच्चा सामग्री हो । यसलाई संगठित र परिष्कृत गरेर उपन्यासको रचना गरिन्छ । यस अर्थमा कथावस्तु उपन्यासको सबैभन्दा महत्त्वपूर्ण तत्त्व हो ।

उपन्यास लेखनका क्रममा उपन्यासकारले कुनै न कुनै स्रोतबाट कथानक ग्रहण गरेको हुन्छ । त्यस्ता स्रोतबाट प्राप्त सामग्रीलाई उपन्यासकारले जस्ताको त्यस्तै प्रयोग नगरी अन्तर्मिश्रण गर्नाका साथै त्यसलाई आफ्नो कलात्मक चेतनाले छानेर मात्र कथानकको सिर्जना गर्दछन् । सामान्यतयाः कथानकका स्रोतहरू इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पनालाई मानिएको छ (बराल र एटम, २०६६ : २२) । पूर्वीय नाट्य शास्त्रमा कथानक स्रोत प्रख्यात, उत्पाद्य र मिश्रित मानिएको पाइन्छ । इतिहास,

पुराण, लोक कथा आदिबाट लिइएको कथावस्तु प्रख्यात, लेखको कल्पनामा आधारित कथानक उत्पाद्य र प्रख्यात एवम् उत्पाद्यको मिश्रण भएको कथानक मिश्रित कथानक हो ।

उपन्यासमा विभिन्न पात्रका माध्यमद्वारा विभिन्न मानवीय गतिविधि र क्रियाकलापको प्रतिबिम्ब उतार्ने प्रयत्न गरिएको हुन्छ । कथानकलाई नयाँ मोड दिन वा नयाँ सूत्रमा बाँध्नका लागि कतै पूर्वदीप्ति र कतै पूर्वसंकेतको प्रयोग गरिएको हुन्छ । पूर्वदीप्तिका माध्यमबाट बितेका घटनाहरूलाई मूल कथानकसँग जोड्ने काम गरिन्छ भने पूर्वसंकेतका माध्यमबाट भविष्यका गर्भमा रहेका घटनाहरूको आभास अगाडि नै दिइन्छ । कथानक आख्यानको कार्यव्यापारसाग सम्बद्ध तत्त्व हो (अब्राम्स, सन् २००० : १६०) । उपन्यासको विकास आदि, मध्य र अन्त्य गरी तीन अङ्कहरूमा भएको हुन्छ । यही आदि, मध्य र अन्त्य भागले कथानकलाई पूर्णता प्रदान गर्दछ । कथानकको आदि भागमा आरम्भ र संघर्षविकास, मध्य भागमा सङ्कटावस्थाको शृङ्खला र चरम र अन्त्य भागमा संघर्षह्रास र उपसंहार हुन्छ (बराल र एटम, २०६६ : २४) । कथानकको पूर्णताका लागि आदि, मध्य र अन्त्य भाग मिलेको हुनु पर्दछ , जसमा पाठकका जिज्ञासा उत्पन्न हुन्छ र अन्त्यमा सम्पूर्ण जिज्ञासा समाप्त हुन्छ ।

उपन्यासको सफलता र असफलता कथानक र यसको प्रस्तुतिमा निर्भर हुन्छ । विशेष गरी कथानक पात्रपात्राबीचको द्वन्द्व र कौतूहलले गति दिएर अगाडि बढ्छ । उपन्यासमा कथानकमा भएको द्वन्द्व र त्यसबाट उत्पन्न हुने क्रियाको सर्वाधिक महत्त्व रहन्छ । आन्तरिक र बाह्य द्वन्द्वबाट नै पात्रहरूले अगाडिका क्रियाकलाप प्रदान गर्दछन् र कथानक गतिशील भई श्रृङ्खलित रूपमा अगाडि बढ्छ । कथानकमा आउने द्वन्द्व र क्रियाकलापहरू स्वाभाविक, रोचक र सुगठित हुनु पर्दछ । स्वभाविकताको अर्थ विश्वासनीयता वा सम्भाव्यता हो, जसले कथानकलाई यथार्थसँग जोड्ने काम गर्दछ । रोचकता भन्नाले संवेदना र कुतूहलको समिश्रणलाई जनाउँछ । यसबाट कथानकले नाटकीय मोड प्राप्त गर्नुका साथै पाठकको भित्री हृदयमा छुन सक्ने शक्तिको प्रभावकारितामा वृद्धि हुन्छ । सम्भाव्य र स्वाभाविक रूपमा अचानक घट्ने घटनाहरूले कुतूहल उत्पन्न गर्छन् र त्यही कुतूहलले नै कथानकलाई रोचक बनाउँछ ।

गठनका दृष्टिले कथानक सरल र जटिल दुई किसिमका हुन्छन् । अरिस्टोटलका अनुसार एउटै अविच्छिन्न कार्यव्यापार भएको कथानक सरल र स्थितिविपर्यय तथा

अभिज्ञानका सहायताबाट भाग्य परिवर्तन हुन्छ भने त्यो जटिल कथानक हो (घर्ती, २०६७ : ७२) । उपन्यासमा कथानक एक्लै पनि आउन सक्छ र एकभन्दा बढी पनि आउन सक्छन् । सुरूदेखि अन्त्यसम्म अविच्छिन्न रूपमा रहने मूल कथा प्रधान कथानक हो र मूल कथासँग आबद्ध भएर आउने मूलकथाको सहायकका रूपमा आउने उपकथानक हो । कथानकको ढाँचा भन्नाले कथानक प्रस्तुति गर्ने तरिका भन्ने बुझिन्छ । उपन्यासमा रहेका आदिदेखि अन्त्यसम्म रहेका घटनावलीहरूको संयोजनलाई उपन्यासकारले आ–आफ्नो रुचि, प्रभावकारिता तथा कौशलको प्रदर्शन गर्नाका लागि विभिन्न ढाँचा अवलम्बन गरेका हुन्छन् । मुख्यतः कथानक ढाँचा रैखिक र वृत्तकारीय गरी दुई प्रकारका हुन्छन् । रैखिक कथानक सोझो रूपमा अगाडि बढेर उपसंहारमा पुग्ने किसिमको हुन्छ भने वृत्तकारीय ढाँचाको कथानकमा पूर्वदीप्ति शैलीको प्रशस्त प्रयोग गरिएका घटनाहरूको समावेश गरिएको हुन्छ । आधुनिक उपन्यासमा कथानकलाई व्यतिक्रमिक रूपमा प्रस्तुत गरिन्छ । पूर्वावलोकन पद्धतिमा यसको क्रमिकता मिलेको हुँदैन (अब्राम्स, सन् २००० : २२६) । कालक्रमका दृष्टिले कथानकमा व्यतिक्रम देखापरे पनि कार्यकारण सम्बन्धले त्यसलाई स्वाभाविक तुल्याउँछ ।

प्रारम्भकालीन उपन्यासमा कथानकलाई प्रमुख तत्त्व मानिए पनि हाल पात्रका तुलनामा त्यसको महत्त्व र अनिवार्यता घट्दै गइरहेको छ । आधुनिक समयमा कथानकलाई प्रधानता नदिई पात्र र त्यसको चरित्र चित्रणलाई महत्त्व दिएको पाइन्छ (प्रधान, २०४३ : ८) । त्यसकारण पात्रको दाजोमा कथानकको महत्त्व कम रहन थालेको छ ।

## ३.२.१ लिलाम उपन्यासको कथानक

जगदीश घिमिरेको **लिलाम** उपन्यासले नायक बहादुरेको जीवनको सर्वस्व लिलाम हुने घटनालाई ध्वनित गरेको छ । उपन्यासको कथावस्तु एक रातको छ । एक रातको घटनालाई नै उपन्यासको विषयवस्तु बनाएर बहादुरे तथा उसका परिवारमा आफ्नो सर्वस्व लिलाम हुने कुराले बनाएको उथलपुथलको अवस्थालाई उपन्यासकारले प्रस्तुत गरेका छन् । उपन्यास नेपालको उत्तरपूर्वी गाउाको पृष्ठभूमिमा केन्द्रित छ । उपन्यासका प्रमुख पात्र बहादुरेमा उत्पन्न मानसिक पीडा र छटपटीलाई प्रस्तुत गर्दै उपन्यासको आयाम विस्तार भएको छ । परम्परागत परिच्छेद विभाजनको ढाँचामा लेखिएको **लिलाम** उपन्यासले जम्मा ९३ पृष्ठ संख्या र लामाछोटा सोह्र परिच्छेदमा पूर्णता प्राप्त गरेको छ । यसमा बढीमा १३ पृष्ठ र घटीमा २ पृष्ठसम्मका परिच्छेदहरू छन् ।

यस उपन्यासको विभिन्न घटनाहरूको प्रस्तुतिमा, विभिन्न पात्रहरूको भेटघाटमा संवादात्मक शैलीको प्रयोग गरिएको छ । त्यसका अतिरिक्त स्वयम् बहादुरेका मनोलाप तथा उसका श्रीमती र छोरीहरूको वार्तालापमा लिलाम उपन्यासको कथावस्तु अगाडि बढेको छ । उपन्यासको भाषा संवादात्मक हुनाका साथै विभिन्न ठाउँमा (........) डटको प्रयोग र कतिपय ठाउँमा (–) निर्देशक चिन्हको प्रयोगले उपन्यासको संरचना नौलो जस्तो लाग्दछ । पात्रहरूले कतिपय ठाउँमा बोलेका कुरा पूरा नभई बीचैमा रोकिएका छन् । प्रसङ्गले मात्र वाक्यांशलाई अर्थ्याउन सकिन्छ । विभिन्न किसिमका उखान, टुक्का, निपात र थेगोको प्रयोगले उपन्यास रोचक बनेको छ ।

**लिलाम** सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो । यसको कथानक प्रारम्भदेखि अन्त्यसम्म एउटै मुख्य घटनामा केन्द्रित छ । लिलामको शाब्दिक अर्थ कुनै धनमाल, जग्गा आदिलाई मूल्य बढाबढ गरी बढी मोल कबुल्नेलाई बिक्री गर्ने काम (अधिकारी र भट्टराई, २०६३ : ८८१) भन्ने बुझिन्छ । यही अर्थमा उपन्यास केन्द्रित छ । उपन्यासमा प्रयुक्त पात्र बहादुरेको सर्वस्व लिलाम हुने विषयलाई यस उपन्यासले ध्वनित गरेको छ । यस उपन्यासमा प्रस्तुत भएको प्रासङ्गिक कथावस्तुले पनि मुख्य कथावस्तुलाई विस्तार गर्न सहयोग गरेको छ । कथानक पूर्वदीप्तिका माध्यमबाट अघि बढेको छ । उपन्यासको कथानक बेलुकीपख थाकेर आएको बहादुरेको घर प्रवेशबाट सुरु हुन्छ र उसकै घर छेउछाउमै समाप्त पनि हुन्छ । कथानक विस्तारका क्रममा बहादुरेले स–साना

घटनाहरूको संस्मरण गर्छ । ऊ आफ्नो सर्वस्व लिलाम कसरी हुँदैछ भन्ने कुरामा उसका विगतका घटना र गाउँमा भएका स्वार्थी प्रवृत्ति बोकेका, सामन्ती संस्कारमा हुर्केका, शोषकहरूको प्रवृत्तिगत विशेषताहरूले कथानक विस्तारमा महत्त्वपूर्ण भूमिका खेलेको छ । जसले सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्यको साथसाथै सामाजिक सुधारको सन्देश पनि दिएको छ ।

उपन्यासको विषयवस्तु रामेछाप मन्थलीमा बसोबास गर्दै आएको एउटा विपन्न अशिक्षित र बेलाबेलामा घाट तार्ने काम पनि गर्ने बहादुरे मिजार र त्यस समाजको सेरोफेरोमा हुने शोषणको निरूपणमा केन्द्रित छ । उपन्यास अझ मुख्यतः निर्दोष बहादुरेको घरजग्गा लिलाम हुने गरी साहूको ऋण असुल उपर गराई दिने अदालती निणर्य पछि बहादुरे र उसको परिवारमा त्यसको असर कस्तो रह्यो भन्ने देखाउन केन्द्रित छ । बहादुरेको बाबुले मर्ने बेलामा “रिन धन केही पनि छैन नानी......राम्ररी गरेर खाएस्” (पृ. २६) भनेको थियो । यस अर्थमा बहादुरे कुनै पनि ऋण नभएको व्यक्ति देखिन्छ तर बाबुको मृत्यु भएको दुई वर्ष नपुग्दै गाउँभरि साहूहरू देखा पर्न थाल्छन् । जग्गाको तिरो तिरेको बहानामा तालुकदारले उसलाई बाबु मर्नुभन्दा अगाडि पाँच वर्षको र बाबु मरेदेखि यता दुई वर्षको गरी जम्मा सात वर्षको साँवा, ब्याज र ब्याजको पनि स्याज तिर्न बाध्य बनाएको छ । आफूसँग तिरो तिरेको कुनै प्रमाण नभएको र भएका एकदुई वटा कागज पनि तालुकदारले अर्कै कागज हो भनेर आफैँसँग राखेकाले बहादुरे ऋण स्वीकार्न बाध्य भएको छ । बहादुरेको अशिक्षित, गरीबी र सोझोपनाको फाइदा ठालुवर्गले षड्यन्त्रमूलक ढङ्गले लिएका छन् । बहादुरेले यसको विरोध तथा विद्रोह गर्न सकेन किनभने ऊ निर्धो थियो, गरिब थियो, अबोध थियो, अर्थात् ऊ एउटा प्राण भरिएको भकुण्डो थियो । जसले जसरी खेलायो त्यसरी खेलिनु पर्दथ्यो ।

यस उपन्यासको कथावस्तुले समाजमा रहेका माथिल्ला वर्गका व्यक्तिले तल्लो वर्गका व्यक्तिमाथि गर्ने शोषण, दमन, अन्याय र अत्याचार जस्ता यथार्थ घटनामाथि आलोचना गरेको छ । यथार्थ चित्रणका माध्यमबाट यसको कथावस्तुले प्रगतिशीलताको बाटो खोजेको छ । घिमिरेको यस उपन्यासमा हाम्रा ग्रामीण जनजीवनका सानातिना कुरा पनि बढी रोचक ढङ्गमा, बढी रोचक भाषामा भनेका छन् । जीवनका विविध पक्ष देखाइदिएका छन् । “केही नारावादीले मन नपराउन वा तथाकथित अमूर्तवादी वा

शैलीवादीहरूले मन नपराउन तर यो उपन्यासले नेपालका अहिलेका १ करोड, २१ लाख जनसंख्याको चित्रण गर्दछ" (बन्धु, २०६५ : ११३) भनेका छन् । आफ्नो सर्वस्व लिलाम हुने कुराले बहादुरेका मनमा निकै चर्को खटपटी मच्चिन थाल्दछ । जहान परिवारले पनि थाहा पाउँछन् । चेतना शून्य उनीहरूमा एक किसिमको ठूलै त्रास मडारिन थाल्छ । यही क्रममा बहादुरेको परिवारिक परिस्थिति, उसको विपन्नता, त्यसले निम्त्याएको विद्रूपता, समाजले गर्ने गरेको ऊ र उसका परिवारप्रतिको शोषण, समाजका शोषक सामन्तहरूको अन्य कुटिल चालहरू देखाउँदै जाँदा यस कृतिले उपन्यासको आकार लिएको छ (पौडेल, २०६८ : ४६) । यस उपन्यासमा बहादुरेका माध्यमबाट विगतमा घटेका, देखेका, भोगेका घटनाहरूको संस्मरणात्मक रूपमा आएका प्रासङ्गिक घटनाले पनि प्रश्रय पाएका छन् ।

यस उपन्यासमा गौण कथानकको माध्यमबाट सुक्ष्म रूपमा प्रशस्त अन्याय, अत्याचार, भ्रष्टाचार, अनाचार, दुराचार, जालझेल आदिलाई प्रस्तुत गरेको छ । बिजुलेकी छोरीलाई ठूलाबडा भनाउँदाहरूले आफ्नो भोगविलासको साधन बनाएका छन् । आफ्नो कर्तुत खुल्ला र समाजबाट तिरस्कृत होइएला भन्ने डरले बिजुलेलाई आफ्नो वशमा पार्न विभिन्न प्रलोभन देखाउँदै पम्फीको बच्चाको बाबु हुन् नपरोस् भन्ने उनीहरूको चाहना देखिन्छ । यसै घटनालाई लिएर बिजुलेलाई आफ्नी छोरी पम्फीलाई गाउँबाटै भगाएर पठाउन बाध्य भएको स्थिति उपन्यासमा मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको छ ।

**लिलाम** उपन्यासले झिनो कथावस्तु ग्रहण गरेको छ । उपन्यासमा बहादुरे बेलुकीपख थाकेर घर फर्केदेखि भोलिपल्ट आधा दिनसम्मको समयलाई यसले लिएको छ । बहादुरे बेलुकीपख थाकेर घर फर्केपछिको समयलाई कथानकको प्रारम्भ बिन्दु मान्न सकिन्छ भने भोलि सर्वस्व लिलाम हुने विषयमा बहादुरेका मनमा विभिन्न मनोलाप, सेती, माइली, साहिँलीका बीचको मनोवाद, संवाद र मानसिक छटपटीले कथानकलाई संघर्ष विकासतर्फ मोडेको छ । यसैगरी लिलामको विषयलाई सहन नसकी बहादुरे आत्महत्या गर्न भनी सुनकोसी जानु, जहान छोराछोरीका मायाले मर्न नसक्नु, घर फर्की आएपछि लट्ठी तयारी अवस्थामा राख्नु, खुकुरी उद्याउनु जस्ता प्रसङ्ग प्रमुख रूपमा आएका छन् भने प्रासङ्गिक घटनाका रूपमा महेश्वरप्रसादले मनपरि तरिकाले तामाकोसीघाटमा ठेक्का असुल गर्नु, काङ्ग्रेस पार्टीको नेताको भरौंटे भएर सोझा जनतामाथि अत्याचार गर्नु, दलवीरेले खड्पुले साहूको सामान लिएर आउँदा रोसी खोलाले बगाउँनु, खडपूले साहूका डरले दलवीरेले रोसी

खोलामै आत्महत्या गर्नु, करवीर साहूले बहादुरेकी छोरी माइलीमाथि शारीरिक शोषण गर्नु, धनप्रसाद पाध्या र मंगलध्वज क्षेत्रीले पम्फी दमिनीलाई खेलौना बनाउँनु, पम्फीको बच्चाको बाबु बन्नु नपरोस् भनेर बिजुलेका गोठमा रोजा खालका भैँसी सिंतैमा बाँध्नु, पम्फीले डाँडो काटेपछि बिजुलेलाई चोरीको मुद्दा लगाउनु जस्ता प्रसङ्ग आएका छन् र यिनै प्रसङ्गले कथानकलाई चरम अवस्थामा पुऱ्याउको छ । प्रस्तुत उपन्यासमा बहादुरेले आफ्नो विद्रोहको स्वर नसाको सुरमा थोरै भए पनि उकेलेको छ । उसले महेश्वरप्रसादसँग जम्का भेट हुँदा "ए बाहुन ! तेरो बाबुको सर्वस्व लिलाम हुने भो आज ! बढाबढ गर्न त मलार्स् त ! बल्ल चित्त शान्त भो तेरो ?" (पृ. ९२) भन्नुलाई संघर्ष ह्रासको अवस्था मान्न सकिन्छ । बहादुरेले अघिल्तिरको बाटुलो ढुङ्गालाई गीर खेलेर अगाडि बढाउनुलाई उपसंहारको अवस्था मान्न सकिन्छ । यस अवस्थामा लिलाम उपन्यासको कथानकले आदि, मध्य र अन्त्यमा पूर्णता प्राप्त गरेको देखिन्छ ।

उपन्यासमा प्रस्तुत गरिएका प्रासङ्गिक घटनाहरूले उपन्यासलाई रोचक बनाउनका साथै कौतूहल सिर्जना गरेका छन् । विभिन्न वर्गका पात्रहरूको प्रयोग गरेर तिनीहरूको सामाजिक, आर्थिक, राजनीतिक परिवेशका साथै वर्गीय द्वन्द्वसमेत यसको कथानक बन्न पुगेको देखिन्छ । उपन्यासमा आन्तरिक तथा बाह्य दुवै प्रकारका द्वन्द्वहरू विशेष रूपमा प्रकट भएका छन् । उपन्यासमा बहादुरे र उसका परिवारका सदस्यहरूको मनोद्वन्द्वले उपन्यासमा आन्तरिक द्वन्द्व खडा गरेको छ भने धनप्रसाद पाध्या र मंगलध्वज क्षेत्रीका बीचमा बीस मुरी खेतको चाकलाका निम्ति चलेको आन्तरिक कलह पम्फीसम्म आएर बाह्‍य द्वन्द्वमा परिणत हुन पुगेको छ । धनप्रसाद र मंगलध्वजका बीचमा पम्फीको बच्चाको बाबु बन्नु नपरोस् भन्ने चाहना अनुरूप उच्च स्तरका भैसीले पनि महत्त्व पाएका छन् । उनीहरूको द्वन्द्वमा भैसी द्वन्द्व साध्ने राम्रो साधन बनेको छ । यस्तै करवीर साहूले रामबहादुर थारुलाई एक वर्षको ब्याज मिनाहा गर्ने सर्तमा आसामी लगाएर मरणसन्न हुने गरी पिट्नुले बाह्य द्वन्द्वको सिर्जना गरेको छ ।

उपन्यासमा विभिन्न कथाहरूले प्रश्रय पाएका भए पनि यसको केन्द्रीयता बहादुरेकै सेरोफेरोमा रहेको हुनाले कथानक ढाँचा रैखिक रहेको छ । कथानकको क्रमिक विकास भएकाले यसको कथानक सरल किसिमले अगाडि बढेको छ । कथानकका दृष्टिले लिलाम उपन्यास सरल र सहज रहेको छ ।

### ३.२.२ साबिती उपन्यासमा कथानक

**साबिती** जगदीश घिमिरेको दोस्रो उपन्यास हो । वि.सं. २०२६/०२७ तिर लेखिएको र वि.सं. २०३२ मा प्रथम पटक प्रकाशित भएको यो उपन्यास हालसम्म तेस्रो संस्करणका रूपमा आइसकेको छ । जम्मा ६४ पृष्ठ संख्या र लामा छोटा गरी १७ परिच्छेदमा यसले पूर्णता पाएको छ । यसको परिच्छेद विभाजनमा -¦- संकेतको प्रयोग गरिएको छ । यो उपन्यास विभिन्न खण्ड–खण्डमा विभाजित छ । यसको कथानक पनि विभिन्न खण्डमा खण्डित छ । उपन्यासको प्रत्येक परिच्छेदका प्रत्येक खण्डहरूमा उपन्यासकारले विभिन्न क्षेत्रमा घट्ने घटनाहरूलाई समावेश गरेका छन् । उपन्यासमा कुनै पनि घटनाहरू सिलसिला बद्ध रूपमा वर्णित छैनन् । उपन्यासको केन्द्रीय तथा समाख्याता पात्र 'म' घटनाहरूलाई खजमजिएकै अवस्थामा वर्णन गर्दछ । परिच्छेदहरू लामा छोटा गरी कम्तिमा १ पृष्ठदेखि बढी ८ पृष्ठसम्म रहेका छन् । डिमाइ साइजका ६४ पृष्ठ ओगटेको लघु आयामको यो उपन्यासले सामाजिक शोषण र त्यसप्रतिको रुखो आक्रोशलाई प्रस्तुत गरेको छ ।

यस उपन्यासमा उपन्यासकारले 'म' पात्रका माध्यमबाट जीवन र जगतमा घट्ने सामाजिक विसङ्गतिका घटनाहरूलाई समावेश गरी साबिती बयान दिए झैँ उपन्यासको आन्तरिक संरचनालाई बिस्तार गरेका छन् । यसमा घिमिरेले म पात्र आफू युवावस्थामा कम्युनिष्ट समाज छापामार युद्धमा संलग्न रहेको र उक्त युद्धबाट विमुख हुनुको कारणहरू साबिती बयानका रूपमा प्रस्तुत गरेका छन् । उपन्यासका बीच–बीचमा केही गौण पात्रहरू पनि देखा पर्छन् र ती गौण पात्रहरूका बीच संवादात्मक शैलीमा उपन्यास अघि बढेको छ भने अधिकांश ठाउँहरूमा स्वयम् 'म' पात्रका माध्यमबाट कथावस्तु अगाडि बढेको छ । प्रयोगवादी वा अस्तित्ववादी, विसङ्गतिवादी जीवन दर्शनको अभिव्यक्ति चेतनप्रवाह शैलीमा लेखिएको यो उपन्यासलाई दादावादी विद्रोही चेतनाले पनि ठाउँठाउँमा गाँजेको छ । साबिती घिमिरेको प्रयोगधर्मी उपन्यास भएकाले यस उपन्यासको संरचनाको नवीन पक्ष प्रयोगधर्मिता हो ।

**साबिती** उपन्यासको कथानक विभिन्न खण्डहरूमा खण्डित भएको छ । साबिती कथानकहीन कथानक भएको प्रयोगधर्मी उपन्यास हो । उपन्यासमा कुनै पनि घटना छैन, कथानक छैन, आदि, मध्य र अन्त्य जस्ता स्थिति पनि छैनन् । तिनीहरूको व्यवस्थापन छैन (भट्टराई, २०६५:७०) । यस उपन्यासले खास गरी आफ्नो जीवनमा घटेका घटना र जीवनमा अनुभव गरेका जीवनगत परिस्थितिहरूको पूर्ण यथार्थ चित्रण र त्यसमा घटेका संघर्षका सुक्ष्म चेतनाको झिल्काझिल्कीलाई कथानकका रूपमा प्रस्तुत गरेको छ । उपन्यासमा कथानक विस्तार र घटनाक्रमबीच उचित तालमेल र मूल रूपमा कथानकको किटान नभए पनि यसको प्रयुक्त 'म' पात्रले देखेका, भोगेका अनेकौँ कुराहरूलाई यसले विषयवस्तुका रूपमा ग्रहण गरेकाले यसको मूल कथानकको स्रोत नेपाली समाज हो । यसमा नेपाली समाजका विविध पक्षलाई यथार्थ ढङ्गमा प्रस्तुत गरिएको छ । उपन्यासमा विभिन्न परिच्छेदहरूले विभिन्न विषय ग्रहण गरेका छन् । छुट्टा–छुट्टै प्रसङ्ग र विषयलाई प्रयोग गरिएकाले कथानकहरू छरपष्ट भएका छन् । विभिन्न खण्ड–खण्डमा विभक्त साबिती को मूल कथानक हाम्रो वर्तमान समाजमा भए घटेका प्रत्येक भोग्ने दैनिक जीवनका असङ्गत, विसङ्गत पक्षलाई लिएर निर्माण भएको छ । लेखकले यथार्थको भावभूमि र धरातलमा उभिएर समय सापेक्ष, परिवेश सापेक्ष, अनुभूति र भोगेका नियतिलाई एक पक्ष वा अर्को पक्षमा सबैले भोगेका छन् ।

**साबिती** उपन्यासको पहिलो परिच्छेदमा म पात्रले गरेको आफ्नो कुकर्म र हाम्रो समाजमा देखा परेका शोषण, दमन, अन्याय र अत्याचारको वर्णन गरिएको छ । दोस्रो परिच्छेदमा ग्रामीण समाजमा बसोबास गर्ने ठूला जाति भनाउँदा र गरिब बीचको भिन्नताका साथै दीनहीन गरिब समाजको यथार्थ चित्रण गरिएको छ । जसमा झुप्रे कामी र उसकी श्रीमतीको दीनहीन अवस्थाले अधिकांश गरिब नेपाली जनताको प्रतिनिधित्व गर्दछ । "जिम्माल्नी साएपले बक्स्या मकैको च्याख्ला भोका छोराछोरीले स्वात्तै निलिहाले । म पनि त भोकै छु" (पृ. ६) । भोकले रन्थनिएको कामी स्वयम्ले आफूलाई खाना नराखिदिएको निहुमा आफ्नै झुप्रोमा आगो झोसेर सबै जहान परिवार एकै चिहान बनाउन तम्सेको आवेगीपन देखाइएको छ । परिच्छेद दुईमा आएको यो घटना साँच्चिकै सिङ्गो उपन्यास बन्ने किसिमको छ ।

यस उपन्यासको तेस्रो परिच्छेदमा उपन्यासकारले आफ्नो विगतलाई कोट्याउँदै आफ्नै आत्मकथाको प्रस्तुति गदर्छन् । आफूले विगतमा भोगेका भोगाइ त्यसबाट आफूलाई परेको छापलाई व्यक्त गरेका छन् । विपन्न र निरूपाय म पात्रले बिरामी भएर अस्पतालमा भर्ना भए पनि माथिबाट फोन आएको भरमा उसले अर्को बिरामीलाई अस्पतालको बेड खाली गरिदिनु पर्ने भएको छ । अस्पतालकी हेपाहा नर्सको व्यवहारप्रति 'म' पात्रको विवाद चर्केको छ । चौँथो परिच्छेदमा उपन्यासकार आफ्ना आफन्तहरूको सम्झना गरी वर्तमान राजनीतिक क्षेत्रमा देखा परेका स्थितिका बारेमा उल्लेख गरेका छन् । आफू केही गर्न नसक्ने व्यक्तिका रूपमा पाएको आफ्नो हीन भावनालाई प्रस्तुत गरेका छन् । पाँचौं परिच्छेदमा उपन्यासकार आफू चाकरीमा जान लाग्दा पालेले रोकेको त्यसपछि उनले पौराणिक ग्रन्थ रामायणमा घटेको घटना जम्बवानले हनुमानको शक्ति बताएपछि हनुमान समुन्द्र पार गर्न सक्षम भएको बताउँछन् । त्यसपछि पालेको शक्ति बढेको महसुस गर्छ र आफू चाकरीमा जान पाएको घटना प्रस्तुत छ । यसबाट के स्पष्ट हुन्छ भने उपन्यासकारले पालेलाई व्यङ्ग्यात्मक दृष्टिले ठूलो र शक्तिवान बनाइएको प्रष्ट हुन्छ । जसले तत्कालीन पञ्चायती व्यवस्थाको खिल्ली समेत उडाएको छ ।

"बाखीको जीउ पचास रुपियाँमा पाइन्छ र आइमाईको जीउलाई त्यति पर्दैन, तिमीहरूको यस राज्यव्यवस्थामा – थुक्क !" (पृ. २२) ।

छैटौं परिच्छेदमा गरिब जनमानसको व्यथा प्रस्तुत गरिएको छ । एउटा गरिबले जिन्दगीमा गरेको संघर्ष र दुई छाक खान र एकसरो लगाउन धौ धौ परेको नेपालीको प्रतिनिधित्व गरिएको छ । "मसँग एउटै मात्र कट्टु छ–नुहाउँदा, लुगा फेर्दा वा इमर्जेन्सी पर्दा लगाउने । लिखा परेको हुनाले जसलाई मैले अहिले थन्क्याएको छु" (पृ. २५) । यस्तो अवस्थाको चित्रण गरी उपन्यासकारले सामाजिक यथार्थको प्रस्तुति गरेका छन् ।जसबाट नेपालीहरूको दयनीय अवस्थाको चित्रण भएको छ । जनताले गाँस, बास र कपास पाउनुपर्छ र उनीहरूले श्रमको उचित पारिश्रमिक पाउनुपर्छ भन्ने क्रान्तिकारी स्वर अभिव्यक्त भएको छ । सातौं परिच्छेदमा गरिबीको कारण आफूले चोरी गर्नु पर्ने घटना प्रस्तुत गरिएको छ । जसले नेपालको बेरोजगार स्थितिको समेत प्रतिनिधित्व गरेको छ । व्यक्ति बेरोजगार भए पछि पेट पाल्न चोर्न पनि पछि पर्दैन भन्ने सङ्केत यसबाट मिल्छ । त्यस्तै समाजमा रहेको भ्रष्टाचारको विद्रोह गर्न नसकेको, देशको कानुनबाट पनि

भ्रष्टाचारीको कारवाही हुन नसकेको घटना प्रस्तुत गरिएको छ । त्यसका लागि गरिबले पनि खान पाउनु पर्छ । कानुनी राज्यको स्थापना हुनु पर्छ भन्ने भावना व्यक्त गरिएको छ । यसका साथै हाम्रो देशमा देखा परेको शैक्षिक बेरोजगारको समस्या र लेखकहरू किन लेख्छन् भन्ने कुरा व्यक्त गर्दछन् । आठौँ परिच्छेदमा महाभारतको ऐतिहासिक प्रसङ्गबाट अत्याचारको विरोध गरिएको छ । "म किल्लाबन्दीमा छु । चक्रव्यूहमा छु" (पृ. २९) । अभिमन्युको लडाईको प्रसङ्ग पनि उल्लेख गरिएको छ । "जबसम्म त्यसको हातमा धनु छ , त्यसलाई मार्न सकिदैंन । सबभन्दा पहिले त्यसलाई शस्त्रास्त्रविहीन तुल्याऊ" (पृ. २९) ।

नवौं परिच्छेदमा उपन्यासकारले नेपालमा भित्रभित्रै सल्किएको क्रान्तिको ज्वाला र नेपालको सांस्कृतिक चित्रण, देशको बिग्रदो अवस्था र लेखकहरूको दयनीय अवस्थाको चित्रण गरेका छन् । दसौँ परिच्छेदमा नेपालीहरूको स्वाभिमानको समर्थन गर्दै सामाजिक विकृतिलाई व्यङ्ग्य प्रहार गरिएको छ । यसै परिच्छेदमा आफूमा विद्रोहको स्वर गुञ्जेको र क्रान्ति चाहेको भावना व्यक्त भएको छ । त्यस्तै देशको शासन व्यवस्थाप्रति घृणा समेत व्यक्त भएको छ । साथै यस परिच्छेदमा केही कवितांशहरू पनि समावेश गरिएको छ । जसमा उपन्यासकारको निजी आत्मवृत्तान्त आएको छ । एघारौँ परिच्छेदमा उपन्यासकारले गल्ली र भट्टीमा हुने गरेको सामाजिक विकृतिलाई खोतलेका छन् । देखावटी प्रेम गर्दै प्रेमको अभिनय गर्नेहरूप्रति गरिएको व्यङ्ग्य छ । यसका साथै समाजमा देखापरेको देहव्यापारको विकृतिमाथि खरो व्यङ्ग्य प्रहार गरेका छन् । बाह्रौँ परिच्छेदमा एउटै परिवारका आमा छोरी समेत देहव्यापार गर्न पछि पर्दैनन् भन्ने कुराको अभिव्यक्ति दिएका छन् ।

"वेश्यालय कुनै पनि देश र समाजको उन्नति नाप्ने कसी हो" (पृ. ४५) ।

तेह्रौ परिच्छेदमा आफू आर्थिक कमजोरीमा परेका घटना समावेश छ । आफूलाई समाजका टाठाबाठा भनाउँदा र आफ्नै नातागोताबाट शोषण गरिएको घटना प्रस्तुत छ । आफ्नो गन्तव्य टाढा भएको तर आफ्नो इच्छा चाहना र मनोकांक्षा अनुसारको आम्दानी नभएकोले दु:ख लागेको अवस्था उपन्यासमा देखा पर्दछ । उपन्यासकार समाज सुधारको माग गर्दछन् । "यो सडक कसको हो ? कार चढ्नेको कि पदैल यात्री को ? वनको काफल, ऐसेलु कुनै एक जनाको होइन । यो भोकाहरूको हो" (पृ. ५०) । यसै परिच्छेदमा उपन्यासकार समाजमा देखापरेका विकृतिहरू निर्मूल हुनु पर्ने बताउँछन् । अहम्वादी तथा अवसरवादी नेता, हाकिम, बुद्धिजीवी र पत्रकारहरूको उन्मूलन हुनुपर्ने क्रान्तिकारी विचार

व्यक्त गरेका छन् । चौधौं परिच्छेदमा समाजमा देखिने विविध प्रवृत्तिहरूको प्रस्तुति गरिएको छ । जसमा एउटी केटीको वर्णन समावेश गरिएको छ । केटीको मृत्युको खबर सुन्दा समेत विचलित नभएको अवस्थाको चित्रण गरिएको छ । उपन्यासकार आफू भारत गएको बेलामा बिना टिकट यात्रा गर्दा पुलिसले पक्रेको घटना प्रस्तुत गरिएको छ । जेलको अवस्था, जेलमा हुने र गर्ने पुलिसको दुर्व्यवहारलाई समेत व्यङ्ग्यात्मक तरिकाले व्यक्त गरिएको छ ।

पन्ध्रौं परिच्छेदमा उपन्यासकार आफू दयनीय अवस्थामा अस्पतालको पेटीमा पछारिएको प्रसङ्ग छ । आफू अन्तिम अवस्थामा पुगे जस्तो अनुभव बताएर केही गर्ने साहस नभएको कुरा बताएका छन् । पहिलो विश्वयुद्धले ध्वस्त भएको घटनाको प्रसङ्ग उल्लेख गर्दै आफूले विभिन्न संघर्ष सहदै, खप्दै र जुध्दै बाँचिरहेको भावना अभिव्यक्त भएको छ । ती विभिन्न समस्याहरू आर्थिक, सामाजिक, सांस्कृतिक र विसङ्गतिले आफू अशक्त भएको घटना प्रस्तुत गरेका छन् । जसमा आफू एक्लो भएको र आफूलाई साथ दिने कोही नभएको प्रसङ्ग समेत उल्लेख गरेका छन् । सोहौं परिच्छेद यो उपन्यासको अन्तिम परिच्छेद हो । यसमा उपन्यासकारले कवितात्मक शैलीको प्रयोग गरेका छन् । जसमा उनले समाजमा देखा पर्ने हरेक क्षेत्रका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रस्तुत गरेका छन् । कविताको माध्यमबाट समाजका सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक आदि क्षेत्रमा देखा परेका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । यिनै क्षेत्रहरूमा सुधारको माग राख्दै क्रान्तिकारी विचारधारा प्रस्तुत गरेर उपन्यासको कथानकलाई समाप्त गरेका छन् ।

यसरी **साबिती** उपन्यासमा नेपाली वर्गीय समाजको चित्रण, पेशागत विकृति, शैक्षिक बेरोजगारी, चाकरी, चाप्लुसी, राजनीतिक शोषण र दमन, लेखक तथा लेखन पेसामा संलग्न पेसाकर्मीहरूको दुर्नियति आदि विषयलाई समेटिएको छ । विभिन्न प्रसङ्गमा विभिन्न घटनाहरूको बेग्ला– बेग्लै प्रस्तुति भएकाले उपन्यासको कथानक जटिल बन्न गएको छ । **साबिती** प्रयोगधर्मी उपन्यास भएकाले यसमा आदि, मध्य र अन्त्यका स्थितिहरू स्पष्ट देखिदैंनन् । कथानकका बीच–बीचमा रामायण र महाभारतका प्रसङ्गहरूले उपन्यासमा रोचकता थपेका छन् भने विभिन्न परिच्छेदमा छुट्टा–छुट्टै विषयका प्रसङ्गले कौतूहलता प्रदान गरेका छन् ।

**साबिती** उपन्यासमा मूलतः 'म' पात्रको समाजमा बढेका विकृति र विसङ्गतिप्रतिको बढ्दो आक्रोशले द्वन्द्वको सिर्जना गरेको छ । उपन्यासमा प्रयुक्त 'म' पात्रको मानसिक आवेग

संवेगहरूले उपन्यासमा आन्तरिक द्वन्द्व खडा गरेका छन् भने बिना टिकट यात्रा गरेको अपराधमा पुलिसले लात्ती बजार्नुले बाह्य द्वन्द्व खडा गरेको देखिन्छ । यसको कथानक ढाँचा वृत्तकारीय रूपमा रहेको छ र घटनाहरूका बीच–बीचमा क्रम भङ्गका अवस्थाहरू देखिएका छन् ।

### ३.२.३ सकस उपन्यासमा कथानक

**सकस** जगदीश घिमिरेको उत्तरार्द्ध चरणमा लेखिएको उपन्यास हो । यिनका पूर्वार्द्ध चरणका उपन्यासका तुलनामा यो उपन्यास ठूलो आकारको छ । यसमा विषयवस्तुको बहुलता रहेको छ । तीनवटा चरण, सन्ताउन्न उपशीर्षक र तीन सय छ पृष्ठमा 'सकस' उपन्यासको कथावस्तुले पूर्णता पाएको छ । उपन्यासका प्रत्येक चरणमा छुट्टा-छुट्टै घटनाले स्थान पाएका छन् । पहिलो चरणमा तेइस वटा उपशीर्षक छन् र यसमा नेपाली समाजलाई प्रभावित तुल्याउने नेपालको एकीकरणकालीन समयदेखि लगभग १९९० साल पूर्वको इतिहासका विभिन्न काल खण्डका घटनाहरू विषयका संवाहक बनेर आएका छन् । त्यसरी नै दोस्रो चरणमा चौबिसदेखि एकचालिससम्मका अठार वटा उपशीर्षक छन् । जसमा १९९० पछि २०४७ सालसम्मका ऐतिहासिक घटना परिघटनाहरू समेटिएका छन् । तेस्रो चरणमा बयालिसदेखि सन्ताउन्नसम्मका सोह्रवटा उपशीर्षकमा २०४८ पछि २०३९ सालसम्मका सामाजिक परिघटनाहरू, राजनीतिक पर्यावरणका आधारमा ऐतिहासिक दर्जा पाउने ढङ्गले कथाको विनियोजन गरिएको छ । 'सकस' उपन्यासले करिब २५० वर्ष अघिदेखि नेपाली समाजमा चलेको राजनैतिक घात, प्रतिघात, षड्यन्त्र र द्वन्द्वलाई विषयवस्तु बनाई नेपाली समाजको राजनैतिक सामाजिक र ऐतिहासिक घटना परिघटनाहरूलाई समेटेको छ । यस उपन्यासमा आदि, मध्य र अन्त्यको श्रृङ्खलालाई अस्वीकार गरी कथावस्तुको विकासमा अन्त्यबाट सुरुतिरको नियमलाई कथावस्तुको विकासका लागि अंगालिएको छ । यो पूर्वदिप्ति तथा संस्मरणात्मक शैलीको उपन्यास हो । जीबा र शरदको संस्मरणबाटै यो उपन्यासले पूर्णता प्राप्त गरेको छ । यसमा बाक्ला बाम्क्ला सहायक कथावस्तुहरू धेरै छन् । यसमा यथार्थ घटनाहरूलाई प्रशस्तै आख्यानीकृत गरिएको छ ।

**सकस** उपन्यासको प्रमुख पात्र शरद हो । शरदले लेखेको डायरीमै **सकस** उपन्यासको आदिदेखि अन्त्य सम्मका कथावस्तुहरू समेटिएका छन् । उपन्यासले अनेक उपशीर्षकमा बाँडिएर मूलतः चारवटा कथा भनेको छ । गोर्खालीहरूको राज्यविस्तार

अभियान, दरबारमा चल्ने षड्यन्त्र र हत्याका शृङ्खला, राजाहरूको भोगविलासी प्रवृत्ति र रणबहादुरले गरेको मनपरिमा सताइएका जनसाधारणका अतिशय पीडा र अपमानका कथा एउटा पाटोमा पर्दछन् । दोस्रोमा नेपालमा राणाविरोधी आन्दोलन र महेन्द्रीय शासनका विरोधमा आन्दोलन गर्ने कांग्रेसका दुःखका कथा, २०४६ सालको जनआन्दोलनका कथा र त्यसपछिको शासन सत्ताका अलोकतान्त्रिक जनविरोधी गतिविधि छ । तेस्रोमा माओवादीले गरेको सशस्त्र युद्धका क्रममा जनसाधारणले भोग्नु परेका अकल्पनीय पीडा पर्दछन् । चौथोमा मधेश आन्दोलन, जनजातिहरूको आन्दोलन तथा संविधान सभाको अकाल मृत्युसम्मको नेपालको राजनीति पर्दछ । नेपालको इतिहास र वर्तमान नेपालको विग्रँदो राजनीतिक परिवेशको चित्रण गरिएको उपन्यासमा कथानक जटिल छ । यसमा आन्तरिक संरचना जत्तिकै बाह्य संरचना पनि सशक्त र सबल रहेको छ । वृत्तकारीय ढाँचामा लेखिएको 'सकस' उपन्यासको समग्र संरचना सुसंगठित रहेको छ ।

**सकस** उपन्यास विषयवस्तुगत मुख्य स्रोतका रूपमा अढाई सय वर्षे द्वन्द्वकाल र वर्तमान समयको राजनीतिक स्थितिमा बढी केन्द्रित भएको छ । यस उपन्यासको मुख्य पात्र शरद हो र उसकै केन्द्रीयतामा कथावस्तु अघि बढेको छ । शरदले लेखेको डायरीबाटै उपन्यासको सुरुवात र अन्त्य हुन्छ । यस उपन्यासमा मुख्यतया तीनजना पात्रहरूको कथा छ । त्यसमा पनि मुख्य कथाका रूपमा शरदको कथा नै आएको छ । त्यस बाहेक यसमा जीबा, कुमारी, देवीजी, बोधदादा, रामेश्वर सर, जीमाका कथा र राणाकाल, शाहकाल, माओवादी द्वन्द्वकाल, तराई आन्दोलन लगायतका अन्य थुप्रै कथाहरू प्रासंगिक कथाका रूपमा आएका छन् । यस उपन्यासमा शरद समख्याताका रूपमा आएको छ । जँड्याहा र स्वास्नी फेर्दै हिँड्ने बाबु र एउटी सीमान्तकृत महिलाका बीच भएको छोटो घरजमबाट जन्मेको र आमाले अत्महत्या गरेपछि एकजना पूर्वमन्त्री रहेको भलाद्मीको आश्रयमा हुर्केको युवक शरद हो । उसले आफ्ना जीवनमा भएका र घटेको सम्पूर्ण घटनाहरूको वर्णन गर्ने क्रममा अरु थुप्रै कथाहरू पनि आएका छन् ।

यस उपन्यासमा शरद लगायत आफ्नै बाबुबाट बलात्कृत भएर देवीजीको आश्रममा पुगेकी र त्यहीँ हुर्केर नर्सको काम गर्न थालेकी कुमारी र पहिले शरदकी आमालाई र पछि शरदलाई आश्रय दिने तिनै पूर्वमन्त्री जीबाले आफ्ना जीवनमा भोगेका र अनुभव गरेको विभिन्न कालखण्डका नेपाली सत्ता, शासक र अराजनीतिक वितण्डतावादी समूहहरूबाट

नेपाली जनताले पाएका क्रूरतम सकसहरूको जीवन्त चित्रण गरेका छन् । यसले समाजका हरेक पक्षलाई समेट्नुका साथै विशेष गरी ऐतिहासिक विषयवस्तुहरूलाई आधार बनाएर अघि बढेको छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहदेखि बाबुराम भट्टराई सम्मको शासन कालका, विकृति, विसंगतिका साथै नेपालीले भोग्नु परेका क्रूरतम सकसलाई रोचक ढङ्गमा वर्णन गरिएको छ । नेपाली जनता विगत अढाई सय वर्षदेखि हालसम्म कस्तो निस्सार जीवन बाँचिरहेको छन्, कुन उकुस मुकुसमा निसास्सिएका छन्, बाध्यता र विवशताभित्र नचाहँदा नचाँहदै पनि कसरी युद्धमा होमिएका छन्, द्वन्द्वकालमा नेपाली जनता राज्य र माओवादीको दोहोरो निशाना कसरी बने ? आदि जस्ता कुराहरू महत्त्वपूर्ण तथ्यका साथ कथानकका रूपमा समेटिएका छन् ।

**सकस** उपन्यासको उठान 'कसको नोटबुक ?' शीर्षकबाट भएको छ । जुन शीर्षकभित्रका विषयवस्तुहरू अत्यन्तै कष्टपूर्ण देखिन्छन् । एउटी नाबालिका छोरीले सुरक्षित स्थानमा सबैभन्दा श्रेष्ठ रक्षकबाटै बलात्कृत भएको घटना उल्लेख छ । त्यस्तै गरी विश्वासिलो व्यक्तिको नाटक गरी एकदमै घृणित कार्य गर्ने क्रूर तथा कुपित व्यक्तिको तुच्छ व्यवहार देखाइएको छ । उपन्यासमा कुमारीको विगत नै कहालीलाग्दो देखाइएको छ । आफू समक्ष भएपछि पत्रकार (शरद) सँग विवाह गरेकी कुमारीले जीवनमा अनेक आरोह अवरोह भोलेकी छे । छोरी ६ वर्षकी हुँदा कसैले छोरीको बलात्कार गर्छ । त्यसबेलामा शरद बेपत्ता भइसकेको हुन्छ भने ऊ माथि पनि लाल जस्तो कुटिल व्यक्तिको घृणित नजर वर्षिन थाल्दछ । लाले कुमारी माथि बलात्कारको प्रयास गरे पनि सफल हुँदैन र रक्सीको सुरमा छोरी-शान्ति) लाई आफैँले बलात्कार गरेको खुलासा गर्छ । त्यो सहन नसकी कुमारीले त्यसलाई मार्छे र आफ्नी छोरीलाई आफू हुर्केको पुनः स्थापना गृहमा छाडेर भाग्छे । त्यसरी भाग्दा उसले शरदको डायरी देवीजीलाई दिएर छाड्छे ।

वास्तवमा **सकस** शरदको डायरी तथा कुमारी र उसकी छोरी शान्तिको बलात्कारको संयुक्त पीडा हो, जसलाई लेखकले ज्यादै मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । एउटा पत्रकारले आफ्नी श्रीमतीलाई समेत नभनेका आफ्नै जीवनका पीडाहरूले भरिएको डायरी **सकस** हो । यसमा सात सालको प्रजातन्त्रको लागि लडेका योद्धा जीबाको जीवन कहानी र शरद स्वयम्ले भोग्नु परेका माओवादी र सेनाका मानसिक र शारीरिक यातनाहरूका साथै लुटेरा समूहले आफूमाथि गरेको अपहरण र त्यस बापतका घटनाहरू समावेश गरिएको छ ।

जीबाको संरक्षणमा रहेको शरद एस्. एल्. सी. पास गरेपछि पत्रकारिता विषय लिई क्याम्पसमा भर्ना हुन्छ । त्यहाँ शरदले विद्यार्थीमा राजनीतिक विकृतिको विकास र पठन संस्कृतिको दास भएको र विद्यार्थीहरू पार्टीको भरौटे बनेर विद्यार्थी राजनीतिमा गुन्डागर्दीको विकास भएको पाइन्छ । जीबाको उपचार गर्ने क्रममा शरद र कुमारीको परिचय हुन्छ र सबैको सल्लाह र सहमती अनुसार नै उनीहरूको विवाह भएको हुन्छ । आफ्ना सन्तानबाट अपहेलित भएर अलग्गै बसेका जीबा र जीमाका सन्तानहरूका रूपमा उनीहरूसँगै बसेका कुमारी र शरद नै उनीहरूको बुढेसकालका सहारा हुन्छन् । क्यान्सर रोगले पीडित भएर जीमाको मृत्यु हुन्छ । जीमाको मृत्युले जीबा नियास्निन्छन् । उनलाई पनि एक पाटो नचल्ने पक्षघात हुन्छ । उनका हरेक कार्यमा शरद र कुमारीको आवश्यकता पर्न थाल्छ । जीबा जीवनदेखि दिक्दार हुन्छन् र भन्छन्- “बाबु जवानले माला जप्दैनन् । मान्छेको जवानीमा माला बनाउँछन्, बुढ्यौलीमा जप्छन् । म अहिले मेरा स्मृतिका गेडाले बनेका माला जप्तै छु । गेडा सारा हुन्छन्, सम्भिइन्छ, धागो लुलो हुन्छ, विर्सिइन्छ (पृ. ३९) । शरदले जीबाको मन भुलाउन उनको जीवनका अनुभव लेख्ने विचार गर्छ तर जीबा झर्किन्छन् । पछि फेरि अरुलाई नभए पनि तँलाई त मेरो अनुभव काम लाग्ला भनेर बताउन सहमत हुन्छन् । उनीसँग सबाल जवाफ नगर्ने, मन लागे सुन्ने, नलागे नसुन्ने सर्तमा जीबा आफ्ना बाल्यकालदेखिका उनलाई रोचक र रमाइला लागेका अनेक प्रसङ्ग शरदलाई सुनाउँदै जान्छन् र शरद टेप रेकर्ड गर्दै जान्छ । आफ्ना घरमा पालेको सिँगारी बाखी ब्याएको, आफ्ना आमा बुबाका सन्तानका नाममा छोरा नजन्मेपछि अनेक देवीदेवता भाकेर र हरिवंश पुराण लगाएर आफु जन्मेको पछि भाइ पनि जन्मेको, आफूलाई बुबाले ढिकुराको पुजारी भनेर बढो माया गरेर हुर्काएको, दरबारको नम्बरी पण्डित बनाउन नेपालको तीनधारा पाठशालामा पढ्ने बन्दोबस्त मिलाइदिएको प्रसङ्ग सुनाउँछन् ।

जीबा रामेछापको पाठशालामा आफूसँगै विगतमा पढेको साथी गंगालालको भाषणबाट प्रभावित व्यक्ति थिए । वि.सं. १९९७ मा जुद्धशमशेरले शुक्रराज शास्त्री, धर्मभक्त, दशरथ चन्द र गंगालाललाई मृत्युदण्ड दिएपछि राणाशासनप्रति घृणा जागेर क्रान्तिमा होमिन्छन् । यो कुरा थाहा पाएपछि उनका बाबुको अस्वभाविक मृत्यु हुन्छ । प्रजातन्त्रका तत्कालीन योद्धाहरू बी.पी., गणेशमान, मनमोहन, गिरिजा, कृष्णप्रसाद, पुष्पलाल आदिका सहयोद्धा जीबाले पृथ्वीनारायण शाहको उपत्यका विजय हुँदै शाहवंश, राणाकाल, राणाकालको अन्त्य, २०१७ सालको महेन्द्रले बहुदलीय प्रजतन्त्रमाथि गरेको आक्रमण र

त्यसपछिका दिनमा निरंकुश पञ्चायती व्यवस्थासँग जनताको अन्तरद्वन्द्वलाई आफ्ना जीवनका अनुभूतिका रूपमा समेटेका छन् । **सकस**का मूलपात्र जीबाकै वृत्तान्तले मल्लकाल, शाहकाल, राणाकाल, २००७ साल देखि पञ्चायतकाल, प्रजतन्त्रको पुनः स्थापनाको आन्दोलन, प्रतिगमन विरोधी आन्दोलन र भारतको बन्दुक काँधमा बोकेको माओवादी विद्रोहले आख्यानलाई रोचक बनाएको छ ।

यस उपन्यासमा मल्लकालीन राजाहरूले अंग्रेज समक्ष सुम्पनै लागेको नेपाललाई पृथ्वीनारायण शाहले नबचाएको भए हाम्रो इतिहास र भूगोल अर्को हुने थियो भन्दै विगतमा हाम्रो सीमा आसाम, कुमाउ र गङ्गा नदीसम्म फैलिएको कुरालाई सम्झाइएको छ । पृथ्वीनारायण बाहेक उनका उत्तराधिकारीहरूले देश र जनताका लागि केही राम्रो काम गर्न नसेकेका, केवल दरबाररिया षड्यन्त्र र निरीह स्वार्थमै आफ्नो जीवन बिताएको देखिन्छ । रणबहादुर शाहको पागलपन, बहुलट्ठीपनका साथै क्रूर आमानवीय क्रियाकलापले नेपाली राजनीतिलाई नै तहसनहस पारिदिएको र त्यसले दुरगामी असर वर्तमानसम्म पनि परिरहेको यथार्थ चित्रण यहाँ छ । एउटा स्त्रीलम्पट व्यक्तिले नीचताको हद पार गर्दै कस्तोसम्म कुकृत्य गर्न सक्छ । त्यसको फेहरिस्त प्रस्तुत गरिएको छ । नेपालको सत्ता, शक्ति र स्त्रीको लागि भएको लडन्त र रोमाञ्चकारी इतिहासलाई जीबाले शरदलाई आफ्ना अनुभव र जीवनका भोगाइ बताउने क्रममा छर्लङ्ग पारिदिएका छन् ।

नेपाली राजनीतिको लामो इतिहासमा जुनसुकै नाममा सत्ता र सरकार आए पनि नेपाली जनतामा सुरक्षा तथा स्वतन्त्रताको अनुभूति कहिल्यै हुन पाएन । कुनै राजनैतिक दलले पनि जनताका वास्तविक पीडा बुझ्ने चेष्टासम्म गरेनन् । राजनैतिक पार्टीहरू आपसी द्वन्द्वमा फसेका छन् । कुर्सी र सत्ताको लडाइँले देश तथा जनतालाई हुनसम्मको सास्ति दिइएको छ । चन्दा, अपहरण, हत्या बलात्कारका शृङ्खलाबद्ध घटनाले नेपाली जनता सधैँ त्रसित हुनु परेको छ भन्ने तितो यथार्थलाई 'सकस' उपन्यासमा सशक्त ढङ्गले उल्लेख गरिएको छ । सत्तामा बस्नेहरूको मोजमस्ती र विलासी जीवनले जनताको दुःखमा नजर नपुऱ्याएको तर उल्टै जनतालाई शोषण गरेको कुरा, २००७ साल पछि नेपाली काङ्ग्रेससँग सम्बन्धित पात्रहरूको बानीव्यहोरा, पञ्चायतपछि नेपाली काङ्ग्रेसका कार्यकर्तामा आएको विचलन, पञ्चायत प्रवेश, जनतामा त्यसको प्रभाव आदिले वर्तमान कम उमेरका राजनैतिक कार्यकर्ताहरूलाई झस्काउने काम गर्छ, सिद्धान्त र व्यवहारलाई मिलाउन नसक्दा वा

व्यवहारलाई सिद्धान्तसँग जोड्न नजान्दा धेरै भावुक र इमान्दार निस्सासिए, रक्तको आँशु बगाएर गए, कति कम्युनिष्ट कार्यकर्ताहरू शत्रु र मित्र नचिनेर रक्सी चुरोट र सुन्दरीकै कारण पतन भए । दास युग, सामन्तवादी युग र पुँजीवादको लामो राजनैतिक यात्रामा अनेक कुटिलताका कथाहरू जोडिएका छन् । यस उपन्यासले नेपाली जनताको आर्थिक र सामाजिक असमानता, ठूला भन्नेहरूले सानालाई गर्ने व्यवहार, सत्तामा बस्नेले आफ्नो आवश्यकता अनुसार बनाउने कानुन, शासकहरूलाई खुसी पार्दा पाइने पुरस्कार, खुसी पार्न नसक्दा पाइने त्रासदीपूर्ण यातनाका सबै अवस्थाको चित्रण गरेको छ । देशमा विद्यमान दण्डहीनता, सरकार विहीनता र भ्रष्टाचारको बारेमा सशक्त कुरा उठाइएको यस उपन्यासमा पीडा र शोषणका कारण महिलाहरूले आत्महत्या गर्नु पर्ने सम्मको स्थितिको चित्रण गरिएको छ । दरबारिया षड्यन्त्रका कारण दमिनी बज्यैप्रतिको दुर्व्यवहार अनि तात्कालीन अवस्थामा रहेको सती प्रथाको कारुणिक वर्णन जीबाका कथामा रहेका छन् ।

यसरी शरदको डायरी लेखनमा शरदका कथासँगै जीबाका अनेक कथाहरू जोडिएर आएका छन् । शरदले आफ्नो विसङ्गत जीवन भोगाइलाई कथाका रूपमा प्रस्तुत गरेको छ । माओवादी आन्दोलनले हाम्रो समाजमा देखा परेका विकृति र विसङ्गति लगायत पुलिस, प्रशासक र सेनाको ज्यादती, अनि नेपाली जनताले भोग्नु परेको पीडा, दुवै तर्फको चेपुवामा जीवन गुजार्नु परेको दर्दनाक अवस्थाको चित्रण छ । माओवादी आन्दोलनको उद्गम, संरक्षण र आश्रयस्थलका बारेमा कृतिले स्पष्ट पारेका प्रसङ्गहरू छन् । भारतीय भूमिमा समेत कृतिले मौनताको बाँध फोरेको छ । भारतीय भुमिमा भारतीय नेताहरूको आदेशमा माओवादी र संसदवादी बीच १२ बुँदे समझदारी नामक मिलापत्रमा अङ्कमाल गराइदिएको र हाम्रो देशको राजनीतिमा दिल्लीको भूमिका निर्णायक रहेको उल्लेख गर्दै राष्ट्रियताका बारेमा चिन्ता गरिएको छ । मधेशवादी आन्दोलनपछि तराईमा देखिएको पहाडी विरोधी साम्प्रदायिकता र भारतीय सीमाबाट आएका अपराधीहरूबाट हुने लुटपाट, आतङ्क, हत्या, हिंसा र अपहरणले त्यसबेलाको डर लाग्दो स्थितिको चित्रण गरेको छ । शाहवंशीय शासक र लोकतान्त्रिक गणतन्त्रका विभिन्न राजनैतिक पार्टी र कतिपय राजनीतिज्ञहरूको अनेकौं चर्तिकलाले कृतिमा रोचकता थप्ने काम गरेको छ । शाहकालीन, राणाकालीन, प्रजतन्त्रकालीन, गणतन्त्रकालीन सत्ता राजनीतिका प्रमुख पात्र र तिनका कुप्रवृत्तिलाई नाङ्गेझार पारिएको छ । जुनसुकै समयमा जुनसुकै पक्षले गरेको अत्याचार र दमनलाई जस्ताको त्यस्तै देखाइएको छ ।

**सकस**ले नेपाली राजनैतिक द्वन्द्वको लामो इतिहासलाई सरल शैलीमा व्यक्त गरेको छ । त्यसमा पनि पछिल्लो समयको द्वन्द्वमा बढी केन्द्रित छ । त्यस समयमा सशस्त्र माओवादीलाई घरमा शरण दिन पटक्कै सजिलो थिएन । शरण नदिए स्वयम् माओवादीको बन्दुक कन्चटमा, शरण दिए सेनाको बन्दुक कन्चटमा तेर्सिने गर्दथ्यो । गाउँभरि माओवादी र सेनाका जुलुसहरू हुन्थे, कोसँग के बोल्ने, झूटो बोल्ने कि साँचो बोल्ने ? जे गरे पनि निरीह जनता अचानो नै हुन्थे । त्यस बेलाका निरीह जनताले माओवादीलाई ढुकुटी वा बुइँगल जहाँ पनि लुकाउन बाध्य हुनुपर्थ्यो । माओवादीले जनतालाई प्राणको धम्की दिएर ठूलो रकममा चन्दा माग्थे वा प्रत्येक घरबाट स्वेच्छाले माओवादी हुनुपर्ने बाध्यताको सिर्जना गरिदिन्थे । घरबारी कब्जा गरी सुकुम्बासी समेत बनाउँथे । तत्कालीन समयमा एकातर्फ माओवादीको भेषमा सेनाले दुःख दिने र अर्कोतर्फ सेनाको भेषमा माओवादीले दुःख दिने, जनताका लागि कुनै पनि अवस्था सहज र सुखद थिएनन् । २०६२-०६३ को आन्दोलनको सफलतापछि नेपाली जनताले शान्ति र सुरक्षाको ठूलो अपेक्षा राखेका थिए तर त्यो अनुभूत गर्न पाएनन् । सत्ता खिचातानी, जाति/जातिबीचको आपसी वैमनस्यता, मधेस आन्दोलन र विभिन्न भूमिगत संगठनको प्रभाव स्वरूप नेपाली जनताले निश्चिन्त रूपमा निदाउन पाएका छैनन् । ढुक्क मनले छोराछोरी स्कूल पठाउन पाएका छैनन् । उल्टै खुलेआम हत्या र हिंसाको श्रृङ्खला बढ्दै गएको छ । बेलैमा संविधान बन्न नसक्दा अपराध निरपराध नियन्त्रण गर्ने आधारसम्म बन्न सकेको छैन । यसरी नेपाली जनता हराएको देशको भविष्य खोजिरहेका छन् भनी उपन्यासकारले बडो मार्मिक रूपले उपन्यासमा आफ्ना विचारहरू पोखेका छन् ।

**सकस** २०४६ सालको आन्दोलन खाते, सडक बालबालिका, बलात्कारी र डनहरूले सञ्चालन गरेको नेपालको राजतन्त्रको अन्त गरेर लोकतन्त्र स्थापना गरी आफ्नो जीवनका सुन्दर दिनहरू बिताएका, आन्दोलनमा लागेका, लाठी र बुट खाएका, मारिएर सहिद भएका सबै यथार्थ चित्रण उपन्यासमा शरदका जीवनका विसङ्गतिपूर्ण जीवन भोगाईबाट गरिएको छ । पछिल्लो समयमा नेपालमा चलेको माओवादी आन्दोलन, १९ दिने जनआन्दोलन, गणतन्त्र, धर्म निरपेक्षता, संघीयता र पहिचानको मागलाई निषेध गर्ने र परम्पराबाट चलेको शासनलाई स्वर्ग जस्तो भनेर बयान गर्नेहरू देशभरि सक्रिय छन् । यसरी सक्रिय हुनेहरूमा खास गरी कुलीनहरू, पुरानो शासनसत्ताबाट आशीर्वाद पाएर देशको स्रोतले मोटाएकाहरू

सत्तारुढ वर्ग, जाति विशेषका पुरातनपन्थीहरू अझै पनि जगजगाइरहेका छन् भन्ने कुरा **सकस**ले देखाएको छ ।

उपन्यासमा यस्ता विभिन्न कथाहरूले प्रश्रय पाए पनि यस उपन्यासको मुख्य कथावस्तु भने शरदको विसङ्गत जीवन भोगाइ नै हो । शरदले आफ्ना डायरीमा समेटेका विभिन्न घटना परिघटनाहरूले नै कथावस्तुको रूप प्राप्त गरेको छ । यसमा अनेक कथाहरूको मिश्रण रहेकाले यसको कथानक जटिल किसिमको छ । कथानकको क्रमिक विकास नभएकाले **सकस** वृत्तकारीय ढाचाको उपन्यास हो ।

## ३.३ चरित्रचित्रणको सैद्धान्तिक परिचय

उपन्यासमा देखिने मानवीय र मानवेत्तर प्राणीलाई चरित्र भनिन्छ । चरित्रलाई पात्र पनि भनिन्छ । उपन्यासको विषयवस्तुलाई बोकेर कुनै पनि कार्य सम्पादन गर्ने चरित्रलाई पात्र भनिन्छ । इतिहास र समाज, प्रान्त र देशान्तर, प्रवृत्ति र पुस्ता, जाति र सभ्यता परिस्थिति अनुसार चरित्रकै माध्यमबाट प्रकट हुने गर्दछन् (सुवेदी, २०५३ : १७) । चरित्र आख्यानको प्रतिनिधि व्यक्ति हो । आधुनिक उपन्यासका कथावस्तुको भन्दा चरित्रको महत्त्व सर्वाधिक मानिन्छ । उपन्यास विभिन्न घटनाहरू मिलेर बनेको हुन्छ । ती घटनाहरूको जन्म विभिन्न पात्रहरूको क्रियाकलापबाट हुन्छ । घटना वा वस्तु रचनाको आधार नै पात्र हुन् (अब्राम्स, सन् २००० : ३२) । चरित्रको शाब्दिक अर्थ व्यवहार, आदत, चालचलन, अभ्यास, कृत्य, कर्म, प्रकृति, स्वाभाव, कर्तव्य आदि हुन्छ (आप्टे, १९६९ : ३७४) । चरित्र व्यक्ति तथा समाजको आन्तरिक तथा बाह्य प्रवृत्तिहरूको प्रस्तुति हो । चरित्रचित्रण मार्फत व्यक्ति तथा बृहत् समाजको उद्घाटन गर्ने काम उपन्यासले गर्दछ ।

उपन्यासमा प्रयोग गरिने चरित्र जीवनका विभिन्न सन्दर्भबाट टिपिएका हुन्छन् । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण काम पात्रको हुन्छ । उपन्यासका चरित्रहरू एक अर्काका सापेक्षतामा कस्ता विशेषताहरू लिएर कृतिमा आएका छन् भन्ने कुरा तिनको वर्गीकरणबाट स्पष्ट हुन्छ । आधुनिक उपन्यासमा पात्रहरू प्रशस्त हुन्छन् । यथार्थ परिवेशमा घट्ने घटनाहरूलाई उपन्यासका यिनै पात्रहरूले प्रस्तुत गर्दछन् । उपन्यासमा निर्वाह गरेको भूमिका अनुसार पात्र वा चरित्रलाई लिङ्गका आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई वर्गमा वर्गीकरण गरिन्छ । उपन्यासमा सबै पात्रहरूको महत्त्व समान

रहेको हुँदैन । त्यसैका आधारमा प्रमुख, सहायक र गौण गरी तीन वर्गका छुट्याइन्छ । सबैभन्दा बढी काम गर्ने वा कार्यमूल्य भएको पात्र प्रमुख हुन्छ भने त्यसभन्दा घटी कार्यमूल्य भएको पात्र सहायक र ज्यादै थोरै कार्यमूल्य भएको पात्र गौण हुन्छ ।

उपन्यासको सिङ्गो आयतनभित्र सिङ्गो मानवसभ्यता चरित्रचित्रणकै आधारमा परिभाषित भएको हुन्छ (सुवेदी, २०५३ : १७) । यसै आधारमा प्रवृत्तिका आधारमा पात्रलाई अनुकूल र प्रतिकूल गरी दुई वर्गमा बाँडिन्छ । उपन्यासमा पात्रहरूले सकारात्मक वा नकारात्मक दुवै भूमिका निर्वाह गरेका हुन्छन् (बराल र एटम, २०६६ : २९) । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात् सत् पात्र हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल अथवा असत् हुन्छन् ।

उपन्यासमा स्वाभावका आधारमा गतिशील र गतिहीन गरी दुई वर्गका पात्रहरू हुन्छन्  । उपन्यासमा कुनै परिस्थिति अनुसार बदलिने पात्र गतिशील हुन्छ भने परिस्थिति बदलिए पनि आद्यान्त उस्तै जीवन बिताउने र विचलन नआउने स्वाभावको पात्र गतिहीन हुन्छ । जीवन चेतनाका दृष्टिले उपन्यासमा वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका चरित्रहरू हुन्छन् । वर्गीय चरित्रले निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने गर्दछ भने आफ्नो निजी स्वाभाव वा वैशिष्ट्य प्रस्तुत गर्ने काम व्यक्तिगत पात्रले गर्दछ । उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिका आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् भने उपन्यासको कथानकसँग पात्रको सम्बन्ध गसाइका आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई किसिमका हन्छन् ।

कतिपय उपन्यासमा मान्छे मात्र होइन देवता, राक्षस, पशुपन्छी जस्ता अतिमानवीय तथा मानवेतर पात्रको पनि प्रयोग भएको हुन्छ । त्यस्ता अतिमानवीय तथा मानवेतर पात्रले पनि उपन्यासमा मानवीय चरित्रको उद्घाटन गरेको देखिन्छ । दृश्य मात्र नभएर अदृश्य पनि उपन्यासको पात्र बन्न सक्छन् । यसर्थ उपन्यासमा थुप्रै पात्रहरूको उपस्थिति रहेकाले नै उपन्यास बहुपात्रीय विधा ठहरिन्छ ।

### ३.३.१ लिलाम उपन्यासमा चरित्रचित्रण

**लिलाम** थुप्रै चरित्रहरूको प्रयोग गरिएको उपन्यास हो । नेपाली ग्रामीण समाजबाट लिइएका हुनाले यसका चरित्रहरू स्वाभाविक देखिन्छन् । संख्यात्मक रूपमा थुप्रै पात्रहरूको प्रयोग गरिएको भए पनि यसमा प्रयुक्त पात्र बहादुरेका केन्द्रीयतामा कथानक अघि बढेकाले यसको केन्द्रीय पात्र 'बहादुरे' हो । बहादुरेका जीवनमा घटेका विभिन्न घटनाहरूलाई पूर्वदीप्ति तथा संस्मणात्मक रूपमा उपन्यास सिर्जना भएको छ । उपन्यासमा कथानक विस्तारका लागि विभिन्न पात्रहरूले सहयोग गरेका छन् ।

प्रस्तुत उपन्यासमा 'बहादुरे' अशिक्षित, उपेक्षित र गरिब मिजार जातको पात्रका रूपमा देखिएको छ । ऊ अत्यन्तै सोझो भएका कारण गाउँका ठूलाबडाले षड्यन्त्र गरेर उसको सम्पूर्ण जायजेथा लिलाम गर्ने स्थिति देखा परेको छ । उपन्यासमा बहादुरे कायर मनस्थितिको भएको पात्रका रूपमा देखापर्छ । प्रमुख पात्र हुँदाहुँदै पनि उसको मनस्थिति गिरेको देखिन्छ । ऊ विद्रोह गर्न सक्दैन । बहादुरेले गरिब वर्गको प्रतिनिधित्व गरेको छ । गाउँका शोषक, सामन्तीले ऊ माथि लगाएको अभियोग झुटो हो भन्ने जान्दाजान्दै पनि विद्रोह गर्न नसक्नुले ऊ लाछी र डरपोक चरित्रका रूपमा देखिन्छ । विद्रोह गरेर आफ्नो अधिकार लिनुभन्दा बरू भए भरको सम्पति छाड्ने अवस्थामा पुगेको उनको मनस्थिति यस अवस्थामा गिरेको देखिन्छ ।

बहादुरे उपन्यासमा सेतीको पति, जेठो, जेठी, माइली, साहिँली र काखकी कान्छी छोरीको बाबुका रूपमा देखिन्छ । उसको छोरो जेठो भारत र चीनको भिडन्तमा मारिएको छ । यसले बहादुरे पुत्रशोकमा परेको पिताका रूपमा पनि देखिन्छ । आफ्ना जहान छोराछोरीका गृहस्थी धानेर बसेको भए पनि जहान बच्चाको पालन पोषण गर्न नसक्ने सामर्थ्यहीन भएका कारण आफ्ना छोरीहरू छिट्टै पोइल गईदिउन् भन्ने चाहना उसमा देखिन्छ । भोलि सर्वस्व लिलाम हुने विषयमा उसका श्रीमती र छोरीहरूको मनस्थिति बुझेर भोलि लिलाम हुने भनेर तिमीहरूलाई ढाटेको भन्दै उनीहरू खुशी भएको हेर्न चाहने बहादुरे एक मायालु स्वभाव भएको पात्र हो । जब ऊ मर्न भनेर सुनकोसीमा पुग्छ , त्यति बेला उसलाई कान्छी छोरीका ममताले मर्नबाट रोक्छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म उसको उपस्थिति निरन्तर रूपमा भएकाले ऊ उपन्यासको बद्ध तथा मञ्चीय पात्र हो । नेपाली समाजमा अशिक्षित, उपेक्षित तल्लो वर्गको प्रतिनिधित्व गर्ने पात्र भएकाले ऊ वर्गीय पात्र

पनि हो । सत्य तथ्य कुराको बारेमा जानकारी भएर पनि ठूलाबडाको अगाडि बोल्न नसक्ने, आफ्नै परिवारमा पनि सम्पूर्ण कुरा व्यक्त गर्न नसक्ने अन्तर्मुखी स्वाभाव भएको पात्रका रूपमा बहादुरे देखिन्छ । शोषक सामन्ती वर्गका अगाडि बोल्न नसके पनि भित्रभित्रै प्रतिकार गर्ने स्वाभाव उसमा देखिन्छ । लौरो तयारी अवस्थामा राख्नु, खुकुरीमा धार लगाउनु र साहू काट्नु पर्ने हो कि ? भन्ने विचार गर्नु र रक्सीको मातको सुरमै भए पनि "ए बाहुन ! तेरो बाबुको सर्वस्व लिलाम हुने भो आज बढाबढ गर्न त मर्लास् त ! बल्ल चित्त शान्त भो तेरो ?" (पृ. ९२) भनेर महेश्वरप्रसादलाई गाली गर्नु जस्ता गतिविधिले बहादुरेलाई गतिशील पात्र मान्न सकिन्छ ।

प्रमुख पात्र बहादुरेका अतिरिक्त उपन्यासमा थुप्रै पात्रहरूको उपस्थिति रहेको पाइन्छ । कथानक बिस्तारमा सहयोग पुऱ्याउने यी पात्रहरूको भूमिका सुरुदेखि अन्त्यसम्म नभए पनि कथावस्तुलाई यथार्थ र कौतूहलपूर्ण बनाउन यी पात्रले मदत गरेका छन् । उपन्यासमा प्रयुक्त पुरुष पात्रमध्ये बिजुले दमाई, दिले घर्ती, दलवीरे, कान्तु पाध्या, मास्टर, घटवारे, रामबहादुर थारु आदिले उपन्यासमा शोषित वर्गको प्रतिनिधित्व गरेका छन् । दलवीरे बहादुरेका साथ खड्पुले साहूको सामान लिएर नेपालबाट फर्कदा रोसी खोलाले सामानको भारी बगाउँछ र साहूको सामानको मोल तिर्नुपर्ने डरले रोसी खोलामै जीवन समर्पण गर्न पुगेको छ भने बिजुले दमाई आफ्नी छोरी पम्फीलाई गाउँका ठालूहरूकी खेलौना बनेकी र पम्फीको पेटको बच्चाको बाबु गाउँकै ठालूहरू हुन भन्ने जान्दा जान्दै पनि समाज बसेका बेला सत्य कुरा भन्न नसकेर अर्कै गाउँको दमाई केटासँग पठाउन बाध्य भएको छ । त्यस्तै नाम्ले (कान्तु पाध्य) घाटबाट वस्तु तार्दा पैसा बुझाउन नसकेर घाटको तलबाट तार्दा समेत महेश्वरप्रसादबाट दण्डित भएको छ । माथिका यी सबै पात्रहरू गरिब बहादुरेका समकक्षी देखिन्छन् । कसैको कुभलो नगर्ने प्रासङ्गिक घटनामा देखिएका यी पात्रहरूले वर्गीय भूमिका निर्वाह गरेका छन् ।

यस उपन्यासमा प्रस्तुत भएका मंगलध्वज क्षेत्री, करवीर साहू, धनप्रसाद, परमेश्वर साहू, जयप्रसाद पाध्या, कान्तिनाथ पाध्या, धुलिखेले साहू, खड्पुले साहू, तालुकदार आदि पात्रहरू खलपात्र हुन् । उपन्यासमा असत् प्रवृत्तिका यी पात्रहरूले नराम्रो काम मार्फत भए पनि उपन्यासलाई मार्मिक, कौतूहलपूर्ण र रोचकता प्रदान गरेका छन् । मंगलध्वज क्षेत्री र धनप्रसाद पाध्याले पम्फी दमिनीलाई मनोरञ्जनको साधन बनाएका छन् । यी दुईका बीचमा

बीस मुरी खेतको चाकलाका लागि चलेको पुरानो द्वन्द्व पम्फीको पेटको बच्चाको बाबु बन्नु नपरोस् भनेर बिजुलेमाथि अनेकौं प्रलोभन देखाएर उसका गोठमा रोजा भैँसी दुवै तर्फबाट बाँधिनु र पम्फीलाई डाँडो कटाएपछि बिजुलेलाई भैँसी चोरीको अभियोग लगाउनुले पनि उनीहरूको सामन्ती प्रवृत्ति देखिएको छ । उपन्यासको प्रसङ्गिक कथामा प्रस्तुत भएका मंगलध्वज र धनप्रसादको प्रतिद्वन्द्वितामा बिजुले र पम्फी बाघचालका गोटी बनाइएका छन् । गरिब निमुखालाई प्रलोभन देखाउँदै आफू फुत्कन खोज्ने मंगलध्वज र धनप्रसादले घाटमा मनपरि तरिकाले शोषण गर्ने महेश्वरप्रसादले एक वर्षसम्मको ब्याज मिनाहा गर्ने सर्तमा आसामी लगाएर रामबहादुर थारुलाई मरणासन्न हुने गरी पिट्ने, माइलीमाथि शोषण गर्ने करवीर महर्जन उपन्यासका प्रमुख खलपात्र हो । यस्ता पात्र समाजमा लागेका र लाग्न सक्ने धमिराहरू हुन् । यस्ता धमिरालाई समाजबाटै निर्मूल पार्नु पर्ने सन्देश पनि उपन्यासले दिएको छ । यस्तै यी माथिका पात्रहरूले कुनै न कुनै माध्यमबाट गाउँका सोझासाझा र निमुखा जनताहरूमाथि अत्याचार, शोषण र दमन गरेका छन् । यी पात्रहरूका माध्यमबाट नेपाली ग्रामीण समाजमा व्याप्त शोषण र दमनको यथार्थ चित्रण गरिएको छ ।

प्रस्तुत उपन्यासमा सेती, जेठी, माइली, साहिँली, काखकी कान्छी छोरी, हवल्दार्नी भाउजू, पम्फी दमिनी, बेली, च्यान्टी, दलवीरेकी छोरी, ठाइली तामाङ्नी, सीतामाया आदि स्त्री चरित्रको प्रयोग गरिएको छ । यीमध्ये सेती उपन्यासको केन्द्रीय पात्र बहादुरेकी श्रीमती हो भने ठूली, माइली, साहिँली र काखकी कान्छी उनीहरूका छोरीहरू हुन् । बहादुरेका परिवारले उपन्यासमा वर्गीय पात्रको भूमिका निर्वाह गरेको छन् ।

सेती यस उपन्यासकी सहायक पात्रका रूपमा देखिएकी छे । ऊ केन्द्रीय पात्र बहादुरेकी श्रीमती हो । एउटी गृहिणीका रूपमा उपन्यासमा प्रस्तुत भएकी ऊ आफ्नो सम्पति किन लिलाम हुँदैछ भन्ने कुरा समेत बुझ्न नसक्ने ऊ अत्यन्तै सोझी छे । अशिक्षित, उपेक्षित तल्लो वर्गकी ऊ ग्रामीण नेपाली समाजका अधिकांश नेपाली नारीहरूको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । आफ्ना मनका कुरा खुलस्त भन्न नसके पनि मनमा “बरु झरी लागोस् ! अन्धाधुन्न पानी परोस् ! असमेल भेलले सारा बगाओस्, आओस् कोसी उर्लेर ! एकजना कोही पनि नरहोस् ! एउटा पनि घर ठाडो नहोस् ! अनि बालुवाको होस् लिलाम ! मसान होस् यो सारा ! मुकुट्टाको नाच होस् जम्मै ठाउँमा !” (पृ. ४९) भन्ने कामना गर्ने ऊ अन्तर्मुखी स्वाभावकी पात्र हो । हवल्दार्नी भाउजू, पम्फी, माइली, साइली आदि यस

उपन्यासका सहायक स्त्री पात्र हुन् । पम्फी यस उपन्यासको प्रासङ्गिक कथामा देखिएकी पात्र हो । गाउँकी ठूलाबडाकी खेलौना र सिकार बन्न पुगेकीले ऊ उपन्यासमा कारुणिक पात्रका रूपमा देखिएकी छे । ऊ यस उपन्यासकी पीडित पात्र हो । उपन्यासमा अन्याय र अत्याचारलाई देखाउन थप बल पुगेकाले उसलाई बद्ध पात्रका रूपमा लिन सकिन्छ । माइली बहादुरेकी छोरी हो । करवीर साहूबाट शारीरिक रूपमा शोषित ऊ उपन्यासकी पीडित पात्र हो । पम्फी र माइलीका माध्यमबाट उपन्यासकारले समाजमा व्याप्त नारी शोषणको चित्रण गरेका छन् ।

उपन्यासमा प्रयुक्त जेठी छोरी, काखकी कान्छी, सीतामाया, करवीरकी जेठी श्रीमती, माइली श्रीमती, दलवीरेकी छोरी, बेली, च्यान्टी, ठाइली तामाङ्नी आदि गौण स्त्री पात्र हुन् । उपन्यासमा खासै भूमिका नभएका यी पात्रहरू मुक्त पात्र हुन् ।

उपन्यासका अन्य गौण पात्रहरूमा ठूले, माने, दिले घर्ती, धनञ्जय मास्टर साहेब, जिम्वाल, कालीबहादुर माझी, फुसमारी माझी, बहादुरेको बाबु, रामप्रसाद हिरे, गुन्टे, श्रीजङ्घ, विष्णुप्रसाद, न्हुच्छेलाल, डाक्टर, जयप्रसाद, ज्वाईं नारायण, गणेशबहादुर खाती, शिवप्रसाद, चिमबहादुर, घ्याम्पे घिसिङ आदि रहेका छन् । उपन्यासमा माथि उल्लेख भएका पात्रमध्ये बहादुरे, सेती, माइली, साइली, पम्फी, हवल्दार्नी भाउजू, महेश्वरप्रसाद, दलवीर, करवीर, डाक्टर, मंगलध्वज, चित्रबहादुर आदिका माध्यमबाट उपन्यास यथार्थ भएर पनि आकर्षक, उत्सुकतामय, रोचक र नाटकीय बन्न पुगेको छ (बन्धु, २०६५ : ११२) । यिनै पात्रहरूको माध्यमबाट गाउँको पृष्ठभूमिमा कस्तो शोषण, दमन र उत्पीडन यथावत् छ, कसरी तल्लो तहका व्यक्तिहरूको जनजीवन दयनीय र निसासिएको छ भन्ने कुरालाई उपन्यासले देखाएको छ ।

यस प्रकार जगदीश घिमिरेले लिलाम उपन्यासमा समाजका विभिन्न प्रकारका चरित्रहरू प्रयोग गरेका छन् । बहादुरे र उसका परिवारले नेपाली ग्रमीण समाजका अशिक्षित, उपेक्षित तल्लो वर्गका नेपाली जनताको प्रतिनिधित्व गरेका छन् । ग्रामीण समाजमा व्याप्त रहेका शोषक, सामन्ती प्रवृत्तिको चित्रण यसमा गरिएको छ । उपन्यासमा प्रयुक्त महेश्वरप्रसाद, तालुकदार, मंगलध्वज, धनप्रसाद, करवीर साहू जसता व्यक्तिहरूले नेपाली समाजमा अझै पनि वर्चस्व कायम गरेका छन् । यस उपन्यासले समाजमा ठूलो जातको आडमा रहेर साना जातका अशिक्षित नारीहरूमाथि खेलवाड गर्ने सामन्ती प्रवृत्तिको

धज्जी उडाएको छ । मूल कथाका साथै प्रासङ्गिक कथाहरूको प्रयोगले विभिन्न प्रकारका पात्रहरूको आवश्यकता अनुसार प्रयोग भएको छ । नेपाली समाजबाट टिपिएका यस उपन्यासका चरित्रहरू सजीव र सत्यको नजिक देखिन्छन् । विभिन्न पात्रको प्रयोगले उपन्यास रोचक र कुतूहलपूर्ण बनेको छ । उपन्यासका प्रयुक्त डाक्टर र परमेश्वरलाई तत्कालीन नेपाली समाजका शिक्षित पेसावाल व्यक्तित्वका रूपमा देखाएर पेसागत विकृतिको उजागर गरेको छ । पात्र सुहाउँदो भाषाको प्रयोग गरिएको छ । पात्रको संख्या बढी देखिए पनि प्रमुख पात्र बहादुरेकै सेरोफेरोमा उपन्यासले पूर्णता पाएको छ ।

## ३.३.२ साबिती उपन्यासमा चरित्रचित्रण

**साबिती** उपन्यसमा विभिन्न पात्रहरूको प्रयोग गरिएको छ । यी विभिन्न पात्रहरूमध्ये 'म' पात्रको केन्द्रीयतामा उपन्यास अगाडि बढेको देखिन्छ । उपन्यासको सुरुवातदेखि अन्त्यसम्मका घटनाहरू 'म' पात्रकै माध्यमले घटित भएकाले ऊ उपन्यासको केन्द्रीय चरित्र हो । उपन्यासमा– ''म दोस्रो महायुद्धपछि जन्में अर्थात् युद्धको घाउमाथि पलाएँ, मेरो जरा महायुद्धमा गाडिएका छन्" भनेकाले 'म' पात्रको जन्म दोस्रो विश्व युद्धताका नेपाली माटो, पानी, प्रजातन्त्र आदिले सास फेर्न गुम्सिरहेका बेला भएको देखिन्छ । उपन्यासमा प्रयुक्त 'म' पात्र लेखक आफैं हुन् । उनकै अहम्, गुरुता र अस्मिताको प्रतिध्वनिले उपन्यासमा महत्त्वपूर्ण स्थान पाएका छन् । "जे भन्नु सत्य भन्नु, सिंधै भन्नु, प्रष्ट भन्नु" भनेर लेखकले उपन्यासमा 'म' पात्र मार्फत् उपन्यासमा आफूले देखेका, भोगेका कुराहरूलाई सत्य रूपमा प्रष्ट पारेका छन् । वर्तमानमा यो भन्दा ठूलो सत्य कलाको फाँटमा अर्को छैन । उपन्यासकारको आत्मस्वीकृति छ : "जीवन कलापूर्ण नभएकाले यो कलात्मक छैन । मीठो नभएकाले रुखो छ । घुम्टो नभएकाले नाङ्गो छ ।मृदु नभएकाले विभत्स र विद्रूप छ । जस्तो– जस्तो म बाँचे त्यस्तै– त्यस्तै छ" (पृ, ८) । यसबाट साबिती उपन्यास नेपाली समाजमा देखापरेका आर्थिक असमानता, धनी गरिब बीचको भेद, सम्पूर्ण शोषण र दमनमाथि विद्रोह प्रहार गर्न तम्सेको एउटा शिक्षित मध्यमवर्गीय परिवारको युवाले गरेको संघर्षको कथा हो भन्न सकिन्छ ।

'म' पात्रले उपन्यासमा एउटा द्रष्टा, भोक्ता, पर्यवेक्षक, सम्पादक, कथयिता आदिको भूमिका निर्वाह गरेको छ । ऊ सोझो र इमान्दार छ , त्यसैले चोरी, चाप्लुसी, कालोबजारी र कानुन सम्मत आत्म व्यापारलाई हेय ठानी समाजले निषेध गरेका कार्यतर्फ आकृष्ट हुन्छ

(भट्टराई, २०६५ : ८८–८९) । 'म' पात्र नेपाली समाजको पर्यवेक्षक हो । उसले समाजमा हुने गरेका विभिन्न विकृति र विसङ्गतिलाई नजिकबाट हेरेको छ । समाजका यस्ता विद्यमान समस्याहरूको निराकरण र उन्मूलनका लागि विद्रोह समेत गरेको छ । उपन्यासभरि नायक केवल आफ्नो अतीतलाई पृष्ठभूमिमा राखी वर्तमानलाई उदाङ्गो रूप दिन्छ । यसको निरन्तरको बर्बराहटमा अवचेतनको पीडा र कुण्ठा समेत निस्की आत्मस्वीकृति भएको छ । विश्वको न्यायालय समक्ष आफू शब्दशैय्यामा पल्टी आफ्नो पीडा र मर्मलाई नङ्ग्याएर न्यायको भिक्षा याचना गर्छ (भट्टराई, २०६५ : ८८) । प्रस्तुत 'म' पात्र उपन्यासकारको मुख पात्रको रूपमा उपस्थित छ । विभिन्न परिच्छेदका भिन्न–भिन्न प्रसङ्गहरू 'म' पात्रकै माध्यमबाट अगाडि बढेकाले ऊ उपन्यासको बद्ध तथा मञ्चीय पात्र हो ।

**साबिती** उपन्यासको 'म' पात्र भोक्ता पात्र हो । उसले समाजमा हुने घटनाहरूलाई आफूले भोगेको छ, अनुभव गरेको छ, त्यस्तै गरी आत्मसात् गरेको छ । ऊ द्रष्टा पात्र हो । उसले समाजमा हुने विकृति, ढिलासुस्ती, रण्डीबाजी, शोषण, दमन र अत्याचार आफ्नै आँखाले देखेको छ । यसरी यस उपन्यासको 'म' पात्रलाई भोक्ता द्रष्टा दुवै पात्रका रूपमा उपन्यासमा प्रस्तुत गरिएको छ ।

देशको गलत व्यवस्थाको राजनीति र सत्ताले पिल्सिएको नायक 'म' पात्र अराजकतावादी सिद्धान्तबाट नजिक छ । 'म' पात्रले विद्रोह गर्ने विषयवस्तु दारिद्रय, अभाव, कष्ट र अन्धकार हुन् । समाजमा हुने गरेका प्रेम, विश्वास, धर्म, आदर्श, आत्मविश्वास आदिले उसलाई छोएको छैन । 'म' पात्र भन्छ : "म समाजहीन समाज प्राप्तिको तपस्यामा राज्यरहित राज्यको खोजीमा आफूलाई दण्डित गराएर हिँडेको छु" (पृ. ५१) । यस्ता समाजका विकृति र विसङ्गतिलाई भत्काउनका लागि 'म' पात्र आक्रोश व्यक्त गर्दछ । "रगत र माटोले मुछेर ठड्याएका यी घरहरूको जगै समेत उखेलुँ– उखेलुँ लाग्छ" (पृ. ५१) । उपन्यासमा म पात्र चाकरी गरेर ठूलो मान्छे बन्नु भन्दा बरु पलायन स्वीकार्न पुगेको छ । पलायन स्वीकार्य भए पनि उसले बाटो बिराएको छैन । "म पनि भविष्य जन्माउन नसक्ने थारो भैंसी हुँ । सम्पूर्ण आस्था तुहाइसकेर बेत् बसेकी बाखी हु । दायित्त्व र संघर्षको जुवा तान्न नसक्ने राँगो हुँ । सीङ खुर समेत गरेर बीस धार्नीसम्म पुग्छ होला" (पृ. ४९) भन्ने म पात्रले विसङ्गति बोध गर्न पुगेको देखिन्छ ।

उपन्यासको अन्त्यतिर आएर 'म' पात्रको कायाकल्प भएको छ । यहाँ उसले बन्दुक फ्याँकेर विचार मार्फत् क्रान्ति गर्ने लक्ष्य लिएको छ । "म अभिमन्युको हातमा कलम छ , पहिले यसलाई किन अनि मात्र यसलाई जित्न सकिन्छ" (पृ. २९) । यसबाट 'म' पात्रलाई गतिशील पात्रका रूपमा लिन सकिन्छ । सत् पात्रका रूपमा प्रस्तुत 'म' पात्र यस उपन्यासको नायक हो ।

**साबिती** उपन्यासमा प्रयुक्त अन्य पुरुष पात्रहरूमा जिम्वाल, झुप्रे कामी, गुण्डाहरू, गोर्खाबहादुर, डाक्टर, कान्छो, त्रिशंकु, एलिवर्ड, सिसिफस, पाले, आफन्त, सेठ, पुलिस, म पात्रको साथी आदि रहेका छन् । यी पात्रहरूमध्ये झुप्रे कामी, कान्छो र म पात्रको साथी उपन्यासका सहायक पात्र हुन् । उपन्यासको कुनै परिच्छेदमा आएको सानो भूमिका निर्वाह गर्ने यी पात्रहरू सत् पात्र हुन् । झुप्रे कामी छोटै भूमिकामा आए पनि उसले उपन्यासको सुरुमा वर्गीय पात्रको प्रतिनिधित्व गरेको देखिन्छ । यसैगरी गुण्डाहरू, डाक्टर, दाता, त्रिशंकु, पुलिस आदि असत् प्रवृत्तिका पात्रका रूपमा उभ्याइएका छन् । डाक्टर र पुलिसले तत्कालीन पेसावाल विकृतिको उजागर गरेका छन् । जिम्वाल, गोर्खाबहादुर, एलिवर्ड, सिसिफस र आफन्तहरू उपन्यासका गौण पात्र हुन् ।

उपन्यासमा प्रयुक्त स्त्री पात्रहरू जिम्वाल्नी, झुप्रेनी, ऊ, नर्स, कान्छी, आमा, छोरी, ठूल्दिदी, सेठकी श्रीमती आदि छन् । यी पात्रहरूमध्ये झुप्रेनी, नर्स, कान्छी, ऊ, आमा, छोरी आदि उपन्यासका सहायक पात्र हुन् । नर्स असत् चरित्रकी पात्र हो । ऊ तत्कालीन समयकी उच्च ओहोदाकी कर्मचारी भए पनि मानवता ह्रास भएकी चरित्र हो । ऊ, आमा, छोरी, ठूल्दिदी आदि उपन्यासमा वेश्याहरूको भूमिका निर्वाह गर्ने वर्गीय पात्र हुन् । यिनीहरूका माध्यमबाट उपन्यासमा नारीप्रतिको युगानुयुगको शोषण, पिसाई र अत्याचारप्रति विद्रोही व्यङ्ग्य प्रहार गरिएको छ ।

उपन्यासमा पौराणिक पात्रहरूका पनि प्रयोग गरिएको छ । रामायण र महाभारतको प्रसङ्गले उपन्यासमा रोचकता थपेका छन् । रामायण र महाभारतमा उल्लेख भएका युधिष्ठिर, द्रोणाचार्य, दुर्योधन, कृपाचार्य, दुःशासन, बृहद्बल, शल्य, अभिमन्यु, कर्ण, भूरिश्रवा, भीम, बर्बरिक, पाण्डव, जम्बवान्, हनुमान, अश्वत्थामा, घटोत्कच, कृष्ण, सीता, कृतवर्मा, शकुनी आदि पौराणिक पात्रहरूको प्रयोगले उपन्यासमा मिठास ल्याउन मदत गरेका छन् ।

उपन्यासमा यी विविध पात्रहरूको जमघट भए पनि 'म' पात्रकै केन्द्रीयतामा उपन्यासले गति लिएको छ ।

## ३.३.३ सकस उपन्यासमा चरित्र चित्रण

**सकस** बहुपात्रीय उपन्यास हो । घिमिरेले यस उपन्यासमा अत्याधिक पात्रको प्रयोग गरेका छन । यसमा केही पात्रहरू इतिहासका छन् भने केही पात्रलाई राजनैतिक परिवेशले भित्र्याएको छ अनि केही पात्र चाहि जीबा र शरदले विगतका जीवनको संस्मरण गर्ने क्रममा आएका छन् । कतिपय पात्रहरू त उपन्यासकारका मौलिक सिर्जनाकै रूपमा उपस्थित भएका छन् । सामान्यस्तरको उपन्यासभन्दा केही ठूलो आकार भएको यो उपन्यासमा प्रमुख पात्रका साथै सहायक र गौण पात्रको प्रयोग पनि अधिक मात्रामा गरिएको छ । उपन्यासको घटनावस्तुको विकास र उद्देश्य प्राप्तिका दृष्टिले जीबा, कुमारी र शरद केन्द्रीय तथा प्रमुख पात्र हुन् । कथावस्तुको विकासक्रममा प्रमुख पात्रलाई सहयोग गर्ने जिम्मा, बोधदादा, देवीजी, कर्मलाल, धर्मलाल, कोइराला बाजे, रामेश्वर सर, नरेन्द्र, बद्रीलाल, राजा रणबहादुर, राजा त्रिभुवन, चन्द्र शमशेर, बी.पी., कमरेड ज्वाला, कमरेड आकाश, कान्तवती आदि सहायक पात्र हुन् । यस उपन्यासको सुरुदेखि अन्त्यसम्ममा अन्य थुप्रै गौण पात्रहरूको पनि उपस्थिति रहेको छ ।

**सकस** उपन्यासको शरद केन्द्रीय तथा प्रमुख पुरुष पात्र हुन । ऊ उपन्यासको कथावाचक वा समाख्याता पनि हो । उपन्यासमा बाबुले छोडेको र आमा मरेकी शरदलाई जीवाको धर्मपुत्रका रूपमा चिनाइएको छ । जीबाको धर्मपुत्र शरदकै केन्द्रियतामा उपन्यासको कथावस्तुको विकास भएको छ । जीबाको अनुभवका साथै कुमारी र आफ्नो जीवनमा आइपरेका अनेकौं उतारचढावलाई शरदले एउटा डायरीमा समेटेको छ । त्यही शरदको डायरीले नै उपन्यासको रूप लिएको छ । उपन्यासको मध्यभागसम्म जीबाको अनुभव र त्यसपछि कुमारी र आफ्नो विसङ्गत जीवन भोगाइको यथार्थतालाई प्रस्तुत गर्ने शरद उपन्यासको अनुकूल अर्थात् सत प्रवृत्तिको चरित्र हो । सानैमा आमाबाबु विहीन हुन पुगेको शरद जीबा र जीमाकै संरक्षणमा हुर्कन्छ र एक कुशल पत्रकार बन्छ । कुमारीसँगको सामीप्यताबाट निकट भएर वैवाहिक सम्बन्ध गाँस्न सफल शरद गतिशील चरित्र हो । कान्छी जीमाको मृत्यु पश्चात शरदले जीबाको मन भुलाउन उनको अनुभव लेख्ने क्रममा उपन्यासको कथावस्तुले विस्तारित रूप लिएको छ । पछि जीबाको मृत्युपश्चात आफ्नै

जीवनका यथार्थ पक्षलाई समेटेर शरदले उपन्यासलाई अघि बढाएको छ । उपन्यासको आदिदेखि अन्त्यसम्म भूमिका रहेको शरद उपन्यासको आबद्ध चरित्र हो ।

जीबाको मृत्यु पश्चात काठमाडौं छाडेर मन्थली पुगेको शरद त्यहाँ माओवादी दबाबमा परी माओवादीलाई चन्दा दिन बाध्य हुन्छ । शरद माओवादीलाई चन्दा दिएर सहयोग गरेको अभियोगमा सेनाहरूको अपहरणमा परी बिना अपराध उनीहरूको यातना सहेर नरकीय जीवन बिताउन विवश चरित्र हो । ऊ माओवादीको पक्षमा नभए पनि आफ्नो ज्यान जोगाउन बेला बेलामा रकम बुझाउने गर्थ्यो । तर त्यसरी रकम बुझाउँदा ऊ माओवादीबाट बचे पनि सेनाबाट बच्न सक्दैन । बिना अपराध सेनाको कब्जामा परी निर्मम यातना भोगेको शरद मानसिक सन्तुलन नै बिग्रेको अवस्थामा पुग्छ । सिन्धुलीमा पनि माओवादीको आतंकबाट बाँच्न गाह्रो भए पछि कुमारीका साथमा जनकपुर पुगेको शरद त्यहाँको तराई आन्दोलनबाट त्रसिट र पीडित भएको चरित्र हो । जीवनदेखि नै निराश भएको शरद सांसारिक भोगबाट मुक्ति पाउन आधोरी बाबासँग तन्त्रमन्त्र सिकी जीबासँग साक्षात्कार हुने सिद्धि प्राप्त गर्छ । शरदले कुमारीको नाममा एउटा चिठी लेखेर छाड्छ र उसले संसारबाटै मुक्ति पाउने बाटो रोज्छ ।

**सकस** उपन्यासका जीबा पनि प्रमुख पुरुष पात्रकै रूपमा उपन्यासमा आएका छन् । उपन्यासको कथावाचकका रूपमा उनी पनि रहेका छन् । आफूले देखे, भोगेका, सुनेका र अनुभव गरेको आधारमा देशको अढाई सय वर्ष अघि देखिको इतिहास बताउन सक्ने जीबा बौद्धिक पात्र हुन् । आफ्ना बाको धेरै पढाएर दरबारको नम्बरी पण्डित बनाउने धोकोले गाउँबाट नेपालको तीनधारा पाठशालामा पुगेका जीबा सुरुमा विद्यार्थी भएर बसे पनि केही समयपछि राणाविरोधी कार्यमा लाग्छन् । राणाशासनलाई ढालेर देशमा प्रजातन्त्र ल्याउने कार्यमा उनी सक्रिय भएर लाग्छन । देश विकासका लागि घरपरिवार त्यागेर परिआएका खण्डमा ज्यान पनि दिन पछि नहट्ने जीबा उपन्यासका अनुकूल पात्र हुन् । राजनीतिमा नलाग्ने आफ्ना बा र भाइको अनेक बिन्तीलाई वास्ता नगरी पार्टीमा लागेका जीबा पछी गएर मन्त्री समेत बन्छन् । आफ्ना बाले बुढेसकालको सहारा, ढिकुराको पुजारी भनेर अति माया गरेर हुर्काएका भए पनि राजनीति त्याग्न नसक्ने हठी स्वभाव उनमा देखिन्छ । जीवनमा निकै आरोह अवरोध झेलेर पनि आफ्नो कर्मबाट विचलित नभई मन्त्री पदसम्म पुगेका जीबा उपन्यासका गतिशील चरित्र हुन् । २०४६ सालमा देशमा प्रजातन्त्र आएपछि

राजनीतिबाट पूरै सन्यास लिएका उनी पदमा भएका बेला कमाएको सम्पत्ति समेत भ्रष्टाचारमा पर्ने डरले आफ्ना नाममा राख्न डराउने पात्र हुन् । उपन्यासको समाख्याता समेत रहेका जीबा यसको कथावस्तुसँग क्षणिक पनि हटाउन नमिल्ने आबद्ध पात्र हुन् ।

सानैमा बाबुआमा विहीन भएको शरदलाई सहारा दिएर धर्मपुत्रका रूपमा राख्ने जीबा उदार प्रवृत्तिका देखिन्छन । सानैमा गाउँमै विवाह भएको र एक छोरा र एक छोरीका पिता समेत बनेका जीबा श्रीमती र छोरा छोरीलाई भुलेर राजनीतिमा लागे पनि मन्त्री भएपछि भने सबैलाई काठमाडौँ ल्याएर सुखैसँग राख्छन् । आफू पदमै रहँदा छोराछोरीलाई पनि राम्रो व्यवस्था गरेर उच्च स्थानमै पुऱ्याउँछन् । तर जेठी जीमाको मृत्युपछि छोराबुहारीले वास्ता नगरेर एक्लिएका जीबा आफू भने बेसाहारा हुन्छन् । पशुपतिमा फूल बेचेर बसेकी फूलबालीसँगको चिनजान र सामीप्यताले उनीहरूमा आत्मियता बढ्छ र उनीहरू एक अर्काको साथी भएर सँगै बस्ने निर्णयमा पुग्छन् । जीबाले कान्छी जीमा ल्याउने कुरा छोराबुहारीलाई उचित नलागेपछि उनले छुट्टै बस्ने व्यवस्था मिलाउछन् र नयाँ घरमा जीमालाई भित्र्याउँछन् । सन्तान भएर पनि बुढेसकालमा सहाराविहीन भएका जीबाले आफ्नो धर्मपुत्रका रूपमा टुहुरो शरदलाई पाल्छन् ।

जीवनमा इमान, जमान, नैतिकता र आदर्शमा बाँच्न खोज्ने जीबा राणाहरूको निरङ्कुश शासनलाई पल्टाउने कार्यमा लागेका एक कुशल व्यक्तित्व हुन् । बोधदादा र साथीहरूबाट देशको इतिहास र त्यतिखेरको परिवेश थाहा पाएका उनले आफ्ना सारा अनुभवहरू शरदलाई बताउँछन् । राणाहरूको कठोर दमन, पृथ्वीनारायण शाहको नेपाल एकीकरण, त्यतिबेलाका राजामहाराजाहरूको भोगविलासी प्रवृत्ति, सती प्रथाको व्यापकता जस्ता विभिन्न समयको परिवेशलाई जीबा आफ्नो अनुभवका रूपमा बताउँछन् ।

**सकस** उपन्यासकी कुमारी प्रमुख स्त्री चरित्र हो । ऊ उपन्यासमा शरदकी श्रीमती र शान्तिकी आमा पनि हो । सानैमा आफ्नै बाबुबाट बलात्कृत हुन पुगेकी कुमारीको हेरचाह र लालनपालन देवीजीको पुनः स्थापना गृहमा हुन्छ । ऊ अस्पतालमा नर्सको काम गर्छे । कुमारी समय र परिस्थितिले साथ नदिए पनि कहिल्यै विचलित नहुने चरित्र हो । ऊ कठिन परिस्थितिमा पनि आफ्नो कर्तव्य र दायित्व नबिर्सने सत् चरित्रकी पात्र हो । कुमारी आफ्नो अस्तित्व रक्षा गर्न धेरै हदसम्म सफल छे । देशको बिग्रदो स्थिति र त्यसबाट उत्पन्न समस्याबाट बच्न आफ्ना निर्णयहरू परिवर्तन गरिरहने कुमारी स्वभावका आधारमा गतिशील

पात्र हो । कुमारीले उपन्यासमा नेपाली नारी वर्गको प्रतिनिधित्व गरेकी हुनाले ऊ वर्गीय चरित्र हो । कुमारी उपन्यासमा सुरुदेखि अन्तिमसम्म मञ्चमा देखिने मञ्चीय र आबद्ध चरित्र हो ।

**सकस** उपन्यासकी कुमारी एक क्रियाशील चरित्र हो । अनाथालयमा हुर्की, बढेकी कुमारी आफ्नो जीवन धान्ने पेशा गर्न सक्षम छे । शरदसँगको विवाह पश्चात जीबा र जीमाकै सन्तानका रूपमा बस्ने र उनीहरूको मृत्युपश्चात आफूलाई एक्लो र टुहुरो महसुस गर्ने दयालु र मायालु स्वभाव उसमा पाइन्छ । शरद बेपत्ता भइसकेपछि पनि ऊ फर्केर आउने आशामा पर्खेर बस्ने कुमारी लाल जस्ता खराब चरित्रले ऊ माथि कुदृष्टि राखेर विभिन्न लोभ लालचा देखाउँदा समेत डगमगाउँदिन । बरु आफ्नो र छोरीको अस्तित्व रक्षाका लागि त्यस्ता दृष्ट र पतितहरूको हत्या गर्ने साहसिली र आँटिली महिलाहरूको प्रतिनिधित्व गरेकी छे । शरद अपहरणमा परेका बेला समेत धैर्य गरेर उसलाई नै पर्खिरहन्छे । शरद अपहरणबाट छुटेर आउँदा उसको यातनाले जीर्ण भएको शरीर र विक्षिप्त अवस्था हेर्न नसकी कुमारी मूर्च्छा पर्छे । ऊ जस्तो सुकै परिस्थितिलाई पनि सहदै अघि बढ्ने संघर्षशील व्यक्तित्व हो । ऊ शरदको रक्षाका लागि भएभरको सम्पत्ति र रूपैँया पैसा खर्चिन तयार हुन्छे । उसमा आफ्नै कमाईले घर बनाएर छुट्टै संसार बसाउने रहर हुन्छ । तराई आन्दोलनको बढ्दो आतंक सहेरै बसे पनि शरदको दिनप्रतिदिनको बिग्रदो अवस्थाले कुमारी चाँडै नै जनकपुर छाडेर काठमाडौँ जाने निर्णयमा पुग्छे । तर काठमाडौँ जानुभन्दा पहिले नै शरद बेपत्ता भइदिन्छ । अन्तमा कुमारीले छोरीको रक्षाका लागि देवीजीको पुनः स्थापना गृहमा लगेर छाड्छे र ऊ आफ्नो गन्तव्यको टुङ्गो नगरी हिड्छे । उपन्यासमा कुमारीको भूमिकाले कथावस्तुमा गति प्रदान गरेको छ ।

**सकस** उपन्यासमा यी प्रमुख पात्रदेखि बाहेकका अरु थुप्रै सहायक र गौण पात्रहरूको भूमिका रहेको छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म प्रशस्तै स्त्री तथा पुरुष र सत् तथा असत् पात्रहरूको भूमिका उल्लेखनीय छ । जीमा, देवीजी, मिथिला, कान्तवती, शान्ति, लालमती आदि यसका सहायक स्त्री चरित्र हुन् । जेठी जीमा र कान्छी जीमा जीबाका जीवनमा एक पछि अर्को गरी पत्नीका रूपमा आएका स्त्री चरित्र हुन् । जेठी जीमा सानैमा विवाह गरेर जीबाका घरमा आएकी हुन् । उनी बुहारीका रूपमा सम्पूर्ण घरधन्दा सम्हालेर सासुससुराको सेवा गरेर बस्छिन । जीबाका कुनै पनि निर्णयमाथि हस्तक्षेप नगर्ने दुई

सन्तानकी आमा पनि हुन् । क्यान्सर रोगले जेठी जीमाको मृत्यु भएपछि जीबाका जीवनमा आएकी फूलबाली कान्छी जीमा हुन् । उनी पनि पहिले नै विवाह भएकी, श्रीमान् मरेकी र एउटा भएको छोरोले पनि विदेशीएपछि वास्ता नगरेर एक्लिएकी पात्र हुन् । देवीजी यस उपन्यासमा शोषित, पीडित, अन्यायमा परेर बेसाहारा भएका बालबालिका र नारीहरूको संरक्षण गर्ने र उनीहरूलाई न्याय दिलाउन पुनः स्थापना गृह खोलेर बसेकी उदारवादी चरित्र हुन् । उनी कुमारी, मिथिला, शान्तिजस्ता हजारौँ नारीहरूको भविष्यको ढोका खोलि दिने सत् पात्र हुन् । उनी नारी सुधारको कार्यमा संलग्न छिन् । हिंसापीडित महिला र बालबालिकाको हितमा काम गर्ने देवीजीको भूमिका उपन्यासमा थोरै भए पनि उनी महत्त्वपूर्ण पात्र हुन् । मिथिला देवीजी कै पुनः स्थापना गृहमा हुर्केकी कुमारीकी सहपाठी हो । परेका बेला कुमारीलाई आफूले सक्दो सहयोग गर्ने, काम खोजिदिने, अरुको मर्का बुझ्ने सत् प्रवृत्ति भएकी चरित्र हो । कान्तवती राजा रणबहादुरकी कान्छी श्रीमती हुन् । एउटा गरिब बाहुन परिवारकी विधुवी महिला भए पनि उनी सुन्दर रूप र जवानीका कारणले गर्दा दरबारमा आइपुगेकी हुन् । राजा रणबहादुरको भोगविलासको साधन बनेकी र कन्या शुल्कका रूपमा राज्यको उत्तराधिकारी माग्ने कान्तवती उपन्यासको सत् प्रवृत्ति भएकी पात्र हुन् । शान्ति यस उपन्यासमा कुमारी र शरदकी छोरी हो । सानै उमेरमा बाबु बेपत्ता भएकी र आमाको मात्र संरक्षणमा रहेकी शान्ति ६ वर्षकै उमेरमा दुष्ट र पापीष्ट व्यक्तिबाट बलात्कृत हुन पुग्छे । कुमारीले उसको संरक्षण गर्न नसक्ने भएर आफू हुर्केकै देवीजीको पुनः स्थापना गृहमा लागेर छोड्की चरित्र हो । लालमती यस उपन्यासमा ठूलाबडा राजा महाराजाको अन्याय र अत्याचारमा परेकी र औँलो रोग लागेका छोराछोरी लिएर डाँडो काट्नु पर्ने अवस्थामा पुगेकी दुःखी चरित्र हो । ऊ आफ्ना कालले लगेका छोराछोरीलाई सुनकोसी र तामाकोसीमा बगाइदिएर बाँकी जीवन संघर्ष गर्दै बाँच्ने प्रयास गर्ने पात्र हो । उपन्यासको कथावस्तुसँग आबद्ध भूमिका भएका यी सहायक स्त्री पात्रहरूको उपन्यासको फलप्राप्तिमा उल्लेख्य भूमिका रहेको छ ।

यस उपन्यासमा थुप्रै सहायक पुरुष चरित्रहरू पनि रहेका छन् । बोधदादा, मुक्तात्मा, बा, कोइरालाबाजे, बद्रीलाल, नरेश, कर्मलाल, रामेश्वर सर, कमरेड आकाश, कमरेड ज्वाला, पृथ्वीनारायण शाह, बी.पी. टेकबहादुर, चन्द्रशमशेर, गंगालाला, शुक्रराज आदि यस उपन्यासका सहायक पुरुष पात्र हुन् । यी मध्ये कुनै चरित्रहरू उपन्यासकारका काल्पनिक चरित्र हुन् भने कुनै चाहिँ इतिहासका वास्तविक चरित्र हुन् । यी पात्रले नेपाल

एकीकरणदेखि लिएर देशमा प्रजातन्त्र स्थापनाका कार्यसम्म योगदान पुऱ्याएका छन । भारतले अतिक्रमण गरिसकेको नेपाललाई एकीकरण गरेर सिमाना जोगाउने, बाइसे, चौबिसे राज्यलाई एउटै सिङ्गो राज्य बनाउँने कार्यमा लागेका पृथ्वीनारायण शाह नेपाल राज्यकै ऐतिहासिक पात्र हुन् । गंगालाल, शुक्रराज, बी.पी. ले देशमा विद्यमान निरंकुश राणाशासनका विरुद्ध आवाज उठाए । ज्यानको बाजी लगाएर प्रजातन्त्र स्थापनाका लागि एक मुठी सास हुन्जेलसम्म पनि लडिरहने यी वीर चरित्र हुन् ।

बोधदादा, कोइरालाबाजे, रामेश्वर सर, मुक्तात्मा जस्ता पात्रहरूले पनि आफ्ना कथासँगै इतिहासका वास्तविक घटनाहरूको वर्णन गरेका छन् । राणाहरूको ज्यादती, उनीहरूको अन्याय, अत्याचार, दमन, शोषण र मनपरि तन्त्रको अन्त्य गर्दै नेपाली जनताका लागि मुक्तिको मार्ग खोलिदिने कार्यमा पनि पात्रहरूको उल्लेखनीय भूमिका रहेको छ । कमरेड ज्वाला, कमरेड आकाश, टेकबहादुर यी माओवादीको द्वन्द्वकाल र तराई आन्दोलनका पात्र हुन् । कोही आफ्नै इच्छाले र कोही अरुका इच्छाले तत्कालीन अवस्थामा होमिन पुगेका यी पात्रहरूले पनि वास्तविक इतिहासको शङ्खघोष गरेका छन् ।

यी पात्र बाहेक उपन्यासमा अन्य थुप्रै गौण स्त्री तथा पुरुष पात्रहरू छन् । कुमारीकी आमा, पुलिस, इन्सपेक्टर, लालकी पत्नी, सुशीला, भट्टीवाल्नी, ड्राइभर, खलासी, प्रिन्सिपल, शिक्षकहरू, विद्यार्थीहरू, लाटी, आइमाईहरू, कृष्णप्रसाद भट्टराई, मोहनशमशेर सुब्बा भद्र ध्वज, मरिचमान, जिम्बाल आदि । यी पात्रहरूले आ-आफ्ना स्थानमा महŒवपूर्ण भूमिका निर्वाह गर्दै उपन्यासको विकासक्रममा सघाएका छन् ।

## ३.४ परिवेशको सैद्धान्तिक परिचय

उपन्यासमा पात्र वा चरित्रले कार्यव्यापार गर्ने स्थान समय र वातावरण अथवा घटनाहरू घटित हुने वस्तु जगतलाई परिवेश भनिन्छ । परिवेशको जन्म कथानक सागसागै हुने भएकाले आख्यानलाई यसले गतिशील बनाउछ । परिवेशभित्र देशकाल र वातावरण दुई तत्त्व पर्दछन् । हड्सनका अनुसार परिवेशमा आख्यानको सम्पूर्ण पर्यावरण समावेश हुन्छ र पर्यावरण अन्तर्गत रीतिथिति, प्रथा, व्यवहार, जीवन रहनसहनका साथै प्राकृतिक पृष्ठभूमि र वातावरण पर्दछन् (हड्सन, १९९४ : १५८) । उपन्यासको परिवेश अर्थात् देशकाल र वातावरण समय र स्थानको सीमा हो । कतिपय सन्दर्भमा परिवेश अकथित रूपमा पनि

प्रकट हुन सक्छ । उपन्यासलाई प्रभावशाली र तीव्र बनाउन अनि पात्रको कार्यव्यापारको निमार्णमा परिवेशले गहन जिम्मेवारी निर्वाह गर्दछ (सुवेदी, २०५३ : १९) । समाख्याताको भनाईबाट, पात्रहरूको संवादबाट र पात्रहरूको क्रियाकलापबाट परिवेशको अड्कल लगाउन सकिन्छ । परिवेशको चित्रणले उपन्यासको लोकप्रियता तथा विश्वसनीयतालाई बढाउँछ ।

उपन्यासमा देशकालको कार्यले कथालाई जीवनसाग निकट तुल्याउँछ । देशकालभित्र कार्यव्यापार, स्थान, समय लगायत कथानकसँग मेल खाने रहनसहन र प्राकृतिक पूर्वाधार समेत पर्दछन् । देशकालको उपयुक्त आयोजनाले उपन्यासमा वर्णित घटना र चरित्रले गरेका कार्यहरूको विश्वसनीयतामा वृद्धि हुन्छ (बराल र एटम, २०६६ : ३३) । यसमा कुनै निश्चित समय, देशको सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक परिस्थितिलाई देखाउने हुनाले भौगोलिक परिवेशसँगै रहनसहन, आचारविचार र चालचलन आदि पक्षलाई समेटेको हुन्छ ।

कुनै पनि आख्यानमा हुने कार्यव्यापारले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने सुख, दुःख, घृणा, क्रोध आदि भावनाको उद्बोधन र तिनको परितृप्ति नै वातावरण हो (बराल र एटम, २०६६ : ३४) । वातावरण उपन्यासमा व्याप्त भावोत्तेजक रङ्गसङ्गति हो , जसले पाठकमा घटनाको गतिले सुखद, त्रासद वा अनर्थकारीमध्ये के–कस्तो मोड लिन्छ भन्ने प्रत्याशा जनाउँदछ । वातावरण पाठको मानसिक अवस्थासँग सम्बन्धित हुन्छ । औपन्यासिक वातावरणका सामाजिक स्वरूप र भौतिक स्वरूप गरी दुई स्वरूप हुन्छन् । समाजमा विविध पक्षको उद्घाटन गर्ने काम सामाजिक स्वरूपले गर्दछ भने पात्रको मानसिक स्थितिले उपन्यासको भौतिक स्वरूपलाई बुझाउँछ (प्रधान, २०४० : ८५–८६) । त्यसैले उपन्यासमा अनुभूतिको सञ्चार गराउन देशकाल र वातावरणको महत्त्वपूर्ण भूमिका रहन्छ ।

### ३.४.१ लिलाम उपन्यासमा परिवेश

**लिलाम** उपन्यासले विशेष गरी उत्तरपूर्वी नेपालको तामाकोसी र सुनकोसी तटीय क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजातिहरूको सामाजिक, सांस्कृतिक पक्षको चित्रण गरेको छ । यस उपन्यासले मुख्य गरी रामेछाप मन्थलीलाई परिवेश बनाएको छ । यसै गरी काठमाडौं, रोसीखोला, सल्यान, भादगाउँ, दुम्जावेंशी नेपालथोक आदि पनि यस उपन्यासमा चित्रित परिवेश हुन् । यस उपन्यासको प्रमुख पात्र बहादुरेको घर तामाकोसीको किनारमा रहेकाले यसको परिवेश मूल रूपमा तामाकोसी आसपासको क्षेत्र मानिन्छ । उपन्यासको थालनी बहादुरेको घरबाट सुरु भएर उसकै घर नजिकमै समाप्त भएको छ । जम्मा एक रात र भोलिपल्ट आधादिनसम्मको समयावधिमा उपन्यास समाप्त भएको छ ।

उपन्यासमा राणा काल, प्रजातन्त्र काल, काङ्ग्रेस काल र पञ्चायत कालका प्रसङ्गहरू आए पनि मुख्यतः २०२७ साल पूर्वको पञ्चायतकै घटनाहरू बढी आएका छन् । उपन्यास गम्भीर परिवेशबाट सुरु भई झन् झन् परिवेशको गम्भीरता सघन तुल्याउँदै अघि बढेको छ (पौडेल, २०६८ : ४९) । वि.सं. २०२४ मा सर्वव्याप्त अन्यायको विरोधमा लिलाम उपन्यास लेखिएको हो । यसमा नेपालको प्रमुख समस्या पहिचान गर्ने चेष्टा गरिएको छ । नेपालको पञ्चायती व्यवस्थाले नेपाली जनतामा गरेको दमन, शोषण र उत्पीडनलाई यस उपन्यासले देखाएको छ । पञ्चायती व्यवस्थामा दलीय स्वार्थ बोकेका स्वार्थी प्रवृत्तिका व्यक्तिहरूको गलत आचरण, भ्रष्टचारी प्रवृत्ति, जालझेल, ढिलासुस्ती र घुसखोरी जस्ता प्रवृत्तिलाई यसले उजागर गरेको छ । गाउँका जाली फटाहाहरूले बहादुरेको बाँच्ने र बालबच्चाको पालनपोषण गर्ने घरजग्गा लिलाम गर्न तम्सिएका छन् । घरजग्गा लिलाम हुने त्रासले सुनकोसीमा आत्माहत्या गर्ने विचारसम्म पुगेको घटनाले उपन्यास मार्मिक भएको छ भने जसरी भए पनि बाँच्ने साहस गरेर आत्माहत्या नगरेर घर फर्कनुले उसमा परिवारप्रतिको दायित्व बोध भएको देखिन्छ । दलवीरे रोसीखोलामा डुबेर मर्न बाध्य हुनु , बिजुले दमाईंले छोरी पम्फीलाई डाँडो कटाउनु, करवीरे साहूले बहादुरेकी छोरी माइलीमाथि शारीरिक शोषण गर्नु, करवीर साहूबाट रामबहादुर थारु पिटिनु आदि घटनाहरूले नेपालमा घट्ने गरेका विकृति, विसङ्गति र भ्रष्टाचारको प्रस्तुति गर्नुका साथै उपन्यासलाई कारुणिक बनाएको छ । निम्नवर्गीय नेपाली जीवनको कष्टप्रद कारुण जिन्दगीको यथार्थ उद्घाटन उपन्यासले सिर्जना गरेको छ । एक पेट खान र एक झुम्रो लगाउनका लागि रातदिन

परिश्रम गर्दा पनि बाबु बाजेले जोरेको एक टुक्रो जमिन र शिर लुकाउने झुप्रो लिलाम हुन लागेकोले उपन्यासले कारुणिकता र दुःखान्तलाई वरण गरेको छ ।

प्रस्तुत उपन्यासमा झाँक्री बस्नु, दोबाटो, गौँडाहरूमा भूतप्रेत, बोक्सी, डङ्किनी, पिचास–पिचासिनी, मसान, काँचावायु मन्साउनु, करवीर साहूले रामबहादुर थारुलाई पिटेपछि मुद्दा जित्नका लागि कमलामाईमा पाठी भाक्नु जस्ता कार्यले उपन्यासमा सामाजिक लोकविश्वासका कुराहरू पनि देखाएको छ । यस्तै फागुपूर्णिमा, फाउजात्रा, बालाचतुर्दशीमा सद्मी छर्ने जात्रा, माघे सक्रान्तिको जात्रा, कार्तिक पूर्णिमाको जात्रा आदिले उपन्यासमा जातीय सांस्कृतिक परिवेशको चित्रण गरेको छ । परिवेश विधानका दृष्टिले लिलाम उपन्यासलाई सफल मान्न सकिन्छ ।

## ३.४.२ साबिती उपन्यासमा परिवेश

**साबिती** उपन्यासले विशेष गरेर काठमाडौँ उपत्यकाभित्र घटेका घटनाहरूको चित्रण गरेको छ । मुख्य परिवेशका रूपमा काठमाडौँ भए पनि सहरीया मानिसले भोग्नु परेका बौद्धिक युवा वर्गका समस्या, पेसागत विकृति, नारी शोषण, तत्कालीन राज्यव्यवस्थाको विकृतिलाई यसले उजागर गरेको छ । यस उपन्यासमा आंशिक रूपमा भारत तथा सम्पूर्ण विश्वकै परिवेशको चित्रण भएको छ । उपन्यासमा घटेका विभिन्न घटनाहरू प्रायः उपन्यासकारले देखे, भोगेकै घटनाका रूपमा आएका छन् । सामाजिक विकृति, विसङ्गति, ढिलासुस्ती, भ्रष्टाचार, कुप्रथा तथा यौनदुराचार र सांस्कृतिक दुरावस्थाको परिवेशलाई यो उपन्यासले प्रस्तुत गरेको छ । ठूलाबडा भनाउँदाहरूले निर्धा र निमुखा व्यक्तिमाथि गर्ने अन्याय र अत्याचारको सक्कली रूप नै यो उपन्यासको परिवेशको रूपमा आएको छ ।

यो उपन्यासले एउटा झुप्रोमा बस्ने गरिब नेपालीको प्रतिनिधित्व गरेको छ । उपन्यासमा झुप्रे कामी र झुप्रेनीका बीचमा भएको भोकको लडाईले गरीबीको चरम रूपलाई प्रस्तुति गरेको छ । झुप्रेले भोकको आवेशमा आएर झुप्रेनीलाई पिट्नु र गर्भवती झुप्रेनीको मृत्यु हुनुले गरिब वर्गका नेपालीहरूको आर्थिक दुरावस्थाको चित्रण गर्नुका साथै उपन्यासमा कारुणिकताको सिर्जना भएको छ । दुःखी गरिब नेपालीहरूले सहनु पर्ने दर्द र सामन्ती प्रवृत्तिको वातावरण प्रस्तुत छ । उपन्यासकार स्वयम् आफूले अनुभव गरेको आत्मवृत्तान्त यस उपन्यासको मूल परिवेश हो । भोक र रोगका कारण जीउ पाल्नका लागि

जीउ नै बेच्नु पर्ने बाध्यता भएका ऊ, ठूल्दिदी, आमा जस्ता पात्रले गर्नु परेको वेश्यावृत्तिले नारीहरूको दयनीय अवस्थाको चित्रण गरेको छ भने अस्पतालमा डाक्टर र नर्सले बिरामीमाथि गर्ने दुरव्यवहार देखाइएको छ । पुलिस जस्ता मानव सेवा र रक्षामा संलग्न पेसाका व्यक्तिले भोको पेटका कारण 'म' पात्रले पैसा दिएर खान माग्दा पैसा आफैसँग राखेर 'म' पात्रको बाँया हातको भाग्य रेखामाथि थुक्नुले खण्डित मानवताको दुःखद वातावरण सिर्जना गरेको छ ।

उपन्यासमा तत्कालीन नेपालमा बढ्दै गएको आर्थिक, सामाजिक, राजनैतिक विकृति तथा दोस्रो विश्वयुद्धले जन्माएको सन्त्रास आदिलाई प्रष्ट्याउने कोसिस गरिएको छ (पौडेल, २०५६ : ५०) । यसैगरी उपन्यासमा– "म दोस्रो महायुद्धपछि जन्मे अर्थात् महायुद्धको घाउमाथि पलाएँ । मेरो जरा महायुद्धमा गाडिएका छन् । म महायुद्धको कलमी बिरुवा हुँ । म आफ्नो बिखालु वीर्यबाट अर्को पुस्ता जन्माउन चाहन्न" (पृ. ३५) भन्ने भनाइबाट दोस्रो विश्वयुद्धले विश्वमा ल्याएको जर्जरता र विकृतिलाई सहजै देख्न सकिन्छ । यसबाट 'म' पात्रको चेतावनीले अहिलेको पिढी फाँटको घिन लाग्दो स्थितिको वातावरण सिर्जना गरेको छ ।

## ३.४.३ सकस उपन्यासमा परिवेश

उपन्यासको देशकाल र वातावरणलाई परिवेश शब्दले बोध गर्दछ । **सकस** उपन्यासले समेटेको परिवेश व्यापक छ । अढाई सय वर्षको नेपालको इतिहास र नेपालभित्रका विभिन्न स्थानका साथै भारतलाई समेत यस उपन्यासले मुख्य परिवेश बनाएको छ । यसमा काठमाडौं शहरभित्रका र बाहिरका विभिन्न ठाउँहरू चित्रित छन् । पहाडी क्षेत्रदेखि लिएर तराई मधेशका विभिन्न क्षेत्रहरू परिवेशका रूपमा आएका छन् । उत्तरपूर्वी नेपालको तामाकोसी र सुनकोसीका छेउछाउमा बसोबास गर्ने विभिन्न समुदाय र तिनीहरूको रीतिरिवाज, चालचलन र संस्कृतिको चित्रण छ । काठमाडौंका विभिन्न ठाउँ, तीनधारा पाकशाला, जिरी, चरिकोट, मन्थलीका वनपाखा, गढीगाउँ, दुम्जाबेँसी, रामेछाप जस्ता ठाउँहरू परिवेशका रूपमा आएका छन् । विराटनगर, जनकपुर, सिराहा, ललितपुर, भक्तपुर, बाग्मती, त्रिशुली, कोसी, काशी, कुमाउ, दिल्ली, वनारस, कलकत्ता आदि पनि यस उपन्यासमा चित्रित परिवेश हुन् । पृथ्वीनारायण शाहदेखि लिएर ज्ञानेन्द्र सरकारको दरबारीया परिवेशको पनि चित्रण रहेको छ ।

उपन्यासमा राणाकाल, प्रजातन्त्रकाल, पञ्चायतकाल, कांग्रेसकाल, विद्यार्थी आन्दोलन, माओवादीको आन्दोलन, तराई मधेश आन्दोलन जस्ता कुराहरू उपन्यासका विषयवस्तुका रूपमा आएका छन् । मुख्यतः उपन्यासमा १९९६ सालदेखि लिएर २०६२/०६३ सालको तराई आन्दोलनसम्मका घटनाहरू कथावस्तुगत परिवेशका रूपमा आएका छन् । यस उपन्यासले आजसम्मका नेपालका प्रमुख समस्या र राजनीतिक उतारचढावलाई देखाउन खोजेको छ । नेपाली समाजमा घट्ने गरेका सामाजिक घटना र त्यसले निम्त्याएको विकृति, विसंगति, निम्नवर्गमाथि उच्च वर्गले गर्ने अन्याय, अत्याचार, शोषण, दमन, बालिकामाथि हुने शारीरिक हिंसा, राणाकालीन समयमा निर्दोष जनताहरूले भोग्नु परेको शारीरिक र मानसिक यातना, अमानवीय सती प्रथाका घटनाहरू पनि प्रासंगिक कथाका रूपमा यस उपन्यासमा आएका छन् ।

उपन्यासले पञ्चायतकालको चरम अवस्था ज्वलन्त परिवेशको चित्रण गरेको छ । पञ्चायती तानाशाहीलाई ढालेर बहुदल ल्याउन विद्यार्थी नेताहरूले गरेको आन्दोलन, राणाविरोधी नारा, आन्दोलनमा परी सडक बालबालिका र विद्यार्थीहरू बिना अपराध मारिनुको यथार्थता उपन्यासमा जीवन्त चित्रण गरिएको छ । उपन्यासमा ०४६ सालको जनआन्दोलन, पञ्चायती नेपालमा २००७ सालको क्रान्ति र २०१८ सालको सशस्त्र आन्दोलनका यथार्थ अवस्थाहरू परिवेशका रूपमा चित्रित छन् । पञ्चायत बचाउन तन, मन र धनले लाग्ने खुंखार पञ्चहरू यो व्यवस्था ढलेपछि छेपाराले रङ् फेरेजस्तो सर्लक्क पार्टीमा प्रवेश गरेर यसको जरा खन्ने कार्यमा लागेको अवस्थालाई उपन्यासले आन्तरिक परिवेशका रूपमा समेटेको छ । १०४ वर्षे राणाशासन ढालेर देशमा प्रजातन्त्र स्थापना गर्ने अभियानमा लागेका वीर योद्धाहरूको संघर्ष, राणाहरूका विरुद्ध बी.पी., शुक्रराज, गंगालालहरूले गरेको  चर्का भाषण उपन्यासका बाह्य परिवेशका रूपमा आएका छन् । “नेपालका राणाहरू भनेका बेलायती शासककै भरमा अडिएका हुन् । भारतबाट अंग्रेज हिँडेपछि नेपालबाट पनि राणाहरू हिंड्छन्” (पृ. ५६) । बी.पी. ले टेकेको बाँसको लौरो ढुङ्गामा बजारेर चकनाचूर पार्दै भने- “हामी नागरिक हक चाहन्छौं । राणाहरू दिँदैनन् । हामी लिई छोड्छौं । हेर्नुहोला, अब छिट्टै राणाशासन यसै गरी चकनाचूर हुन्छ” (पृ. ५७) । राणाहरूको भोगविलासी प्रवृत्ति, सती प्रथाले निम्त्याएको पीडा र गरिब निमुखा जनताले ठूलाबडा हैकमवादीहरूबाट भोग्नु परेको सास्ती, सन्त्रास र असुरक्षालाई पनि बाह्य परिवेशका रूपमा उपन्यासले प्रस्तुत गरेको छ ।

यस उपन्यासमा द्वन्द्वकालमा माओवादीले मच्चाएको आतंक, सोझासिधा जनतामा उत्पन्न भयावहता, पीडा र त्रासद वातावरणको यथार्थ चित्रण छ । रामेछाप, मन्थली र त्यहाँ वरपरका जनताहरू सेना र माओवादी दुवैको त्रासमा बाँच्नु परेको जीवन्त चित्रण छ । त्यहाँका बालक, वृद्ध, विद्यार्थी, स्थानीयवासी, कर्मचारी, श्रमजीवि सबै वर्गका मानिसहरूले माओवादीलाई चन्दा दिएर र उनीहरूले भनेको ठाउँमा गएर उनीहरूलाई सघाउनु पर्ने बाध्यता छ । सामन्त, दलाल, पूँजीपतिहरूको सम्पत्तिहरण गरेर सर्वहारा किसान, दलित, सुकुम्बासी, जनजाति र आदिबासीलाई बाँड्ने हाम्रो नयाँ सत्ताको नीति हुनेछ । महान् मालेमा र प्रचण्डपथ अनुसार “नेपाललाई एक दशकभित्र उत्तर कोरिया जस्तै महान् देश बनाइदिन्छौँ” (पृ. २२) भनेर माओवादीका नेताहरूले आफ्ना पार्टीतिर आकर्षित गर्न सोझा जनतालाई दिएको झुटा आश्वासनलाई द्वन्द्वकालीन परिवेशका रूपमा उतारिएको छ । माओवादीको द्वन्द्वकालको अन्त्य नहुँदै नेपाली जनताले भोग्नु परेको तराई मधेश आन्दोलन र त्यसबाट आई परेको संकटपूर्ण अवस्थाको ज्वलन्त चित्रण छ । राजनैतिक परिवेशमा विभिन्न पार्टीहरूले सिर्जना गरेको पहाडी मधेशीबीचको विभेद, हत्या, आतंक, बलात्कार, लुटपाट, बन्द, हड्ताल, जुलुस आदि उपन्यासमा समेटिएका परिवेश हुन् ।

उपन्यासका परिवेशका रूपमा प्रकृति र सांस्कृतिको चित्रण प्रभावकारी रूपमा प्रस्तुत भएको पाइन्छ । उपन्यास सैलुङ्को बाक्लो वनको प्रकृति चित्रणबाट सुरु हुन्छ । यसले तराई, पहाड, मधेश त्यहाँका वनपाखा, खोलानाला, गाउँले परिवेश, त्यहाँको चालचलन, संस्कृति, परम्परागत रुढीवादी मान्यता, लेक, बैँसी, सिस्नोको झाङ्, काँडाघारी, भञ्ज्याङ्, चौतारी जस्ता परिवेशको चित्रण गरेको छ । कस्तूरी, मृग, कुकुर, घोडा, बाखा, साँढे, कालिज, च्याखुरा, मुजुर, गैँडा जस्ता अनेक जीवजन्तु र चराचुरुङ्गीहरूको चित्रण छ । त्यस्तै खुल्लामञ्च, टुँडिखेल, दरबार, सडक, स्कूल, क्याम्पस, पुनःस्थापना गृह, अस्पताल, नर्सिङ होम लगायत पशुपति, गुहेश्वरी, दक्षिणकाली, जानकी मन्दिर जस्ता विभिन्न धार्मिक स्थललाई उपन्यासमा परिवेशको रूपमा उल्लेख गरिएको छ । उपन्यासले नेपालका विभिन्न ठाउँ, वनजंगल, नदीनाला, पोखरी, शहर, बजारका दृश्यलाई सुन्दर रूपमा चित्रण गरेको छ । विभिन्न राजनैतिक पार्टी, भट्टीपसल, वृद्धाश्रम, विभिन्न ठाउँमा रहेका सालिकहरू पनि उपन्यासमा परिवेशका रूपमा आएका छन् । यसरी ‘सकस’ उपन्यासले प्रत्यक्ष रूपमा निश्चित देश, काल, र वातावरणको चित्रण गरे पनि परोक्ष रूपमा व्यापक परिवेशलाई समेटेको छ ।

## ३.५ उद्देश्यको सैद्धान्तिक परिचय

साहित्यकारले कुनै पनि कृतिको रचना गर्दा कुनै न कुनै उद्देश्य राखेको हुन्छ । बिना उद्देश्यको कृति रचना हुँदैन । उद्देश्य परिपूर्तिका निमित्त रचनामा विचारको श्रृङ्खला प्रवाहित भएको हुन्छ । उपन्यासकारले आफ्नो कृतिद्वारा पाठकसामु कुनै सन्देश दिन, विचार प्रस्तुत गर्न वा जीवनदर्शन व्यक्त गर्न खोजेको हुन्छ (कैलास प्रकाश, १९३२ : ३६) । उद्देश्यहीन उपन्यास लेखकको अचेतनको प्रतीकात्मक अभिव्यक्ति मात्र हो अथवा कोरा कल्पना वा भावुकताको परिणाम हो । खास गरी कथानकको अन्तिम परिणतिलाई नै उद्देश्य भनिन्छ (प्रधान, २०४० : ९४) । कुनै पनि कृति पढिसकेपछि पाठकले समग्रमा पाउने भावार्थ वा अभिप्राय नै उद्देश्य हो ।

पाठकलाई आनन्द दिनुका साथै समाज तथा व्यक्तिको चित्रण गरेर त्यसबाट निश्चित निष्कर्ष निकाल्दै पाठकलाई शिक्षा वा सन्देश दिनु नै उपन्यास लेखनको उद्देश्य हो । उपन्यासको विषय अनुसार पाठकलाई आनन्द तथा मनोरञ्जन दिनु, धार्मिक सन्देश दिनु, पुण्य कमाउनु र आर्थिक लाभ गर्नु उपन्यास लेखनको परम्परिक उद्देश्य हो भने समाजलाई चेतनशील बनाएर परिवर्तनको बाटोमा डोऱ्याउनु उपन्यास लेखनको आधुनिक उद्देश्य हो । अचेलका उपन्यासका मुख्य उद्देश्य जीवनका कुनै विशेष दशाको चित्रण तथा समसामयिक यथार्थको उद्घाटन रहेको पाइन्छ । सामान्यतयाः उपन्यासको उद्देश्य कथानक, चरित्र तथा वातावरणमाथि निहित रहेको हुन्छ (प्रधान, २०४० : ९४) । समाजलाई सुधारको सन्देश दिनु, सामाजिक समस्याको यथार्थ चित्रण गर्दै त्यसको निकास खोज्नु, व्यक्ति तथा समाजमा विद्यमान विकृति र विसङ्गतिको चिरफार गर्नु, राजनैतिक, सांस्कृतिक, आर्थिक चेतनाका लागि प्रचारप्रसार गर्नु र ऐतिहासिक घटनाका बारेमा प्रकाश पार्नु उपन्यास लेखनको उद्देश्य हो । यसरी कुनै विशेष सन्देश दिनु उपन्यास लेखनको एक पाटो हो भने पाठकको सौन्दर्य चाहनाको पूर्ति गर्नु यसको अर्को पाटो हो ।

### ३.५.१ लिलाम उपन्यासमा उद्देश्य

यस उपन्यासको उद्देश्य भनेको समाजका कटु यथार्थहरूको आलोचना प्रस्तुत गर्नु नै हो । विशेष गरी सामन्त समाजले गर्ने गरेको सीमान्तकृत वर्गप्रतिको शारीरिक, आर्थिक, सामाजिक, कानुनी शोषणहरूको उछितो काढ्नु यस उपन्यासको मूल उद्देश्य हो (पौडेल, २०६८ : ५०–५१) । यहाँ उच्च वर्ग र निम्न वर्गका पात्रहरूका माध्यमबाट नेपाली समाजमा विद्यमान वर्गीय द्वन्द्व प्रस्तुत गरिएको छ । नेपालका गाउँघरका स्थानमा अहिले पनि कस्तो दमन, शोषण र उत्पीडन कायम छ र तल्लो वर्गका नेपालीहरूको जीवन कुन अवस्थामा छ भन्ने देखाउनुका साथै जनता आफैं नै चेतनशील हुनु परेको छ र उनीहरू जाग्दैछन् भन्ने सन्देश दिनु यो उपन्यासको मुख्य उद्देश्य हो । उपन्यासमा प्रयुक्त बहादुरे, दलवीरे, पम्फी, माइली जस्ता सोझासाझा दीनहीन व्यक्तिहरू समाजमा रहेका सम्भ्रान्त परिवारबाट शोष्ति भइरहेका छन् । कमजोर आर्थिक अवस्था, उपेक्षित तल्लो वर्ग र कमजोर आत्मबलका कारण सामन्ती वर्गका खेलौना बन्नु परेका नेपालीहरूको मूल समस्या प्रस्तुत गर्दै तत्कालीन राज्य व्यवस्था र सामाजिक अवस्थाप्रति व्यङ्ग्य गर्नु यसको अर्को उद्देश्य हो ।

### ३.५.२ साबिती उपन्यासमा उद्देश्य

**साबिती** उपन्यासमा समसामयिक युगमा देखा परेका विविध समस्याको चित्रण गरिएको छ । नेपाली समाजमा व्याप्त राजनीतिक, सामाजिक, शैक्षिक, आर्थिक, नैतिक विकृतिहरूको चित्रणका माध्यमबाट समाज र राष्ट्रको दुर्नियति देखाउँदै स्वस्थ र सबल समाजको स्थापना गर्न चाहनु यस उपन्यासको प्रमुख उद्देश्य रहेको छ । यस्तै उपन्यासमा मानिसले जस्तोसुकै कर्म गर्न पनि विवश हुनु पर्छ भन्ने कुरा पनि देखाइएको छ । विसङ्गत जीवनको व्याङ्ग्यात्मक उद्घाटन नै यो उपन्यासको मुख्य उद्देश्य हो । उपन्यासले नेपाली समाजमा गरिबी र गरिबीका कारणले गर्दा उत्पन्न विसङ्गतिपूर्ण जीवन बाँच्न बाध्य भएका नेपालीहरूको प्रतिनिधित्व गरेको छ । साथै दोस्रो विश्वयुद्धको आगमनले मानवमा बढ्दो सन्त्रास, जर्जरता र अशान्तिको वातावरण सिर्जना गरेको कुरालाई पनि यसले केही मात्रामा देखाउन सफल भएको छ ।

**साबिती** उपन्यास विसङ्गत जीवनको व्यङ्ग्यात्मक उद्घाटन हो । आजका मानिसहरूको यथार्थ चित्रण हो । यथार्थको भावभूमिमा वा धरातलमा उभिएर समय सापेक्ष, परिवेश सापेक्ष, अनुभूति र भोगाइका नियतिलाई एक पक्ष वा बहु पक्षमा देखाउनु यसको अर्को उद्देश्य हो (पौडेल, २०५६ : ५३) । यस उपन्यासमा यथार्थवाद मात्र नभएर अतियथार्थवादलाई पनि प्रस्तुत गरिएको छ । यस उपन्यासमा प्रशासनिक ढिलासुस्ती, भ्रष्टाचार, घुसखोरी आदिले गर्दा समाजमा परेको विसङ्गत र विकृतिलाई सूक्ष्म किसिमले प्रस्तुत गर्ने जमर्को गरिएको छ । आजको युवा मानसिकता र वातावरणको चित्रण यस उपन्यासले गरेको छ । त्यस्तै उपन्यासमा स्वच्छन्द यौनको निर्वाध उपयोग गर्नेप्रति पक्षधरता नभई त्यसप्रतिको उल्टो प्रतिद्वन्द्विता प्रस्तुत भएको छ (पौडेल, २०६८ : ५७) । यसका साथै यस उपन्यासले प्रथम विश्वयुद्धको लगत्तै पुनः दोस्रो विश्वयुद्धको आगमनले समाजमा व्याप्त अशान्ति र त्रासको वातावरण सिर्जना गरेको कुरालाई प्रस्तुत गरेको छ । “मसँग मुख रैनछ बोल्न खोज्दा थाहा पाएँ । डण्डीभित्रबाट टुलु– टुलु हेर्ने कैदीका एक जोर आँखा मात्र रहेछन् मसँग” (पृ. ४९) भन्नुले तत्कालीन राज्यव्यवस्थामा वाक् स्वतन्त्रताको हनन् भएको र आफ्नो आँखा अगाडि जतिसुकै अन्याय भए पनि टुलुटुलु हेर्न बाहेक अन्य विकल्प नभएको कुरा देखाउनु यस उपन्यासको अर्को उद्देश्य रहेको देखिन्छ । तत्कालीन बौद्धिक वर्गका व्यक्तिका समस्या र लेखकहरूको दयनीय अवस्थालाई पनि यस उपन्यासले देखाउने प्रयास गरेको छ ।

### ३.५.३ सकस उपन्यासमा उद्देश्य

**सकस** उपन्यासको मुख्य उद्देश्य भनेको नेपाली पुर्खाले कोरेको इतिहासदेखि वर्तमानसम्मका उतारचढावका कथा व्यथालाई उजिल्याउने प्रयत्न गर्नु हो । उपन्यासकारले यस उपन्यासमा देशका सामाजिक, राजनैतिक र ऐतिहासिक घटनालाई आधार बनाएर आलोचनात्मक ढङ्गले प्रस्तुत गरेका छन् । नेपालको इतिहास, वर्तमान तथा विविध आयामहरूलाई केन्द्र विन्दु बनाएर यो कृतिले नेपाली जनताहरूले २५० वर्षदेखि हालसम्म मभोगेका अप्ठ्यारा, पीडा, आशा र सपनामाथि भएका कुठाराघात, हाम्रो सामाजिक, राजनैतिक लगायत हरेक क्षेत्रमा भोग्नु परेका अपमान, धोका, जालसाजी आदिलाई अत्यन्तै सरल र बोधगम्य शैलीका माध्यमबाट सबैका सामु ल्याउनु **सकस** उपन्यास लेखनको उद्देश्य हो । न्याय र समृद्धि उन्मुख परिवर्तनका लागि त्यसका नायकहरूको शासकीय र

राजनीतिक संस्कृतिमा तदनुकुल परिवर्तन जरुरी छ भन्ने कुरा यो राजनीतिक ऐतिहासिक उपन्यासले प्रष्ट पारेको छ । नालीबेली सहित वर्तमान राजनीतिका विकृतिहरूको सशक्त चित्रण **सकस**ले गरेको छ ।

नेपालको राजनीतिक, सामाजिक, इतिहासभित्रको अनैतिक, सत्तालोलुप षड्यन्त्र, हत्या, हिंसा, शोषण, यौन दुराचार लगायतका यावत परिप्रेक्ष्यलाई खरो भाषामा उतारेर इतिहास, पुराण, महाभारतका कथा, उपकथा, गाथा र वर्तमान र विगतका राजनैतिक, आर्थिक, सामाजिक दुर्दान्त घटना, परिघटनालाई निर्भिक रूपमा प्रस्तुत गर्नु यस उपन्यासको अर्को उद्देश्य हो ।

## ३.६ निष्कर्ष

यसरी यस पच्छिेदमा जगदीश घिमिरेका उपन्यासको विश्लेषण गर्ने क्रममा उनका तीनवटै उपन्यासको संरचनागत वैशिष्ट्यका आधारमा कथानक, चरित्रचित्रण, परिवेश र उद्देश्यको विश्लेषण गरिएको छ । यिनै तŒवहरुको कलात्मक विन्यासबाट कृतिले आफ्नो रुप प्राप्त गर्ने भएकोले उपन्यास रचनामा यी संरचक तत्त्वहरुले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

चौथो परिच्छेद

# जगदीश घिमिरेका उपन्यासहरूको भाषाशैलीगत वैशिष्ट्य

## ४.१ विषय परिचय

जगदीश घिमिरेको उपन्यासको अध्ययन विश्लेषण गर्न र घिमिरेको उपन्यासकारिताको भाषाशैलीगत वैशिष्ट्य निरूपणका निम्ति उपन्यास सिद्धान्त स्थापना गरिएको छ ।

## ४.२ भाषाको सैद्धान्तिक परिचय

भाषा मानवीय सञ्चारको माध्यम हो । साहित्यिक अभिव्यक्तिको माध्यम पनि भाषा नै हो । अनुभूति र अभिव्यक्तिको माध्यम भएकाले भाषा सामाजिक चिन्तनको प्रतीक पनि हो । उपन्यासमा कथ्य र लेख्य दुवै भाषाको प्रयोग आवश्यकता अनुसार हुन्छ (बराल र एटम, २०६६ : ३९) । आख्यान भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । भाषाले उपन्यासको गद्य रूपलाई समेट्छ । त्यसैले भाषा उपन्यासको सर्वोपरि आवश्यक तत्त्व हो ।

भाषा अभिव्यक्तिको माध्यम भएकाले साहित्यकारले साहित्य सिर्जनाका लागि र पाठकले कृतिलाई पढ्न र बुझ्नको लागि भाषाको प्रयोग गर्दछन् । उपन्यासमा भाषाको प्रयोग उपान्यासकारले गरेको वर्णन र पात्रले बोलेको संवादका रूपमा दुई किसिमले गरिएको पाइन्छ । आधुनिक उपन्यासको भाषामा नयाँ–नयाँ शैलीको प्रयोग भएको देखिन्छ । वर्णनात्मक, विवरणात्मक, नाटकीय, आत्मकथात्मक, पत्रात्मक, दैनिकी तथा चेतनाप्रवाह शैलीको प्रयोग हुनु आधुनिक उपन्यासको भाषाशैलीगत उपलब्धि हो । वर्णित विषय र पात्रको स्थितिलाई ध्यानमा राखेर भाषाका विविध रूपको प्रयोग पनि उपन्यासमा गरिन्छ (बराल र एटम, २०६६ : ४०) । यसैबाट लेखकको व्यक्ति–प्रतिभा पनि प्रकट हुन्छ ।

भाषा साहित्यको सर्वस्व हो । भाषाको शक्तिमै उपनयासको गौरव अडेको हुन्छ । उपन्यासको भाषा उच्च, मध्य र निम्न गरी तीन प्रकारका हुन्छन् । उच्च वर्गले प्रयोग गर्ने भाषा गम्भीर, औपचारिक र स्तरीय हुन्छ भने निम्न वर्गले बोल्ने भाषा अनौपचारिक र सामान्य हुन्छ । मध्यम वर्गले बोल्ने भाषा उच्च र निम्न दुवै वर्गले बोल्ने भाषाको

विशेषताबाट प्रभावित हुन्छ (बराल र एटम, २०६६ : ४०) । धेरैजसो उपन्यासमा यस्तो विशेषता पाउन सकिन्छ ।

आख्यानमा धेरथोर विचलनयुक्त, सहज र स्वाभाविक भाषाको प्रयोग गरिएको हुन्छ । साहित्यकारले प्रयोग गर्ने भाषा नियमबद्ध र लेखकीय हुन्छ भने पात्रको स्तर र परिस्थिति अनुकूल संवादको प्रयोग हुने हुँदा यसमा प्रशस्त विविधता पाइन्छ । संवादलाई स्वभाविक बनाउनका लागि यसमा कथ्य भाषा तथा भाषिकाको प्रयोग अपेक्षाकृत रूपमा बढी हुन्छ (बराल र एटम, २०६६ : ३९) । उपन्यासमा विविध घटना तथा दृश्य, पात्र आदि चीजहरू भाषाकै माध्यमबाट नै चित्रित हुन्छन् ।

## ४.२.१ लिलाम उपन्यासमा भाषा

**लिलाम** निम्नवर्गीय नेपालीहरूको सामाजिक जीवनको यथार्थ चित्रण गरिएको उपन्यास भएकाले यसको भाषा सहज, सरल, र स्वाभाविक देखिन्छ । यस उपन्यासमा घिमिरेले कहीँकतै अभिधामुलक भाषाको प्रयोग गरेका छन् भने कतै व्यङ्ग्यात्मक भाषाको पनि प्रयोग गरेका छन् । उपन्यासमा झर्रा नेपाली शब्दहरूको प्रयोग पनि गरिएको पाइन्छ । यस्ता झर्रा नेपाली शब्दहरूमा जडौरी, सुतीथाती, लाम्टा, गर्जौ, गोहो, आठपाँच, घाटबारे, लुडो, पोतारी, लाठे, ऐझेरु, पाती, जर्रा, फाँचा, पठ्ठो, मुर्कुट्टा, खकन, बात, तिहुन, राँडाराँडी आदि प्रयोग भएका छन् भने प्यान्ट, पाकेट, शान, होटल, इन्च, टेपरेकर्ड, सोर्स भ्यासेक्टोमी, फीस, ब्यारोमिटर, एफ.पी.एम. आदि अङ्ग्रेजी शब्दको पनि प्रयोग भएको छ । भाषालाई रोचक र यथार्थ बनाउनका लागि प्रयोग भएका झर्रा नेपाली शब्द, तत्सम्, तद्भव र अनेकौं आगन्तुक शब्द टुट्टा, सिफिलिस, खेवा, घाजाँच, ओध्रो, एक्वारै आदि नयाँ शब्दको प्रयोग पनि गरेका छन् । यस्ता नयाँ शब्दको प्रयोगले भाषामा मिठास आएको छ । लिलाम उपन्यास जुन पृष्ठभूमिमा खडा गरिएको छ , त्यही पृष्ठभूमिबाट त्यहाँका पात्रहरूले बोल्ने भाषाको प्रयोग भएकाले यसको भाषा कृत्रिमताबाट मुक्त छ । उपन्यासमा प्रयोग भएका झर्रा शब्दहरू पात्र अनुसार सुहाउँदो र सान्दर्भिक देखिन्छन् ।

यस उपन्यासमा च्वाप्प–च्वाप्प, भ्वाम्म, च्यार्र, टुक्रुक्क, लग्लगी, ट्वार्र, सुरुक्क, सुलुक्क, सुँक्क–सुँक्क, स्वाइँ–स्वाइँ, तुरुक्क, उकुसमुकुस, ढ्वाक्–ढ्वाक्,आदि अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ, जसले गर्दा उपन्यासको भाषामा मिठास भरिएको छ ।

उपन्यासमा मरेपछि डुमै राजा, ढिंडोलाई निस्तै, कि गरी खानू, कि मरी जानू, जस्ता उखान र अक्क न बक्क, शरणको मरण, छन्द न बन्द, भालेको डाक, रमिता हेर्नु, उठीबास लाग्नु, देशको निम्ति मर्नु, किरिया खानु, बेचैनी हुनु, मार हान्नु, जीउले थेग्नु, सुनको टुक्रा जस्ता टुक्काको प्रयोग गरिएकाले उपन्यास रोचक र जीवन्त बनेको छ । उपन्यास भाषा प्रयोगका दृष्टिले परिष्कृत देखिए पनि पात्रहरूले प्रयोग गरेका कयौँ वाक्यहरू अपूर्ण देखिन्छन् । वाक्य अपूर्ण भए पनि उपन्यास पढ्दा अनुमानका भरमा पनि बुझ्न सक्ने खालका देखिन्छन् ।

उपन्यासमा कतैंकतैं व्यक्तिगत थेगोको प्रयोग गरिएको छ भने सामान्य आलाङ्कारिकता र विचलनलाई पनि भाषाले अङ्गीकार गरेको छ । थेगोको प्रयोगले उपन्यासलाई स्वाभाविक र सान्दर्भिक बनाएको छ ।

"कटुवाल थोरे किनिछस्, चाइञ्जसुञ्जो बाबै" (पृ. ५२)

"सधैँभरि राख्न पाउँ भन्छस् भने पनि नाइँ छैन, दोखी भैँसी पालेर संहारै हुन्छस् भने पनि लौ । चाइञ्जसुञ्जो..........ई...........चाइञ्जसुञ्जो" (पृ. ५४)

"धेरै चाकरी गरिस् तैंले, जो हो अघि हाम्रा पिता पुर्खादेखि जो हो" (पृ.५०)

"सोझालाई पाएर चाइञ्जसुञ्जो गर्दनै त काट्नु हुँदैन गाँठे" (पृ. ५७)

उपन्यासमा प्रश्न चिन्ह, विस्मयादिबोधक चिन्हको पनि प्रयोग गरिएको छ ।

कहींकतै कर्ता, कर्म र क्रियाको मेल भएको छैन । यो उपन्यास भाषा प्रयोगका दृष्टिले सफल देखिन्छ । नयाँ–नयाँ नेपाली शब्दको प्रयोग, तत्सम्, तद्भव र आगन्तुक शब्दका साथै उखान टुक्का र विभिन्न थेगोको प्रयोगले उपन्यास जीवन्त, सरल, सरस र स्वाभाविक बनेको छ ।

## ४.२.२ साबिती उपन्यासमा भाषा

**साबिती** उपन्यासमा सरल, सहज र स्वाभाविक किसिमको भाषाको प्रयोग गरिएको छ । उपन्यासको प्रमुख पात्र 'म' को विभिन्न अनुभव र देखे भोगेका कुराहरूलाई व्यक्त गर्दा पात्रको परिवेश र स्थान बमोजिम सुहाउँदो भाषा प्रयोग गरिएको छ । यस उपन्यासमा सामान्य व्यक्तिले बोल्ने कथ्य भाषाका साथसाथै उच्च खानदानका व्यक्तिले बोल्ने उच्च आदरार्थी भाषाको समेत प्रयोग भएको छ । "हजूर उभिइसेर जुन द्वारलाई शोभायमान

गरिसेको छ" (पृ. २०) । कतै–कतै झर्रा शब्द र अङ्ग्रेजी शब्दको प्रयोगले उपन्यासमा मिठास ल्याइदिएको छ । उपन्यासमा सरल वाक्यका साथै संयुक्त वाक्यको पनि प्रयोग गरिएको छ । सम्पूर्ण उपन्यासमा व्यङ्ग्यको बाहुल्यता पाइन्छ । "राष्टे पञ्चायतमा पुगेपछि मन्त्री हुन त कुनै चुनाव पनि जित्नु पर्दैन" (पृ. १५) जस्ता कथ्य भाषाको प्रयोग भएको छ ।

उपन्यासमा गर्ल्याम्म, ह्वात्त, छवाङ्ग, तनक्क, स्वाँ–स्वाँ, प्याच्च, खितित्त, भक्लुक्क, लुखुरलुखुर, टुसुक्क आदि अनुकरणात्मक शब्दका साथै फेहिरिस्त, सेट, ब्यालेन्स, प्यान्ट, प्लेटफार्म, सिरियस, बेड, स्लो–प्वाइजन, ब्याक, कम्पाउन्डर, फ्री, प्यासेन्जर जस्ता आगन्तुक शब्दको प्रयोग उपन्यासमा प्रशस्तै भएका छन् । त, नि, हगि जस्ता निपातको पनि प्रयोग भएको छ । कवितात्मक भाषाको प्रयोगले **साबिती** उपन्यासले उपन्यासका क्षेत्रमा नौलो परिपाटीको सिर्जना गर्न सफल भएको छ ।

### ४.२.३ सकस उपन्यासमा भाषा

**सकस** उपन्यासमा सबै स्तरका पाठकले बुझ्न सक्ने छरितो किसिमको भाषाको प्रयोग भएको छ । यस उपन्यासमा उपन्यासकारले कतै कतै अभिधामूलक भाषाको प्रयोग गरेका छन् भने कहीँ कतै व्यङ्ग्यात्मक भाषाको पनि प्रयोग गरेका छन् । उपन्यासमा सामान्य व्यक्तिले बोल्ने कथ्य भाषादेखि लिएर उच्च राजर्षि खानदानका व्यक्तिले बोल्ने उच्च आदरार्थी भाषाको समेत प्रयोग गरिएको छ ।

"हजूर स्वयं विष्णु भगवानले मलाई चाहना गरिबक्सनु मेरो अहोभाग्य हो । तर हजूरले मलाई यौटा वचन दिइबक्सनुपर्छ" (पृ. ८२) ।

"जे-जे भयो, त्यसलाई बिर्सेर राजकाजमा सघाउन फिर्ता सवारी होस्" (पृ. ८२) ।

उपन्यासमा कन्तुर, धुपौरो, माथ्लो, भ्वाङ, गुन्टा, बोझो, डँढेलो, संघार, पौवा, कुन्युँ, भुँड्को, ऐँझेरु, पाती, मुर्कुटा, किरिया जस्ता झर्रो नेपाली शब्दहरूको प्रयोग भएको पाइन्छ भने सिप्रोफ्लोक्सासिन, निम्स, ल्यासिक्स, गेस्ट हाउस, क्रेप ब्यान्डेज, मिटिङ, रिपोर्ट, ट्रेनिङ, इन्सपेक्टर, एयरपोर्ट, साइलेन्स, डी.एस्.पी, प्रोजेक्ट, इनटरनेसनल, एन्.जी.ओ, कम्पाउण्ड आदि अंग्रेजी शब्दहरूको पनि प्रयोग गरिएको छ । भाषालाई रोचक र यथार्थमूलक

बनाउनका लागि प्रयोग भएका विभिन्न झर्रा नेपाली शब्द, तद्भव, तत्सम र अनेकौं आगन्तुक शब्दहरूको प्रयोगले उपन्यासको भाषामा मिठास भरिएको छ । यस उपन्यासमा सुइँकुच्चा, डङ्ग्रङ्ङ, घच्याक्क, छवालछवाल, झल्याक झुलुक, बल्लतल्ल, ब्वाङ्ङ, प्याट्ट, च्वास्स, फटाफट, स्वात्त, ट्वाल्ल, स्वाँ-स्वाँ, उकुसमुकुस, तुरुन्त, लग्लगी, झल्याँस्स, प्याच्च, डिच्च आदि अनुकरणात्मक शब्दको प्रयोग गरिएको छ, जसले गर्दा उपन्यासमा रोचकता थपेको छ । नि, त, लौ, पो, है जस्ता विभिन्न निपात शब्दहरूको प्रयोग पनि भएको पाइन्छ । यसमा अघोरी बाबाको तान्त्रिक भाषाको पनि प्रयोग गरिएको छ ।

"ओ अल्लाह बीच हथेली के मुहम्मद बीच कपार ।

उनका नाम मोहिनी मोहे जग संसार ।"

उपन्यासमा 'आकासको फल आँखा तरी मर', 'हरेक ढुङ्गामा मूर्ति हुन्छ', 'सम्पतिमा सबैको हाइ हाइ, विपत्तिमा कोही न कोही ?' जस्ता उखान र डाँको छोड्नु, छियाछिया हुनु, घुँडा टेक्नु, हिक्क-हिक्क गर्नु, बाँझो फोर्नु, ढिकुराको पुजारी, धिप-धिप बल्नु, सुँक्क-सुँक्क गर्नु आदि टुक्काहरूको प्रयोगले उपन्यास अझ रोचक र जीवन्त बनेको छ । ......माच्चि.....स्साला, बु.....चा....., जाँठा जस्ता अस्लिल शब्दहरूको प्रयोग गरिएको छ । उपन्यासमा प्रश्न चिन्ह, विस्मयादिबोधक चिन्ह, अल्पविरामको प्रयोग भएको छ । उपन्यास भाषा प्रयोगका दृष्टिले सान्दर्भिक छ ।

## ४.३ शैलीको सैद्धान्तिक परिचय

आख्यानमा शैली भन्नाले लेखकले कथानक प्रस्तुत गर्ने तरिका भन्ने बुझिन्छ । उपन्यासमा रहेको घटनावलीको संयोजनलाई उपन्यासकारले आ–आफ्नो रुचि, क्षमता र कौशल अनुसार प्रभावकारी बनाउने गर्दछन् । शैली प्रत्येक लेखकको आ–आफ्नै हुनाले जति लेखक हुन्छन् त्यति नै शैली पनि हुन्छन् । निजत्वको विशिष्ट रूप नै शैली हो (प्रधान, २०४३ : ९) । शैली भाषा प्रयोगको मौलिक तरिका हो । शैलीका माध्यमले उपन्यासकारले उपन्यासलाई आलङ्कारिक र काव्यात्मक बनाउँछन् । रचनाकारको यस्तो विशिष्ट प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ (शर्मा, २०४८ : ३) । उपन्यासलाई विशिष्ट र मौलिक बनाउने तत्त्व नै शैली हो ।

उपन्यास रचनाका दृष्टिले अलग–अलग शैलीका हुन्छन् । वर्णनात्मक, विश्लेषणात्मक, आत्मकथात्मक, आलोचनात्मक आदि शैलीका परिकारले उपन्यासमा नै विविधता ल्याइदिन्छ (प्रधान, २०४३ : ९) । यस्तो विविध शैलीले उपन्यासको कथावस्तुमा आकर्षण तथा रोचकता थप्ने काम गर्दछ । उपन्यासहरू एउटै विषयवस्तुका आधारमा लेखिए पनि शैलीगत विभिन्नताका कारणले गर्दा पृथक–पृथक किसिमका देखिन्छन् (प्रधान, २०४३ : ९) । शैलीको परिचय भाषा प्रयोग, कथावस्तुको गठन, चरित्रचित्रण र विषयवस्तुको शृङ्लाबद्ध प्रस्तुतिकरणमा पाइन्छ (उपाध्याय, २०४४ : १७२) । शैली रचनाको यस्तो प्रकार हो, जसमा भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन पनि हुन्छ । शैलीगत अनिर्मिततामा औपन्यासिक रूपात्मकताको कल्पना गर्न सकिंदैन (प्रधान, २०४३ : ९) । त्यसैले शैली उपन्यासको अनिवार्य एवम् महत्त्वपूर्ण तत्त्व हो ।

## ४.३.१ लिलाम उपन्यासमा शैली

उपन्यासकार घिमिरेले लिलाम उपन्यासमा व्याङ्ग्यात्मक शैलीको प्रयोग गरेका छन् । उपन्यासका प्रमुख पात्र बहादुरेका जीवनमा घटेका सुख–दुःखलाई समेटिएको छ । यस उपन्यासको प्रारम्भमा बहादुरेले बितेका घटनाहरूलाई पूर्वदीप्ति शैलीका माध्यमबाट प्रस्तुत गरेको छ । बहादुरे र उसका परिवारका बीचमा संवादहरूले प्रश्रय पाएका छन् । प्रासङ्गिक घटनाका पात्रहरूबीच संवादात्मक शैली अपनाइएको भए पनि सम्पूर्ण उपन्यासले तत्कालीन पञ्चायती शासन व्यवस्थाको चर्को दमन, विकृति, विसङ्गतिलाई नेपाली समाजको यथार्थ परिवेश र वातावरणका माध्यमबाट व्यङ्ग्य प्रहार गरेको छ । उपन्यासमा “उसको आँखा रसाएको छ, मुटु रसाएको छ” (पृ. ८५) । “आखिर यो जरोले ज्यान लिइरै छाड्ने भो, ऊ अब जरोलाई सम्भन्छ” (पृ. ८९) जस्ता समानान्तरतायुक्त वाक्य, स्वास्नी बुभ्छे, रामबहादुरसँग परेछ भनाभन (पृ. ४२) जस्ता विचलनयुक्त वाक्य तथा थुप्रै आलङ्कारिक वाक्यको प्रयोगले उपन्यासमा अनुप्रासीय चमत्कार सिर्जना गरेका छन् ।

### ४.३.२ साबिती उपन्यासमा शैली

**साबिती** उपन्यास चेतनप्रवाह शैलीमा लेखिएको उपन्यास हो । यसमा गद्यदेखि पद्यसम्मको सम्मिश्रण रहेको छ (भट्ट, २०६५ : १०४) । उपन्यासकारले उपन्यासको कथांशलाई समेत कवितांशमा समाहित गर्दै शैलीमा नवीनता ल्याएका छन् ।

"मान्छेसँग केही पनि छैन अब

हारिसकेको छ पाण्डवले झैं

सबैथोक युगको जुवामा जालसाजीमा" (पृ. ५७) ।

**साबिती** उपन्यास नेपाली गद्य साहित्यलाई सबल तुल्याउन समर्थ छ । "म क्रान्तिको बाटोमा नलागेको होइन– तर त्यो दुर्भाग्य मार्गमा हिँड्नै सकिन– अगुवा हुन त परै जाओस्– जुन मैले सपना देखेको थिए– पछुवा पनि हुन सकिन" (पृ. २) ।

प्रस्तुत उपन्यासमा चेतनप्रवाह शैली आरम्भदेखि अन्त्यसम्म एकनाशले अगाडि बढेको छ । यसको कथन शैलीमा व्यङ्ग्य पनि टड्कारो रूपमा आएको छ (पौडेल, २०६८ : ६५) । त्यसैले साबितीलाई नेपाली साहित्यमा पूर्ण रूपमा नौलो शैलीको प्रयोग भएको उपन्यास मान्न सकिन्छ ।

### ४.३.३ सकस उपन्यासमा शैली

जगदीश घिमिरेले **सकस** उपन्यासमा वर्णनात्मक शैलीको प्रयोग गरेका छन् । जीबा र शरदको संस्मरणलाई समेटिएको सकस संस्मरणात्मक शैलीमा अघि बढेको उपन्यास हो ।

जीबाले भने- "सिन्धुलीगढीमा फिरंगीलाई हराएको वर्ष दिनपछि पृथ्वीनारायण शाहले कान्तिपुर जिते" (पृ. ५९) ।

"म जीवनको दोबाटोमा थिएँ, मेरो बाटो राजनीतितिर मोडियो" पृ. ५९) ।

शरदले देशमा चर्केको राजनीतिक दङ्गामा आफू लगायत आफूजस्ता कयौं निर्दोष जनता र देशको दुर्नियतको संस्मरण गरेको छ ।

"यौटाले बूटले मेरो बंगारामा एक किक दियो । म ढलेँ । मलाई आफ्नो टाउको टुक्रा-टुक्रा भएर छरिए जस्तो लाग्यो । एक लाइन बंगारा हल्लिए । जिब्रो काटियो । मुखबाट रगत आउन लाग्यो । कता थुक्नु, टाउकामा खोल र आँखामा पट्टी यथावत् छ । तलमाथि पऱ्यो भने फेरि हान्ला भन्ने डर छ । घिन मानीमानी रगत निलेँ" (पृ. २५७) ।

उपन्यासमा इतिहासका घटनाहरू प्रत्यक्ष रूपमा वर्णन गरे जस्तो गरी वर्णित भएका छन् । राजनैतिक परिवेशले निम्त्याएको समस्या र आतंकलाई यथार्थ तवरले प्रस्तुत गरिएको छ । प्रासङ्गिक घटनाका पात्रहरूबीच संवादात्मक शैलीको पनि प्रयोग भएको छ । वर्णनात्मक शैलीले उपन्यासलाई सुसंगठित क्रमबद्ध र संगतिपूर्ण बनाएको छ ।

## ४.४ दृष्टिबिन्दुको सैद्धान्तिक परिचय

आख्यानका सन्दर्भमा दृष्टिबिन्दुले आख्यानकारको स्थिति जनाउँछ । उपन्यासमा कथायिताले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिबिन्दु हो (बराल र एटम, २०६६ : ३५) । यसैबाट कथायिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा उपास्थापना गर्छ भन्ने कुराको निर्धारण हुन्छ । कुनै पनि आख्यानकारले दृष्टिबिन्दुद्वारा चरित्र, कार्यव्यापार, परिवेश आदि कुरालाई पाठक सामु राख्ने भएकाले कुनै पनि आख्यान कसको कथा हो र त्यस कथालाई भन्ने समाख्याता को हो ? भन्ने कुरा नै दृष्टिबिन्दु हो ( शर्मा, २०५५ : ४१४) । यसले कसले कथा भनेको छ र कसरी कथा भनिरहेको छ भन्ने कुरा बताउँछ । दृष्टिबिन्दु कथानकको विधि हो । लेखकले दृष्टिबिन्दुको प्रबन्ध कौशलद्वारा आफ्नो कथन पाठक समक्ष पुऱ्याउँछ । कतै कथायिताले आफ्नै औपन्यासिक कथानकमा पसेर बोल्न अनुमति पाएको हुन्छ भने कतै सानो ढोकाबाट देखाएका कुराहरू र कतै सम्पूर्णतः ओकल्ने छुट पाएको हुन्छ (बराल र एटम, २०६६ : ३५) । त्यसैले उपन्यासमा दृष्टिबिन्दु महत्त्वपूर्ण तत्त्वका रूपमा आउाछ ।

एउटै उपन्यासमा पनि विभिन्न प्रकारको दृष्टिबिन्दुको प्रयोग गर्न सकिन्छ । आफूले लिएको विषयवस्तुलाई कतिसम्म प्रभावशाली बनाउने भन्ने सन्दर्भमा उपन्यासकारले एउटै उपन्यासमा पनि विविध दृष्टिबिन्दुको प्रयोग गर्न सक्दछ । तीमध्ये प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दु बढी प्रचलित छन् भने यदाकदा द्वितीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग पाउँन सकिन्छ (अब्राम्स, सन् २००० : २३१) । बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दु भएको

उपन्यासमा कथायिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ । उसले घटना स्थलभन्दा बाहिर रहेर अरूका बारेमा टिप्पणी गर्दछ । तृतीय पुरुष दृष्टिबिन्दु सर्वज्ञ र सीमित गरी दुई प्रकारका हुन्छन् (बराल र एटम, २०६६ : ३६) । सर्वज्ञ दृष्टिबिन्दुमा समाख्याताले घटना र पात्रका बारेमा आवश्यकता जति सबै जानेको हुन्छ र पात्रका विचार, तथा उद्देश्य जान्ने र प्रस्तुत गर्ने सुविधा हुन्छ । यस अन्तर्गत हस्तक्षेपी र अहस्तक्षेपी समाख्याता हुन्छन् । हस्तक्षेपी समाख्याताले विवरणमात्र प्रस्तुत नगरी पात्रका उद्देश्य र क्रियाकलापमाथि टिप्पणी एवम् मूल्याङ्कन पनि गर्दछ र कहिलेकाहीँ मानवीय जीवन सम्बन्धि वैयक्तिक विचार पनि प्रस्तुत गर्दछ । अहस्तक्षेपी समाख्यातालाई निवैयक्तिक वा तटस्थ पनि भनिन्छ । यस्तो समाख्याताले आफ्नो टिप्पणी वा मूल्याङ्कन नगरी वर्णन गर्दछ (अब्राम्स, २००० : २३२) । सीमित दृष्टिबिन्दु भएको उपन्यासको कथायिताले कथा वाचन गर्दा आफूलाई कुनै पात्र वा वर्गको अनुभव वा विचारमा लुप्त गराउँछ र सीमित पक्षबाट मात्र कुनै कुराको चर्चा गर्दछ ।

आन्तरिक वा प्रथम पुरुष दृष्टिबिन्दुमा कथायिता स्वयम् उपस्थित भएर आफ्नो कथा भनिरहेको हुन्छ । उसले विभिन्न पात्र वा घटनाको वर्णन गर्ने हुँदा आफूलाई प्रत्यक्ष उपस्थित गराएको हुन्छ । कथायिताले भन्न चाहेका कुरा 'म' पात्रका रूपमा व्यक्त गर्दछ (बराल र एटम, २०६६ : ३६–३७) । प्रथम पुरुष दृष्टिबिन्दु केन्द्रीय र परिधीय गरी दुई प्रकारका हुन्छन् । द्वितीय पुरुष दृष्टिबिन्दुमा समाख्याताले तँ, तिमी, तपाईं जस्ता द्वितीय पुरुष सर्वनामलाई सम्बोधन गरी कथाको वर्णन गर्दछ । त्यस्तो सम्बोधन आख्यानको कुनै पात्रलाई वा समाख्याता स्वयम्लाई गरिएको हुन्छ ।

## ४.४.१ लिलाम उपन्यासमा दृष्टिबिन्दु

**लिलाम** उपन्यासमा मुख्य रूपमा बहादुरेको कथा भनिएको छ । उपन्यासमा घटित सम्पूर्ण घटनाहरूमा बहादुरेको संलग्नता देखिन्छ अर्थात्  बहादुरेको केन्द्रीयतामा समग्र उपन्यासको कथानक विस्तार भएको छ । उपन्यासकारले बहादुरेलाई आफ्ना कुराहरू बोल्न लगाएका छन् । उपन्यासकारले आफूले देखेका, भोगेका र समाजबाट अनुभव गरेका विभिन्न घटनाहरूलाई बहादुरेका माध्यमबाट व्यक्त गरेका छन् । यसरी मूल कथा र प्रासङ्गिक कथाहरूको वर्णन कथायिताले गरेका हुनाले यस उपन्यासमा तृतीय पुरुष वा बाह्य दृष्टिबिन्दुको प्रयोग भएको छ ।

## ४.४.२ साबिती उपन्यासमा दृष्टिबिन्दु

**साबिती** उपन्यासका कथायिता उपन्यासकार स्वयम् हुन् । यसमा प्रयुक्त 'म' पात्र आफैं भएकाले उनले देखेका, भोगेका कुराहरूलाई उपन्यासमा प्रस्तुत गरेका छन् । 'म' पात्र स्वयम् उपन्यासको घटनासँग सम्बन्धित भएकाले यसमा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । सबै कुरालाई 'म' पात्रका माध्यमबाट व्यक्त गरिएको छ । उपन्यासको 'म' पात्र द्रष्टा र भोक्ता दुवै भएको र उपन्यासमा उसकै केन्द्रीय भूमिका रहेकाले यसमा प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ । उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म 'म' पात्रको संलग्ता रहेको देखिन्छ । "म आफूलाई भत्काएर लेख्दै छु । आफूलाई भत्काउन मैले लेख्नै पर्छ" (पृ. १) । "म दोस्रो महायुद्धपिछ जन्मे अर्थात् महायुद्धको घाउमाथि पलाएँ । मेरा जरा महायुद्धमा गाडिएका छन् । म महायुद्धको कलमी बिरुवा हुँ" (पृ. ३२) ।

प्रस्तुत उपन्यासमा 'म' पात्रले समाजमा देखा पर्ने दुर्बल, निर्धन र गरिब व्यक्तिको प्रतिनिधित्व गरेको छ । 'म' पात्रले उपन्यासमा आफ्नो परिचय यसरी दिएको छ । "म मानिस मात्र हुँ– अर्थात् दुर्बल हृदय, दुर्बल मस्तिष्क, रुग्ण मानसिकता बोकेको दमित वासना र आकांक्षाहरूको एउटा दुर्बलकाय खानी" (पृ. १) । यसरी **साबिती** उपन्यासमा 'म' पात्र स्वयम्ले आफ्नो जीवन भोगाइलाई प्रस्तुत गरेको पाइन्छ ।

## ४.४.३ सकस उपन्यासमा दृष्टिबिन्दु

दृष्टिबिन्दु भनेको उपन्यासकारको उपन्यासमा प्रयोग भएको दृष्टिकोण हो । **सकस** उपन्यासको दृष्टिबिन्दुकर्ता यसको प्रमुख तथा केन्द्रीय पात्र नै हो । उपन्यासको सम्पूर्ण कथावस्तु जीबा र शरदले वर्णन गरेका छन् । उपन्यासमा जीबा र शरद 'म' पात्रका रूपमा आएर आ-आफ्ना जीवनमा घटेका घटनाको वर्णन गरेका हुन् । उपन्यासको सम्पूर्ण घटनाको द्रष्टा वा सर्वज्ञाता जीबा र शरद नै हुन् । त्यसैले उपन्यासमा प्रथम पुरुष दुष्टिविन्दुको प्रयोग भएको छ । उपन्यासमा सर्वज्ञाता जीबा र शरदले 'म' पात्रका रूपमा आफ्ना जीवनमा घटेका घटनाहरूलाई छुट्टाछुट्टै वर्णन गरेका छन् । उपन्यासको सुरुमा जीबाले आफ्ना कथा भन्छन् भने मध्य भागदेखि शरद 'म' पात्रका रूपमा आई कथाको वर्णन गर्छ । त्यसैले यो उपन्यासको कथावस्तु प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुमा अगाडि बढेको छ ।

"म अहिले मेरा स्मृतिका गेडाल बनेका माला जप्दै छु ।"

"अघि आँखा खोलेर संसार डुलेँ । अब आँखा चिम्लेर डुल्दै छु- आफ्नै स्मृतिमा" (पृ. ३९)

"म आफ्नो र अर्काका माओवादी र सेनासँगका अनुभवहरू सम्झेर टोलाउन लागेँ । मानौँ ती दृश्यहरू टी.भी.को पर्दामा देख्दै छु" (पृ. २६८) ।

यसरी उपन्यासमा 'म' पात्रले आफ्नो स्वयम् जीवन भोगाइलाई प्रस्तुत गरेका छन् ।

## ४.५ निष्कर्ष

यसरी यस पच्छिेदमा जगदीश घिमिरेका उपन्यासको विश्लेषण गर्ने क्रममा उनका लिलाम, साबिती र सकस तीनवटै उपन्यासको भाषाशैलीगत वैशिष्ट्यका आधारमा उपन्यासको भाषा, शैली र दृष्टिबिन्दुको विश्लेषण गरिएको छ । यिनै तत्त्वहरुको कलात्मक विन्यासबाट कृतिले आफ्नो रुप प्राप्त गर्ने भएकोले उपन्यास रचनामा यी भाषाशैलीगत संरचक तत्त्वहरुले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

## पााचौं परिच्छेद

# प्रवृत्तिगत आधारमा जगदीश घिमिरेका उपन्यासको विश्लेषण

## ५.१ विषय परिचय

उपन्यासकार जगदीश घिमिरेको उपन्यासयात्रा वि.सं. २०२७ को **लिलाम** उपन्यासबाट सुरु भएर वि.सं. २०६९ को **सकस** उपन्याससम्म आइपुगेको छ । प्रकाशित उपन्यासलाई आधार मानेर हेर्दा घिमिरेका तीनवटा उपन्यासहरू प्रकाशित छन् । उनका औपन्यासिक प्रवृत्तिको अध्ययनमा यिनै तीन उपन्यासलाई आधार मान्नु पर्ने हुन्छ ।  यिनै तीनवटा प्रकाशित उपन्यासको सेरोफेरो उनका औपन्यासिक प्रवृत्तिहरू निम्नलिखित देखा पर्छन् ।

### ५.१.१  सामाजिक यथार्थवाद

जगदीश घिमिरे आधुनिक नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादी धाराका उपन्यासकारका रूपमा चिनिन्छन् । नेपाली उपन्यास परम्परामा रुद्रराज पाण्डेको **रूपमती** (१९९१) उपन्यासमा सामाजिक यथार्थवादको आंशिक प्रभाव देखिए पनि लैनसिंह बाङ्देलको **मुलुक बाहिर** (२००४) नै पहिलो सामाजिक यथार्थवादी उपन्यास हो । यसै धारामा रहेर घिमिरेले पनि आफ्ना तीनवटै उपन्यास **लिलाम**(२०२७), **साबिती** (२०३२) र **सकस** (२०६९) मा सामाजिक यथार्थवाद प्रस्तुत गरेका छन् । सामाजिक यथार्थवाद समाजको ऐना हो । जसले समग्र समाजमा जे–जस्ता घटना घट्छन्, त्यसलाई उपन्यासमा फोटोकपी गर्छ । घिमिरे आफ्ना उपन्यासमा समाजका बहुसंख्यक जनताको जीवनमा घट्ने घटनालाई उपन्यासको विषयवस्तु बनाउन सफल देखिन्छन् । समाजमा रहेका सम्भ्रान्त परिवारमा देखापर्ने घटनालाई विषयवस्तु नबनाएर समाजका अधिकांश व्यक्तिहरूको प्रतिनिधित्व गर्ने निम्नवर्गीय पक्षको चित्रण हुन सक्ने विषयलाई उपन्यासमा तस्बिर जस्तै उतार्न सक्षम देखिएका छन् ।

घिमिरेले **लिलाम** उपन्यासमा नेपाली ग्रामीण समाजमा बसोबास गर्ने निम्नवर्गीय मानिसहरूका दुःख, पीर र व्यथालाई प्रस्तुत गरेका छन् । उनले समाजका बहुसंख्यक

जनताको जीवनमा घट्ने घटनाहरूलाई उपन्यासको विषयवस्तु बनाएका छन् । समाजमा सम्मुन्त वर्गका व्यक्तिहरूले शैक्षिक, आर्थिक र जातीय रूपमा पिछडिएका जनतामाथि गरेको थिचोमिचो र शोषणको चित्रण गर्ने यथार्थ तस्बिर उपन्यासमा देखिन्छ । बहादुरे जस्ता निम्नवर्गीय चरित्रहरू शोषक सामन्तीहरूबाट शोषित भए पनि विद्रोह गर्न नसक्नुले उपन्यास झनै यथार्थतिर मोडिएको छ । उनको अर्को उपन्यास **साबिती**मा पनि यथार्थवादी प्रवृत्ति भेटिन्छ । उपन्यासको विषयवस्तुले समाजमा हुने ढिलासुस्ती, विकृति र विसङ्गतिलाई यथार्थ रूपमा प्रस्तुत गरेको छ । उपन्यासकार स्वयम् 'म' पात्रका माध्यमबाट समाजका हरेक क्षेत्रमा उपस्थित भएर आफ्ना जीवनमा देखे भोगेका सामाजिक विकृति र विसङ्गतिलाई टपक्क टिपेर उपन्यासमा जस्ताको त्यस्तै प्रस्तुत गरेका छन् । उपन्यासका घटनाहरूले समाजका विकृति र विसङ्गतिप्रति चोटिलो व्यङ्ग्य समेत प्रहार गरेको पाइन्छ । उनको **सकस** उपन्यास पनि सामाजिक यथार्थवादको धरातालमा उभिएको छ । सम्भ्रान्त वर्गले निम्नवर्गमाथि गरेको दमन, शोषण, निर्दोष जनताले निरापराध खेप्नु परेको पीडा र वेदना छ । समाजमा परम्परादेखि चल्दै आएको सती प्रथाको राम्रो प्रस्तुति उपन्यासमा समावेश गरेका छन् । घिमिरेका औपन्यासिक विषयवस्तु, घटना, चरित्र, परिवेश, भाषा र उद्देश्य सबै सामाजिक यथार्थ धरातालबाट चुनिएका हुन्छन् । सामाजिक जीवनका टड्कारो र जीवन्त समस्याहरूलाई आफ्ना उपन्यासहरूमा समेट्ने घिमिरे सामाजिक यथार्थवादी प्रवृत्तिका उपन्यासकार हुन् ।

### ५.१.२ आलोचनात्मक यथार्थवाद

नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादपछिको लेखन प्रवृत्ति आलोचनात्मक यथार्थवादी प्रवृत्ति हो (सुवेदी, २०५३ : १३३) । समाजमा रहेका यथार्थको चित्रण गर्ने क्रममा विसङ्गति र विकृतिप्रति आलोचना गरी लेखिएको उपन्यासलाई आलोचनात्मक यथार्थवादी उपन्यास भनिन्छ । आलोचनात्मक यथार्थवादमा समाजमा दुषित र अहितकर तत्त्वहरूको अन्धविश्वास र समाजलाई दुर्गन्धित बनाउने रुढीवादी कुप्रथाहरूको कटु आलोचना गरिएको हुन्छ (प्रधान, २०४३ : ११४) । शोषित, पीडित र गरिबप्रति सहानुभूति दर्साइएको हुन्छ । नेपाली उपन्यास परम्परामा लैनसिंह बाङ्देलको **लङ्गडाको साथी** (२००८) उपन्यासमा आलोचनात्मक यथार्थवादको प्रारम्भिक झलको पाइए पनि ठोस

रूपमा हृदयचन्द्रसिंह प्रधानको **स्वास्नी मान्छे** (२०११) बाट यस धाराको प्रारम्भ भएको देखिन्छ ।

जगदीश घिमिरेका तीनवटै उपन्यासहरू आलोचनात्मक यथार्थवादी धरातलमा उभिएका छन् । उनका उपन्यासमा समाजका रुढीगत मान्यता, वर्गीय संघर्ष र विसङ्गतिका पक्षहरूलाई, शोषण, दमन र उत्पीडनलाई आलोचनात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ । समाजमा देखापर्ने कुरीति, संस्कृति, परम्परा, रहनसहन र समाजलाई अहितकर र दुषित एवम् दुर्गन्धित पार्ने तत्त्वहरूको कटु आलोचना गरेको पाइन्छ । घिमिरेले आफ्ना उपन्यासमा समाजका सबै क्षेत्रमा झ्याङ्गिएर बसेको रुढी र वर्गीय विसङ्गतिका पक्षहरूलाई , शोषण, दमन र उत्पीडनलाई आफ्ना उपन्यासका माध्यमबाट प्रस्तुत गरेका छन् । समाजमा विद्यमान समस्यालाई टिप्पणी गरेका छन् । चिन्तनका दृष्टिले घिमिरेका तीनवटै उपन्यासहरू आलोचनात्मक यथार्थवादी देखा पर्दछन् । यसरी समाजका विद्यमान समस्यालाई उपन्यासका माध्यमबाट कटु आलोचना तथा टिप्पणी गर्नु उनको उपन्यास लेखनको मूल प्रवृत्ति हो ।

### ५.१.३ विसङ्गतिवादी

आधुनिक नेपाली उपन्यासका क्षेत्रमा इन्दबहादुर राईको **आज रमिता छ** (२०२१) बाट विसङ्गतिवादी धाराको थालनी भएको हो । यस वादले संसार विसङ्गत छ । हामी विसङ्गतिका बीचमा हुर्किरहेका छौं । मानिस आफ्नो अस्तित्व जोगाउनका निम्ति संघर्ष गर्दछ तर संघर्षबाट पनि मानिसले केही पाउन सक्दैन । ऊ विसङ्गतिमा रुमलिन्छ भन्छ । यही प्रसङ्गलाई साहित्यमा विसङ्गति धारले प्रस्तुत गर्दछ । मान्छेको जीवन बाह्य र आन्तरिक जटिलतामा अल्झेको अवस्थामा मानवीय जीवनलाई अर्थ दिने क्रममा मान्छेले प्रकृतिका अन्य पक्षहरूभन्दा आफूलाई श्रेष्ठ ठान्ने आफैलाई प्रतिष्ठा दिने प्रयासमा आफू हुनुको, आफूले जीवन निर्वाह गर्नुको सङ्गतिबोध गर्दा विसङ्गतिलाई आत्मसात् गर्दै आएको छ । जुन घिमिरेका तीनवटै उपन्यासमा देखा पर्दछन् । घिमिरेले आफ्ना उपन्यासमा मानिसका विभीषिका, सन्त्रास, अभाव, आक्रमण, पलायन, लुछाचुडी र सहअस्तित्व, असंलग्न, निरस्त्रीकरण, हत्या, आतंक आदिबाट जन्मेको विसङ्गति र मान्छेले भोग्दै आएको घटना आफ्ना उपन्यासमा प्रस्तुत गरेका छन् ।

**लिलाम** उपन्यासमा बहादुरेको जीवनको अभाव, सन्त्रास र पलायनको चित्रण गरिएको छ । भोलि सर्वस्व लिलाम हुने मानसिक सन्त्रासले तामाकोसीमा आत्माहत्या गर्न हिँडेको बहादुरे परिवारको लागि भए पनि आफ्नो अस्तित्व खोज्न पुगेको छ । माइली कतै पनि साहारा नपाएर एक्लो महसुस गर्छे । हिजोसम्म झुत्ती खेल्ने सारा कुकुरहरूले छोडेकी कुकुर्नी जस्तो महसुस गर्छे । जसका कारणले उसमा रुनु कि हाँस्नु ? मर्नु कि बाँच्नु ? जस्ता कुराले विसङ्गत बोध गराएको छ । **साबिती** उपन्यासको 'म' पात्रको जीवन नै विसङ्गत छ । यसमा विसङ्गत जीवन बाँच्नुको निरीहता देखाइएको छ । साबितीमा उपन्यासकारले अस्पतालका डाक्टर, नर्सले विपन्न बिरामीप्रति गर्ने दुर्व्यवहार, पुलिस, हाकिम र कम्पाउण्डरले गर्ने गरेको विवश वेश्याहरूको शोषण, पञ्च नेताहरूको विलासित जस्ता विसङ्गतीपूर्ण जीवन भोगाई प्रस्तुत गरेका छन् । यसमा विसङ्गत धारणा, भोगाई, चरित्र र व्यवहारको चित्रण छ । उनको **सकस** उपन्यासले पनि विसङ्गत अवस्थाको चित्रण गरेको छ । निरपराध कठोर सजाय भोग्नुपर्ने शरदको जीवन नै विसङ्गत छ । हत्या, आतंक, आक्रमण, अभाव, लुछाचुडीको जालोभित्र जेलिएकी कुमारीको अस्तित्व नै विसङ्गतिको पर्दाले ढाकेको छ । बुढेसकालमा पीडित जीबाको असक्त जीवन भोगाइले पनि बाँच्ने जीवनप्रति विसङ्गत पैदा गरिदिएको छ । यसरी समाजमा रहेका वा देखा परेको विसङ्गत र विशेष अवस्थालाई उपन्यासका माध्यमबाट विसङ्गतिपूर्ण मानव जीवनको चित्रण गर्नु घिमिरेको प्रवृत्तिगत विशेषता देखिन्छ ।

## ५.१.४ प्रयोगवैचित्र्यता

परम्परागत उपन्यास लेखन शैलीलाई अनुसरण नगरी नवीन र मौलिक शैलीमा लेखिएको उपन्यासलाई प्रयोगवादी उपन्यास भनिन्छ । यस प्रकारका उपन्यासहरूमा नयाँ शैली, नयाँ ढाँचा र नवीन शिल्प पाइन्छ । घिमिरेका तीनवटै उपन्यासहरू फरक शैली र ढाँचामा लेखिनुले उपन्यास लेखनमा उनको प्रयोगवैचित्र्यता झल्किन्छ । उनको **साबिती** उपन्यासको कथावस्तु आख्यानबाट सुरु भएर बीच–बीचमा कवितांशको प्रयोग हुनु, उपन्यासको अन्त्य पनि कवितामै हुनुका साथै पात्रहरूको प्रयोगमा पनि प्रयोगवैचित्र्यता देखिन्छ । उनको **लिलाम** र **सकस** उपन्यासको तुलनामा **साबिती**मा कथाहीन अकथा, बिम्ब प्रतीकको अत्याधिक प्रयोग, व्यङ्ग्यात्मकता, नारी पात्रको भूमिका र प्रयोगमा न्यूनता, नायिका रहित कथा जस्ता प्रवृत्ति देखिन्छन् । अघिदेखि नै औपन्यासिक परम्परामा रहेको

नायिकाको स्थान हटाएर उनले आफ्नो उपन्यासमा नायकको मात्र उपस्थिति गराएर उपन्यास सिर्जना गर्नु घिमिरेको औपन्यसिक प्रवृत्ति हो । हुन त उनको **लिलाम** र **सकस** उपन्यासमा पनि स्त्री पात्रहरू प्रशस्त खडा भए पनि स्त्री पात्रहरूको भूमिका सहायक र गौण कथानक बिस्तारमा मात्र देखा परेको छ भने **साबिती**मा स्त्री पात्रको स्थान नगण्य नै देखिन्छ । यसरी नेपाली उपन्यास जगतमा प्रयोगवैचित्र्यता प्रस्तुत गर्नु उपन्यासकार जगदीश घिमिरेको अर्को औपन्यासिक प्रवृत्ति हो ।

## ५.१.५ ऐतिहासिकता

लिखित वा प्रमाणिक इतिहासको आधार लिएर लेखिएका उपन्यासलाई ऐतिहासिक उपन्यास भनिन्छ । यस्ता उपन्यासहरूमा ऐतिहासिक पात्र, घटना र वातावरणका आधारमा लेखकले कल्पनाद्वारा सजीवता प्रदान गर्ने काम गर्छन् । इतिहासमा उल्लेख भएकै पात्रहरूलाई उपन्यासकारले कल्पनाका सहायताले चित्रण गर्दछन् (ढुङ्गेल र दाहाल, २०५९ : १७०) । उपन्यासकार घिमिरेको **सकस** उपन्यासमा ऐतिहासिक विषयवस्तुको संयोजन गरेको पाइन्छ । **सकस** उपन्यासले अढाई सय वर्षे नेपालको इतिहासलाई प्रस्तुत गरेको छ । यसमा तत्कालीन समाजको सामाजिक, धार्मिक, राजनैतिक, आर्थिक, सांस्कृतिक इतिहासको यथार्थ चित्रण गरिएको छ । यसले राणाकालीन परिवेशमा पिल्सिनुपरेका तत्कालीन जनताहरूको यथार्थ चित्रण गरेको छ । उपन्यासकार घिमिरेमा इतिहास जस्तो छ त्यस्तै रूपमा प्रस्तुत गर्ने औपन्यासिक कलात्मकता पाइन्छ । तत्कालीन समाजको क्रमिक विकासको अवस्था र अन्य मानवीय प्रवृत्तिहरूको चित्रण **सकस** उपन्यासमा छ । समग्रमा **सकस** उपन्यास ऐतिहासिक यथार्थताको औपन्यासिक शैली र शिल्पले सुसज्जित एउटा सुन्दर र उत्कृष्ट दर्जाको उपन्यास बन्न पुगेको छ ।

## ५.१.६ राजनीतिक विकृतिको उद्घाटन

उपन्यासकार जगदीश घिमिरेले आफ्ना उपन्यासहरू मार्फत् राजनीतिमा देखिएका विभिन्न विकृतिहरूको उद्घाटन गरेका छन् । उनको **लिलाम** उपन्यासमा पञ्चायती व्यवस्थाका आडमा सर्वसाधारण जनताको शोषण गरिएको छ । पञ्चायती व्यवस्थामा विद्यमान राजनीतिक अस्तव्यस्तता र ढिलासुस्तीको प्रस्तुति यस उपन्यासमा गरिएको छ । **साबिती** उपन्यासमा प्रयुक्त 'म' पात्रमा राजनीतिक द्वन्द्वले पुऱ्याएको मानसिक द्वन्द्व प्रस्तुत

गरिएको छ । **साबिती** उपन्यासमा प्रयुक्त पुलिस, डाक्टर र नर्सका व्यवहारले तत्कालीन राज्य व्यवस्थामा हुने गरेका पेसागत विकृतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । **लिलाम** उपन्यासमा प्रस्तुत गरिएका मास्टर, वकिल र डाक्टरका माध्यमबाट पञ्चायती व्यवस्थामा विद्यमान पेसागत विकृतिलाई देखाइएको छ । **सकस** उपन्यास पनि राजनीतिक परिपाटीबाट मुक्त भएको छैन । राणाकालीन राजनीतिले होस् अथवा माओवादीकालको द्वन्द्वले निम्त्याएको राजनीतिक दङ्गा होस् । यसले त्यस्ता सबै किसिमका राजनीतिक परिपाटीलाई समेटेको छ । २०६२/०६३ सालको तराई आन्दोलन र त्यो आन्दोलनले नेपाली जनतामा भित्र्याएको आंतक र भयावहताको प्रस्तुति **सकस** उपन्यासमा पाइन्छ । माओवादीले सोझासिधा जनतामा आंतक मच्चाएर सत्ता कब्जा गर्ने हतियार बनाएको यथार्थताको प्रस्तुति यसमा छ । यसरी राजनीतिले भित्र्याएको विकृति र विसङ्गतिलाई आफ्ना उपन्यासका माध्यमबाट प्रस्तुत गर्न उपन्यासकार घिमिरे सफल देखिन्छन् ।

## ५.१.७ यौनविकृतिको चित्रण

जगदीश घिमिरेका उपन्यासहरूमा समाजमा विद्यमान यौनजन्य विकृति, विसङ्गतिको चित्रण गरिएको पाइन्छ । समाजमा भित्रभित्रै मौलाइरहेका यौनव्यभिचार, परपीडनका विकृतिहरू र मौन अपराधलाई उनका उपन्यासले प्रस्तुत गरेका छन् । घिमिरेको **लिलाम** उपन्यासमा बहादुरेकी छोरी माइली करवीर महर्जनकी मनोरञ्जनको साधन बन्नु, पम्फी दमिनीलाई आफ्नै गाउँका सम्भ्रान्त वर्गका व्यक्तिहरू मंगलध्वज र धनप्रसादले भोगविलासको साधन बनाउनु र आफ्नो कर्तुत नखुलोस् भनेर अनेक प्रलोभन देखाउँदै डाँडो कटाउनुले समाजका तल्लो वर्गका नारीहरूमाथि गाउँका ठूलाबढाले गरेको यौनशोषण र परपीडनका समस्यालाई प्रस्तुत गरेको छ । **साबिती** उपन्यासमा एउटै घरका ठूल्दिदी, आमा र छोरीको वेश्यावृत्तिले पिंढीगत नारी शोषण र उत्पीडनलाई प्रस्तुत गरेको छ । **सकस** उपन्यासमा पनि यौन विकृतिको चित्रण गरेको पाइन्छ । सानै उमेरमा आफन्त भनाउँदाहरूबाट बलात्कृत हुनु, लालले कुमारीका आमा छोरीलाई नै आफ्नो सिकार बनाउन खोज्नु, सडकमा बस्ने बेसाहारा लाटी समेत खेलौनाको साधन बनिनु जस्ता यौन विकृतिको यथार्थ चित्रण भएको घिमिरेका उपन्यासमा प्रष्ट देख्न सकिन्छ ।

### ५.१.८ कारुणिकताको चित्रण

उपन्यासकार जगदीश घिमिरेका उपन्यासहरू कारुणिक किसिमका रहेका छन् । समाजमा उपेक्षित, उत्पीडित र अपहेलित वर्गका मानिसका कारुणिक संवेदना पाठकसामु पस्केर सबैलाई त्यसमा सहभागी गराउँन घिमिरेका उपन्यास सफल देखिन्छन् । उनका उपन्यासका पात्रहरू आफूमात्र करुणामा डुब्ने होइन, आफ्ना करुणा पाठकलाई बाँडेर उनीहरूलाई पनि करुणामा डुबाउँछन् । उनको **सकस** उपन्यासमा सती प्रथाका बेलाका नारीहरूको कारुणिक अवस्थाको चित्रण जीवन्त छ । राणाकालीन समयका मानिसले भोग्नु परेको अन्याय, अत्याचार, दमन, शोषणको उदाङ्गो चित्रणले पाठकवर्गलाई समेत भाव विहवल बनाउँछ । माओवादीको द्वन्द्वकाल र तराई आन्दोलनका समयमा नेपाली जनताले भोग्नु परेको विभत्स पीडा र यातनाका यथार्थ चित्रणले उपन्यासलाई नै कारुणिक बनाएको छ । शरद र कुमारीले जीवनमा गर्नु परेका संघर्षले कारुणिकता सिर्जना गरेको छ । **लिलाम** उपन्यासमा जीवन बाँच्नका लागि बहादुरेले गर्नु परेका अनेक संघर्ष र लिलाम हुने डरले सबैका मनमा उत्पन्न त्रासद वातावरणले उपन्यासलाई कारुणिक बनाइदिएको छ । **साबिती** उपन्यासमा गरिबीका कारण खान नपाएका भोकका झोकमा झुप्रेनीले लोग्नेबाट कुटाई खानुपरेको अवस्थाले कारुणिकताको सिर्जना गरेको छ । 'म' पात्रको दयनीय अवस्थाले उपन्यासलाई कारुणिक बनाएको छ । यसरी आफ्ना उपन्यासमा करुणामयी वातावरणको चित्रण गर्ने कार्यमा घिमिरे सफल देखिन्छन् ।

### ५.१.९ मानवतावादी प्रवृत्ति

मानवले मानवलाई मानवताका दृष्टिले हेर्नु नै मानवतावादी प्रवृत्ति हो । यसमा मानवीय मूल्य र मान्यता, स्वतन्त्रता, स्वभिमानता र विश्व भ्रातृत्वजस्ता कुराहरू पर्दछन् । घिमिरेका तीनवटै उपन्यासहरूमा यो प्रवृत्ति पाइन्छ । आधुनिक समाजका मानवमा मानवता नभएको, सभ्यताका नाममा निम्नवर्गका मानिसलाई मानिस नदेख्ने प्रवृत्तिले गाँजेको र वर्गीय विभेदले पनि मानवीय सोचमा परिवर्तन आएको यथार्थता घिमिरेका तीनवटै उपन्यासमा पाइन्छ । आफ्नो सत्ता कब्जा गर्न र आंतक फैलाउन सत्ताधारीहरूले गरिब सोझासिधा जनतामाथि लागु गरेको निरकुंश शासन, ठूलाठालु वर्गका मानिसले निम्नवर्गका मानिसमाथि गरेको अत्याचार, नाबालिकाथिको बलात्कार, बुढेसकालमा आफ्नै सन्तानबाट तिरस्कृत र अपहेलित हुनुपरेको यथार्थको चित्रण गरेको **सकस** उपन्यासमा मानवतावाद मै

आघात परेको देखाइएको छ । उनको **लिलाम** उपन्यासमा सम्भ्रान्त वर्गले विभिन्न प्रलोभनमा पारी निम्नवर्गका मानिसप्रति गर्ने मानसिक र शारीरिक शोषणले पनि आजका मानिसमा मानवता भन्ने कुरा निखाँरिदै गएको कुरालाई देखाएको छ । **साबिती** उपन्यासको 'म' पात्र पनि मानिसको अमानवीय व्यवहारले प्रत्यक्ष–अप्रत्यक्ष प्रभावित छ । आफ्ना उपन्यासमा मानवतावाद झल्काउनु घिमिरेको अर्को औपन्यासिक प्रवृत्ति हो ।

## ५.१.१० भाषिक विशिष्टता

जगदीश घिमिरेका उपन्यासहरू भाषिक प्रयोगका दृष्टिले उच्च स्थानमा रहेका छन् । उनी आफ्ना उपन्यासमा परिवेश अनुकूल पात्र र पात्र अनुकूल भाषाको प्रयोग गर्छन् । उनका उपन्यासमा संस्कृत तत्सम् शब्दहरू र तद्भव शब्दहरूका साथै नेपालको उच्च सम्भ्रान्त वर्गदेखि लिएर निम्नवर्गका ग्रामीण भेगमा बोलिने स्थानीय भाषाहरूको प्रयोग भएको पाइन्छ । यसका अतिरिक्त हिन्दी, मैथिली, अङ्ग्रेजी र आगन्तुक शब्दहरूको पनि अत्याधिक प्रयोग गरेका छन् । उनका उपन्यासहरूमा विभिन्न शीर्षक, चिन्ह र अङ्कको प्रयोग गरी परिच्छेद विभाजन गरेको पाइन्छ । कतिपय अनुच्छेदको थालनीमा खाली ठाउँ (......) को प्रयोग पाइन्छ । नेपाली प्रचलित उखान, टुक्काका साथसाथै थेगोको प्रयोगले उपन्यासमा भाषिक विशिष्टता थपेको छ । छरितो भाषा, पुराण सम्मत शैली र ललित व्यङ्ग्यको प्रयोग र उपन्यासमा गद्यदेखि पद्यसम्मको शैली प्रयोग गर्न सक्ने घिमिरेको क्षमताले औपन्यासिक क्षेत्रमै नवीनता ल्याइदिएको छ । अनेकौं विचलनयुक्त वाक्य, समानान्तरयुक्त वाक्य झर्रा तथा ठेट नेपाली शब्दहरूको समुचित प्रयोग गर्ने घिमिरेको भाषिक प्रयोगमा थेगोको प्रयोगले वाक्यांशमा मिठास भरेको देखिन्छ । यसरी आफ्ना उपन्यासमा नेपाली झर्रा शब्दहरूलाई समुचित प्रयोग गरी भाषिक विशिष्टता कायम राख्नु घिमिरेको अर्को औपन्यासिक प्रवृत्ति हो ।

## ५.१.११ भय र त्रासको प्रस्तुति

उपन्यासकार जगदीश घिमिरे आफ्ना उपन्यासमा भय र त्रासद वातावरणको सिर्जना गर्न खप्पिस छन् । उनका तीनवटै उपन्यासमा भय र त्रासको जोडदार प्रस्तुति पाइन्छ । उनका उपन्यासमा प्रयुक्त पात्रहरू जीवनको भोगाइमा भय र त्रासको पीडा खपिरहेका हुन्छन् । जीवन भोगाइका अनेकौं पीडा र छट्पटीमा बाँचिरहेका हुन्छन् । उनीहरू समाजका

आदर्श, मर्यादा र अनुशासनको पालना गर्दागर्दै पनि आफ्नो इज्जत र प्रतिष्ठामा आघात पुग्ने त्रासमा बाँचिरहेका हुन्छन् । उनका उपन्यासका कतिपय पात्रहरू वास्तविकता प्रकट गर्न नसकेर आफैंभित्र भयावित देखिन्छन् भने कतिपय पात्र वास्तविकतासँग नै त्रसित हुन्छन् । ठूलाबडाको अन्याय, अत्याचार, शोषण र दमनका विरुद्ध विद्रोह गर्न नसकेर सन्त्रासको वातावरण सिर्जना भएको छ । **लिलाम** उपन्यासको नायक बहादुरे आफ्नो सम्पूर्ण जायजेथा लिलाम हुने भयले बाँचिरहेको छ भने दलवीरे रोसी खोलाले समान बगाउँदा खड्पूले साहूको डरले आत्महत्या गर्न बाध्य छ । **साबिती** मा पनि भय र त्रासको प्रस्तुति पाइन्छ । जसका कारण उपन्यासमा यथार्यता प्रस्तुत भएको देखिन्छ । उपन्यासका प्रयुक्त पात्रहरू ठूलाबडाका हैकम र शासनमा बस्न बाध्य देखिन्छन् । **साबिती** उपन्यासमा ठूलाबडाको हैकममा निम्न वर्गले आफ्नो मुख खोल्न सकेका छैनन् । घिमिरेको **सकस** उपन्यासमा पनि भय र त्रासको प्रस्तुति अत्याधिक रहेको छ । माओवादीको द्वन्द्वकालमा र तराई आन्दोलनका समयमा नेपाली जनताहरू भय र त्रासमा पिल्सिनुपरेको यथार्थता छ । भयकै कारणले आफ्नो बासस्थान छाडेर भाग्नु पर्ने स्थिति छ । **सकस**का पात्रहरू अनेक यातनाबाट त्रसित छन् । राजा महाराजाका हुकुममा दमाई र पोडेबाट बाहुनका स्वास्नी घिस्सिनु पर्ने, लोग्ने मरेपछि नचहाँदा नचहाँदै पनि स्वास्नीले सती जानु पर्ने बाध्यताले पनि उपन्यासमा भय र त्रासको वातावरण सिर्जना गरेको छ । आफ्ना उपन्यासमा यथार्थ प्रस्तुतिका लागि भयपूर्ण वातावरण सिर्जना गर्नु पनि घिमिरेको औपन्यासिक प्रवृत्ति रहेको पाइन्छ ।

## ५.१.१२ व्यङ्ग्यात्मक शैलीको प्रस्तुति

घिमिरेले आफ्ना उपन्यासमा समाजमा देखापरेका विसङ्गत र विकृत पक्षमाथि नै व्यङ्ग्य प्रहार गरेका छन् । अत्यन्त गम्भीर र संवेदनशील कुरालाई पनि सामान्य र तल्लो स्तरको कुरासँग जोडी पाठकको अन्तरालमा घोच्नु व्यङ्ग्यको एक तरिका हो (बराल र एटम, २०५६ : २६३) । व्यङ्ग्यले समाजमा देखापर्ने विकृति र विसङ्गतिका कुराहरूलाई कटु र तीक्ष्णताका साथ रूपान्तरण गर्ने र यथार्थ धरातलमा ओराल्ने हुँदा उपन्यासमा व्यङ्ग्यको महत्त्वपूर्ण स्थान रहन्छ । घिमिरेका तीनवटै उपन्यासमा विकृति र विसङ्गतिप्रति प्रचुर व्यङ्ग्यको प्रयोग गरिएको छ । **लिलाम** उपन्यासमा समाजमा रहेका शोषकहरूप्रति व्यङ्ग्य प्रहार गरिएको छ । **साबिती** उपन्यासमा विभिन्न पेसामा संलग्न व्यक्तिहरूले आफ्नो

पेसाअनुसारको काम नगरेकामा व्यङ्ग्य प्रहार गरिएको छ । प्रेमको अभिनय गर्दै देखावटी प्रेम गर्नेहरूप्रति व्यङ्ग्य गरिएको छ । **सकस**मा समाजमा देखा परेको बाल बलात्कार, जेलमा हुने गरेको र गर्ने गरेको कठोर यातनाको व्यवहारका साथसाथै विद्यार्थी वर्गले विभिन्न पार्टीमा लागेर मच्चाएको आतंकप्रति व्यङ्ग्य प्रहार गरिएको छ । यसरी घिमिरेले आफ्नो उपन्यासमा समाजमा देखे भोगेका विषयवस्तुप्रति व्यङ्ग्य प्रस्तुत गर्नु उनको अर्को औपन्यासिक प्रवृत्ति हो ।

## ५.२ निष्कर्ष

उपन्यासकार जगदीश घिमिरेको उपन्यास लेखनको समयावधि वि.सं. २०२७ देखि २०६९ सम्म रहेको छ । यस अवधिमा लेखिएका उनका उपन्यासको औपन्यासिक विशेषता तथा प्रवृत्तिहरू केलाउँदा सुरुका चरणमा घिमिरे सामाजिक यथार्थवादी प्रवृत्तिका देखिन्छन् ।यसका अतिरिक्त उनका उपन्यासमा आलोचनात्मक यथार्थवादी प्रवृत्ति पनि देखा पर्दछ । घिमिरेले आफ्ना उपन्यासमा आञ्चलिकताका साथै समाजका असङ्गत र विसङ्गत कुराहरूलाई आफ्ना उपन्यासका माध्यमबाट प्रस्तुत गरेका छन् । प्रयोगवैचित्र्यता र भाषिक विशिष्टता घिमिरेका उपन्यासमा प्रयोग भएको औपन्यासिक प्रवृत्तिको अर्को पाटो हो । विसंगतिवादी, राजनीतिक र यौन विकृतिको चित्रण, कारुणिकता, मानवतावाद जस्ता प्रवृत्तिको प्रयोग उनका उपन्यासमा पाइन्छ । समाजका कुसंस्कार र कुप्रवृत्तिहरूमाथि व्यङ्ग्य प्रहार गर्दै समाज सुधारको चाहना उनका उपन्यासमा देखिन्छन् । उनका उपन्यासको अध्ययनका क्रममा विभिन्न प्रवृत्तिहरू देखिए पनि सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद र प्रयोगवैचित्र्यता जस्ता प्रवृत्ति उनको उपन्यास लेखनको महत्त्वपूर्ण प्रवृत्ति ठर्दछन् ।

### छैटौं परिच्छेद

## शोधको निष्कर्ष

**जगदीश घिमिरेको उपन्यासकारिता** शीर्षकको प्रस्तुत शोधपत्र जम्मा छ परिच्छेदमा संरचित छ । पहिलो परिच्छेदको **शोध परिचय** र छैटौं परिच्छेदको **शोधको निष्कर्ष** शोधपत्रका अनिवार्य खण्ड हुन् । दोस्रो परिच्छेदको **जगदीश घिमिरेको उपन्यासयात्रा** तेस्रो परिच्छेदको **जगदीश घिमिरेका उपन्यासहरूको संरचनागत वैशिष्ट्य** चौथौ परिच्छेदको **जगदीश घिमिरेका उपन्यासहरूको भाषाशैलीगत वैशिष्ट्य** र पाँचौ परिच्छेदमा **जगदीश घिमिरेका औपन्यासिक प्रवृत्तिहरू** यी खण्डहरू प्रायोगिक खण्डका रूपमा आएका छन् ।

वि.सं. २००२ चैत्र २८ गते रामेछापको मन्थलीमा जन्मिएका जगदीश घिमिरेले बाबुको जागीरकै सिलसिलामा विभिन्न क्षेत्रमा भ्रमण गर्दै आफ्नो अध्ययनलाई अगाडि बढाउने अवसर पाएँ । उनले औपचारिक शिक्षाका रूपमा कोलम्बो प्लान अन्तर्गत भारतको पटना विश्वविद्यालयबाट समाजशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेका छन । औपचारिक शिक्षाका साथै प्रशस्तै स्वअध्ययन गरेका घिमिरेका साहित्यिक र साहित्येतर व्यक्तित्व महत्त्वपूर्ण रहेका छन् । साहित्यका कविता, निबन्ध, नाटक, समालोचना, कथा, उपन्यास, संस्मरण आदि विविध क्षेत्रमा कलम चलाएका घिमिरेको उपन्यास विधा पनि फस्टाएको छ । पत्रकारिता पेशाका साथै विभिन्न पत्रिका मार्फत आफ्ना सिर्जनाहरू प्रस्तुत गर्दै साहित्य यात्राको प्रारम्भ २०२१ सालदेखि गरेका हुन् । कविता विधाबाट साहित्यिक यात्रामा प्रवेश गरेका घिमिरे हालसम्म पनि साहित्य सिर्जना र कृति प्रकाशनमा निरन्तर लागिरहेका छन् । उनका हालसम्म प्रकाशित कृतिहरू **लिलाम** (२०२७), **जगदीशका कथाहरू** (२०२९), **कविता र संस्मरण** (२०३४), **अन्तर्गमनको यात्रा** (२०६६), **सकस** (२०६९) रहेका छन् । विभिन्न साहित्येतर व्यक्तित्वमध्ये उनको सामाजिक व्यक्तित्व विशेष महत्त्वपूर्ण रहेको छ ।

साहित्य यात्राको प्रथम चरणमा नै विभिन्न विधामा प्रवेश गरेका घिमिरेको यो चरणका **लिलाम** र **साबिती** उपन्यास रचनात्मक सचेतताका दृष्टिले सबल देखिन्छन् । विषयगत भाव भूमिलाई हेर्दा तत्कालीन मानव जीवन र समाजको यथार्थ चित्रण गर्दै समाजमा विद्यमान विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्न उनका **लिलाम** र **साबिती** उपन्यास सफल छन् । उनको औपन्यासिक यात्राको दोस्रो चरणको **सकस**

उपन्यासले नेपाली उपन्यास जगतमै नौलो आयाम ल्याएको छ । यसले नेपालको अढाइ सय वर्षे इतिहास र वर्तमान राजनीतिक परिवेशलाई प्रस्तुत गरेको छ । उनका अन्य कथा, कविता, निबन्ध, संस्मरण आदिले उनलाई सफल साहित्यकार बन्न सघाएका छन् ।

नेपाली साहित्यमा 'उपन्यास' पनि आख्यान विधाअन्तर्गत नै पर्दछ । आख्यान शब्दको शाब्दिक अर्थ कथन, वर्णन, वृत्तान्त, कथा कहानी आदि हुन्छ । आख्यान भन्नाले बनाइएको कथा भन्ने बुझिन्छ । गद्यमा लेखिएको निर्मित पात्र, घटना र परिवेश आदिको उपस्थिति भएका रचनाहरूलाई आख्यान विधाअन्तर्गत राखिन्छ । उपन्यास पनि चरित्र, घटना र परिवेशलाई समेटेको कथावस्तु भएको एउटा गद्यात्मक रचना हो । उपन्यासका तत्त्वका सम्बन्धमा विभिन्न विद्वान्हरूले भिन्न भिन्न मत प्रकट गरे पनि उनीहरूका तत्त्वगत धारणाको आधारबाट हेर्दा उपन्यासका तत्त्वहरूमा मुख्यतः कथानक, चरित्रचित्रण, परिवेश, भाषा, शैली, दृष्टिबिन्दु र उद्देश्य पर्दछन् । यिनै तत्त्वहरूका आधारमा उपन्यासकार जगदीश घिमिरेका उपन्यासको विश्लेषण गरिएको छ ।

उपन्यासकार जगदीश घिमिरेको **लिलाम** उपन्यास वि.सं. २०२७ रत्न पुस्तक भण्डारबाट प्रथम पटक प्रकाशित भएको प्रथम पुस्तकाकार कृति हो । जम्मा त्रियानब्बे पृष्ठ संख्यामा संरचित यस उपन्यासले पूर्वी नेपालको रामेछाप, मन्थलीलाई मुख्य परिवेश बनाएको छ । पूर्वी पहाडी भेगको तामाकोसी र सुनकोसी तटीय क्षेत्रमा बसोबास गर्ने निम्न वर्गीय नेपालीहरूको रहनसहन र सांस्कृतिक परिवेशको चित्रण गरेर तयार पारिएको यो उपन्यास आञ्चलिक उपन्यास हो । नेपाली समाजमा बसोबास गर्ने उपेक्षित तल्लो वर्गका मानिसहरूमाथि माथिल्लो वर्गका मानिसहरूले गरेका शोषण, दमन र गलत राजनीतिक दुराचारलाई यस उपन्यासले प्रस्तुत गरेको छ । उपन्यासमा नेपाली समाजका यथार्थ चरित्रका माध्यमबाट नेपाली समाजमा घटेका र घट्न सक्ने घटनाहरूलाई यथार्थपूर्ण ढङ्गले प्रस्तुत गरिएको छ । समाजका विभिन्न विकृति र विसङ्गतिलाई व्यङ्ग्य गर्दै मानिसका कुप्रवृत्तिमाथि आलोचना गरिएको छ । 'लिलाम' उपन्यासका माध्यमबाट घिमिरेले ग्रामीण नेपाली समाजका शोषणका विभिन्न रूपहरूलाई आलोचनात्मक ढङ्गमा प्रस्तुत गर्दै शोषित चरित्रमा उग्र विद्रोहको भावना पनि जागरित गराउन खोजेका छन् । यसरी समाजका यथार्थ घटनाहरूमाथि तीव्र आलोचना

गरिएको हुँदा **लिलाम** नेपाली उपन्यास परम्परामा आलोचनात्मक यथार्थवादी उपन्यास बनेको छ ।

वि.सं. २०३२ सालमा रत्न पुस्तक भण्डारबाट प्रकाशित साबिती जगदीश घिमिरेको दोस्रो उपन्यास हो । जम्मा चौसट्ठी पृष्ठमा संरचित यो उपन्यास लिलाम का तुलनामा केही सानो आकारको छ । औपन्यासिक तत्त्वका दृष्टिले हेर्दा यो उपन्यासमा कथानक र चरित्रचित्रणमा नवीनता आएको देखिन्छ । उपन्यासमा घिमिरेले नवीन शिल्प शैलीको प्रयोग गरेका छन् । आख्यानबाट थालिएर बीच-बीचमा कविताका अंशहरूको प्रयोग गरिएको यो उपन्यासको अन्त्य पनि कवितामै भएको छ । घिमिरेले यस उपन्यासमा यथार्थलाई नङ्ग्याएर समाजका विसङ्गति, विकृति र विद्रूपतामाथि व्यङ्ग्य प्रहार गरेका छन् । **साबिती** उपन्यासमा घिमिरेको वैयक्तिक आक्रोश विद्रोहजनक छ । नेपालको तत्कालीन राज्य व्यवस्थाले नेपालका युवा वर्गमा परेको असर, नारीमाथिका दमन र उत्पीडनलाई उपन्यासले प्रस्तुत गरेको छ । आधुनिक नेपाली उपन्यास परम्परामा प्रयोगवादी धारा अन्तर्गत पर्ने यो उपन्यासले उपन्यासकार घिमिरेलाई परिपाटीमुक्त उपन्यासकारका रूपमा चिनाउँछ । **साबिती** उपन्यासमा कतै कतै समाजवादी देखिने घिमिरेले नेपाली समाजका उच्च वर्गले निम्न वर्गमाथि गरेको शोषण र उत्पीडनको विद्रोह गरेका छन । यस उपन्यासमा उपन्यासकारको आफ्नै किसिमको अराज्यवादी वैचारिकता व्यक्त भएको छ । जून सुदूर भविष्यको पूर्ण समतावादी काल्पनिक विचारका रूपमा रहेको छ । नेपाली उपन्यास जगतमा नायिका रहित पहिलो उपन्यासका रूपमा रहेको **साबिती** मा प्रस्तुत भएका कथावस्तु, नायक, नायिका र घटनाक्रमको रिक्तता महसुस हुन्छ । उपन्यासको सुरुदेखि अन्त्यसम्म उत्कृष्ट काव्यको नमुना भएको यो उपन्यास प्रयोगवादी उपन्यास हो ।

**सकस** वि.सं. २०६९ मा जगदीश घिमिरे प्रतिष्ठान्बाट प्रकाशित घिमिरेको दोस्रो चरणको उपन्यास हो । जम्मा ३०६ पृष्ठमा संरचित यो उपन्यास घिमिरेका पूर्वार्ध चरणका उपन्यासभन्दा ठूलो आकारको छ । **सकस**ले अढाइ सय वर्ष अघि देखिको नेपालको इतिहास र वर्तमान समयको राजनीतिक परिवेश अनि त्यसले निम्त्याएको अस्तव्यस्ततालाई विषयवस्तुका रूपमा समेटेको छ । नेपाली आख्यानमा सर्वथा नवीन बान्की बोकेको **सकस** नेपाली साहित्यकै मूल्यवान धरोहर हो । यस उपन्यासमा घिमिरेले

कहालीलाग्दो इतिहास, मूल्यक्षय हुँदै गएको वर्तमान राजनीतिक यथार्थ अनि त्यसले निम्त्याएको डर लाग्दो भयावहतालाई जीवन्त रूप दिँदै कथानकका रूपमा प्रस्तुत गरेका छन् । संस्मरणात्मक शैलीमा लेखिएको यो उपन्यास आलोचनात्मक यथार्थवादी धारा अन्तर्गत पर्दछ । अन्य उपन्यासकारका उपन्यासको दाँजोमा पृथक रहेको **सकस** उपन्यासमा इतिहास, दर्शन र विचार धाराले व्यापकता पाएको छ । नेपाली आख्यान साहित्यकै एक अनुपम प्राप्तिका रूपमा रहेको यो उपन्यासमा छरितो भाषा, पुराणसम्मत शैली र ललित व्यङ्ग्यको प्रयोग भएको छ । यसमा विभिन्न समयमा चर्किएका राजनैतिक दङ्गा र त्यसबाट नेपाली जनताले भोग्नु परेको अन्याय, अत्याचार, दमन र शोषणको यथार्थ चित्रण गरेका छन् । निर्दोष जनताहरूले खेप्नु परेको दुर्नियतिको चित्रण छ ।

उपन्यासकार जगदीश घिमिरेका **लिलाम, साबिती** र **सकस** गरी हालसम्म तीनवटा उपन्यासहरू प्रकाशित छन् । यिनै तीनवटा उपन्यासहरूका आधारमा उनमा सामाजिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, प्रयोगवाद आञ्चलिकता, विसङ्गतिवाद, राजनीतिक विकृतिको उद्घाटन, नारीवाद, ऐतिहासिकता, यौन विकृतिको चित्रण, नवीन भाषाशैलीको प्रयोग, भय र त्रासको प्रस्तुति जस्ता प्रवृत्तिहरू रहेको देखिन्छ । उनमा यी प्रवृत्तिहरू औपन्यासिक प्रवृत्तिका रूपमा आए पनि आलोचनात्मक यथार्थवाद, सामाजिक यथार्थवाद, प्रयोगवाद र नवीन भाषाशैली उनका महत्त्वपूर्ण प्रवृत्तिहरू ठहर्छन् ।

वि.सं. २०२० को दशकदेखि नेपाली साहित्यमा प्रवेश गरेका घिमिरेले आधुनिक नेपाली उपन्यास जगतमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । नेपाली साहित्यका क्षेत्रमा बहुविध व्यक्तित्वका धनी घिमिरेले विभिन्न काल खण्डहरूका विभिन्न कृतिहरूको सिर्जना गरे पनि आधुनिक नेपाली उपन्यास मार्फत् समाजका साँस्कृतिक, ऐतिहासिक, आर्थिक, राजनीतिक तथा प्रशासनिक विसङ्गतिका माध्यमबाट समाज सुधारको चेतनालाई अभिव्यञ्जित गरेका छन् । समाजमा विकृति र विसङ्गति जन्माउने जिम्मेवार पक्षहरूलाई यथाशीघ्र निर्मूल पार्नु पर्ने संकेत पाइनुका साथै स्वस्थ्य र सबल समाजको निर्माण गर्नु पर्ने चेतना उनका उपन्यासहरूले प्रस्तुत गरेका छन् । लगभग पाँच दशक अघिदेखि साहित्य सिर्जनामा लागेका घिमिरे नेपाली उपन्यास जगतका एक कुशल उपन्यासकार हुन । उनको **लिलाम** उपन्यासले समाजमा घटेका र घट्न सक्ने सम्भावित घटनाहरूलाई यथार्थपूर्ण ढङ्गले प्रस्तुत गरेका छन् । यस उपन्यासमा परिवेश अनुकूल पात्र र

पात्र अनुकूल भाषाको प्रयोग गरिएको छ । **साबिती** उपन्यास कथानक, चरित्र आदि आख्यानका संरचक घटकका आधारमा र काव्यात्मक शैलीको प्रयोगले प्रयोगवादी उपन्यास बनेको छ । हालसम्मको उनको अन्तिम उपन्यास **सकस** हो । यसमा देशको इतिहास र वर्तमान समयको राजनीतिक अस्थिरताको यथार्थपूर्ण प्रस्तुति रहेको छ । इतिहास, दर्शन र विचार धाराले व्यापकता पाएको यो उपन्यासले नेपाली जनताको वास्तविक जीवनलाई समेटेको छ । घिमिरेका यी तीनैवटा उपन्यासले नेपाली साहित्यका क्षेत्रका आलोचनात्मक यथार्थवाद, सामाजिक यथार्थवाद र प्रयोगवाद गरी छुट्टाछुट्टै धार समेटेकाले नेपाली साहित्यमा उनका यी तीनै उपन्यासको स्थान महत्त्वपूर्ण रहेको छ ।

# सन्दर्भ सामग्री सूची


अब्राम्स, एम.एच. (सन् २०००), **ग्लोसरी अफ लिटरसी टर्म्स**, दिल्ली : प्रिजम बुक्स प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई (२०६३), **प्रयोगात्मक नेपाली शब्दकोश,** दोस्रो संस्क., काठमाडौँ : विद्यार्थी प्रकाशन ।

अर्याल, भैरव (२०६५), *साबिती,* **साबिती,** तेस्रो संस्क., रामपछोप : जगदीश घिमिरे प्रतिष्ठान ।

आप्टे, वामन शिवराम (सन् १९६९), **संस्कृत-हिन्दी कोश,** दोस्रो संस्क., दिल्ली : मोतीलाल बनारसीदास पब्लिसर्स प्रा.लि. ।

आचार्य, गिरीराज (२०६५), *केही पत्र लेखकलाई, केही पत्र सम्पादकलाई,* **साबिती**, तेस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. ११३ ।

इ.एम., फाँस्टर (सन् १९८५), **अक्सफोर्ड अफ नोबेल,** इङ्गल्याण्ड : पेन्गुइन बुक्स ।

उपाध्याय, केशवप्रसाद (२०४४), **साहित्य-प्रकाश**, चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।

कोइराला, खेम (२०६५), *लिलाम,* **लिलाम,** दोस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. ११२ ।

खरेल, यादव (२०६५), *साबिती,* **साबिती,** तेस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. १०५ ।

गौतम, शिवप्रसाद (२०६२), **जगदीश घिमिरेको उपन्यासको अध्ययन र विश्लेषण**, काठमाडौँ : नेपाली शिक्षण समिति, रत्नराज्य लक्ष्मी क्याम्पस स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

घर्ती, दुर्गाबहादुर (२०६७), **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्र विधान**, ललितपुर : साझा प्रकाशन ।

घिमिरे, जगदीश (२०६५) *मेरो कुरा,* **लिलाम,** दोस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. १०२ ।

………, (२०६५), *अराज्यवादको राज्य हुँदैन,* **साबिती,** तेस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. ८१-८४ ।

………, (२०६५), **अन्तर्मनको यात्रा**, सातौँ संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

………, (२०६५), **साबिती,** तेस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

………, (२०६५), **लिलाम,** दोस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

………, (२०६९), **सकस,** रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

घिमिरे, प्रतिक (२०७०), **सकस मन्थन**, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

घिमिरे, भवानी (२०६५), *साबिती र युगबोध,* **साबिती**, तेस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. १०२-१०३ ।

ढकाल, नारायण (२०६५), *लिलाम : इतिहासबोधको जीवन्त दस्तावेज,* **लिलाम,** दोस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. ९७-१०१ ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५९), **नेपाली कथा र उपन्यास**, काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीब्युटर्स ।

दीक्षित, मदनमणि (२०६५), *साबिती र युगबोध : एक परिचर्चा,* साबिती, तेस्रो संस्क. रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. ८५-८७ ।

धीरेश्वर (२०६५), *साबितीको गाताको अन्तिम पाता,* **साबिती,** तेस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. १०१ ।

नेपाल, ज्ञानमणि (२०६९), आवरण लेख, **सकस,** रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४३), **नेपाली उपन्यास र उपन्यासकार,** दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि**, दार्जिलिङ : दीपा प्रकाशन ।

प्रधान, प्रमोद (२०६५) *केही पत्र लेखकलाई केही पत्र सम्पादकलाई,* **साबिती,** तेस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. ११४ ।

प्रकाश, कैलाश (सन् १९६२), **प्रेमचन्द्र पूर्वहिन्दी उपन्यास**, दिल्ली : हिन्दी साहित्य संसार ।

पाण्डे, नयनराज (२०७०), *त्यो बेलादेखि यो क्षणसम्मको कथा : सकस,* **सकस मन्थन,** रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

पारिजात (२०६५), आवरण लेख, **लिलाम,** दोस्रो संस्क., रामेछापः जगदीश घिमिरे प्रतिष्ठान ।

पौडेल, विष्णुप्रसाद (२०६८), **जगदीश घिमिरेका साहित्यिक रचनाहरूको अनुशीलन**, रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान ।

पौडेल, बैकुण्ठप्रसाद (२०५६), **जगदीश घिमिरेको जीवनी, व्यक्तित्व र कृति□व,** काठमाडौँ : त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

बराल, ऋषिराज (२०५६), **उपन्यासको सौन्दर्यशास्त्र**, ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम् (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**, तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६५), *विषाक्त भोगाइको मूर्तरूप साबिती,* **साबिती,** तेस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. ८७-९६ ।

.........., (२०६५), *अहिले मात्र थाहा भयो साबितीमा यस्तो दादावादी छाँया परेको थियो,* **साबिती,** तेस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. ६७-७६ ।

भट्ट, आनन्ददेव (२०६५) *साबितीका सम्बन्धमा,* **साबिती**, तेस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. १०४ ।

भेटवाल, देवका (२०६६), **जगदीश घिमिरेको आख्यानकारिता**, काठमाडौँ : त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र ।

राई, इन्द्रबहादुर (२०६५), *लिलाम,* ***लिलाम,*** दोस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. ११४ ।

विष्ट, दौलतविक्रम (२०६५) *साबिती* ***साबिती,*** तेस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. १०१ ।

विश्वकर्मा, टी.आर. (२०६५), लिलाम *उपन्यासमा,* **लिलाम,** दोस्रो संस्क., रामेछाप : जगदीश घिमिरे प्रतिष्ठान, पृ. ११५-११७ ।

शर्मा, मोहनराज (२०५५), **समकालीन : समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

..........., (२०४८), **शैली विज्ञान**, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०६३), **नेपाली निबन्ध,** भाग-३, चौथो संस्क., घण्टाघर, काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

..........., (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, वाराणसी : भूमिका प्रकाशन ।

हड्सन, डब्लू. एच., (सन् १९९४) **एन् इन्ट्रोइक्सन टु स्टडी अफ लिटरेचर**, दिल्ली : कल्यानी पब्लिसर्स ।